काठमाडौं, नेपालगन्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

# नागरिक

दैनिक

**आर्थिक**
सडक मर्मत गर्न मात्रै १० अर्ब माग

**समाचार**
नाकै ठोक्किने डरलाग्दो पहाडमा धार्मिक तथा पर्यटकीय गन्तव्य मालिकाधुरीको एउटै थुम्कोमा त्रिदेवीको बास



**जितसँगै टुंगियो चेन्नईको आइपिएल यात्रा**
विश्वकै सबैभन्दा ठुलो क्रिकेट स्टेडियममा पहिले ब्याटिङ गर्दै चेन्नईले पाँच विकेटको क्षतिमा दुई सय ३० रनको विशाल योगफल खडा गरेको थियो ।

वर्ष १७, अंक ३३, पृष्ठ ८, सोमबार १२ जेठ २०८२, ज्येष्ठ कृष्णपक्ष चतुर्दशी, Monday, 26 May , 2025, नेपाल संवत् ११४५, मूल्य- १०/- nagariknews.com

## द्वन्द्वपीडितसँग मागियो उजुरी, महिला सञ्जालद्वारा आपत्ति

**भाषा शर्मा**

*काठमाडौं, जेठ ११*

सशस्त्र द्वन्द्वका बेला यौन हिंसाबाट पीडित भएकाहरूलाई सार्वजनिक रूपमै उजुरी मागिएको भन्दै आपत्ति जनाइएको छ। नयाँ पदाधिकारीले नियुक्ति सम्हालेलगत्तै सत्यनिरूपण तथा मेलमिलाप आयोगमा सशस्त्र द्वन्द्वका पीडित, यौन हिंसापीडित छुटेका भए उजुरी दिन आह्वान गरेपछि आपत्ति जनाइएको हो। द्वन्द्वपीडितका असहमतिका बाबजुद नियुक्त पदाधिकारीले पहिलो कामका रूपमा उजुरी आह्वान गरेका हुन्।

संक्रमणकालीन न्यायको प्रक्रिया टुंगोमा पुर्‍याउन २०७१ सालमा पहिलो पटक दुईवटा आयोग गठन भएका थिए। ती आयोगमा हाल सरकारले तेस्रोपटक पदाधिकारी नियुक्ति गरेको हो। पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको संयोजकत्वमा बनेको पाँच सदस्यीय सिफारिस समितिले पदाधिकारी छनोट गरेपछि सरकारले नियुक्ति गरेको हो। द्वन्द्वपीडित समुदाय भने दुवै आयोगमा पदाधिकारी नियुक्तिको प्रक्रियादेखि नै असन्तुष्ट छन्। यौन हिंसाका उजुरी माग गरेको सूचनाले झनै पीडितको आत्मसम्मानमा ठेस पुगेको उनीहरूले बताएका छन्।

द्वन्द्वपीडित महिला राष्ट्रिय सञ्जालका तर्फबाट अध्यक्ष गीता रसाइलीद्वारा जारी विज्ञप्तिमा यौन हिंसाका पीडितका लागि गरिएको सूचनाप्रति आपत्ति जनाइएको छ। सूचनामा संवेदनशीलता नदेखिएको टिप्पणी गरिएको छ।

बाँकी पृष्ठ २

## सहमहामन्त्री सुमनाको राजीनामा स्वीकृत



काठमाडौं, जेठ ११ (नागरिक)- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले सहमहामन्त्री सुमना श्रेष्ठ र प्रशिक्षण विभाग प्रमुख अनिलकेशरी शाहले पदबाट दिएको राजीनामा स्वीकृत गरेको छ। आइतबार बसेको पार्टी केन्द्रीय समिति बैठकले श्रेष्ठ र शाहले पदबाट दिएको राजीनामा स्वीकृत गरेको हो।

श्रेष्ठले पार्टीमा 'एक पद एक व्यक्ति' हुनुपर्ने बताउँदै सहमहामन्त्री पदबाट राजीनामा दिएकी थिइन्। उनी अहिले प्रतिनिधिसभा सदस्य हुन्। यस्तै शाहले प्रशिक्षण विभाग प्रमुखको जिम्मेवारीमा रहेर नेतृत्व विकासका लागि काम गर्ने सोचे पनि पार्टीले त्यसमा प्राथमिकता नदिएकाले आफूले राजीनामा दिएको बताएका छन्।

**यो पनि** रविन सायमि




पढ्नुहोस्
nagariknews.com
www.nagariknews.com

# मानव तस्करीको जालोमा मन्त्रालयदेखि एयरलाइन्ससम्म




**टपेन्द्र कार्की**

*काठमाडौं, जेठ ११*

### भिजिट भिसा प्रकरण

**मानव तस्करीमा गृह मन्त्रालयका कर्मचारी नै संलग्न रहेको प्रहरी अनुसन्धानले दुई वर्षअघि देखाए पनि दोषीलाई कारबाहीको दायरामा नल्याईकन ढिसमिस पारिएकाले यसले निरन्तरता पाइरहेको स्रोतको दाबी छ।**

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भिजिट भिसाको आवरणमा अध्यागमन कार्यालयका कर्मचारी, सुरक्षाकर्मी, एयरलाइन्सका कर्मचारी र ट्राभल एजेन्सीहरूको मिलेमतोमा मानव तस्करी हुने गरेको छ। दुई वर्षअघि तत्कालीन गृहमन्त्री नारायणकाजी श्रेष्ठको पालामा नेपाल प्रहरीको उपत्यका अपराध अनुसन्धान कार्यालयले करिब एक हजार ६ सय राहदानीमाथि गरेको अनुसन्धानले यो तथ्य देखाएको हो। अहिले पनि गृहमन्त्रीको सचिवालयका कर्मचारीहरूसँगको सेटिङमा भिजिट भिसामा मानव तस्करी भइरहेको स्रोतको दाबी छ।

भिजिट भिसाको आवरणमा मानव तस्करीमा संलग्न रहेको आरोपमा केही दिनअघि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका प्रमुख तीर्थराज भट्टराईलाई गृह मन्त्रालयमा तानिएको छ। उनीसँगै खगेन्द्र सुवेदी, कविता पौडेल र ग्रिन होलिडेज ट्राभलका बालकृष्ण खड्का अनुसन्धानमा तानिएका छन्। उनीहरूमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गरिरहेको छ। उनीहरूले यसमा गृह मन्त्रालयका उच्च अधिकारीसहित गृहमन्त्रीको सचिवालयमा कार्यरत कर्मचारीको समेत संलग्नता रहेको बताएको अख्तियार स्रोतको दाबी छ।

मानव तस्करीमा गृह मन्त्रालयका कर्मचारी नै संलग्न रहेको दुई वर्षअघिको प्रहरी अनुसन्धानले देखाए पनि दोषीलाई कारबाहीको दायरामा नल्याईकन ढिसमिस पारिएकाले यसले निरन्तरता पाइरहेको स्रोतको दाबी छ। भिजिट भिसामा विदेश पठाउनेमा विमानस्थलका कार्यालयका तत्कालीन अध्यागमन अधिकृत नरवीर खड्कासहित नौ जनाको संलग्नता देखिएको थियो। अधिकृत खड्का माओवादी केन्द्रनिकट थिए। त्यतिबेला विमानस्थल अध्यागमन कार्यालयमा कार्यरत खड्का, विमल पौडेल, ताराबहादुर कुँवर, कुशल बराल, शैलेन्द्र ढकाल, विकास डंगोल, पीताम्बर रिमाल, सुजन फागो मानव तस्करीमा संलग्न रहेको अनुसन्धानबाट देखिएपछि उनीहरूविरुद्ध प्रहरीले अदालतमा मुद्दा दायर गरेको थियो।

साथै प्रहरीले लिखत किर्ते तथा संगठित अपराधसम्बन्धी कसुरमा गीता शाह, अरुण दाहाल, सरोजकुमार यादव र गणेश पाण्डेलाई पनि प्रतिवादी बनाएर अदालतमा पठाएको थियो। यसको अनुसन्धान उपत्यका अपराध अनुसन्धान कार्यालयका तत्कालीन डिएसपी गोविन्द पन्थीले गरेका थिए।

भिजिट भिसाको आवरणमा भइरहेको मानव तस्करीमा गृह मन्त्रालय र गृहमन्त्रीको सचिवालयका कर्मचारीको पनि संलग्नता भएको अभिव्यक्ति आइरहेका छन्। त्यतिबेला अनुसन्धान गरिरहेका पन्थीको सरुवासमेत भएको थियो। २०८० असोज १९ गते एक हजार ६ सय ४१ थान राहदानी उपत्यका अपराध अनुसन्धान कार्यालयमा अनुसन्धानका लागि पठाइएको थियो। त्यतिबेला यो मामिलामा अनुसन्धान गरिरहेका बेला आफूलाई अनुसन्धानबाट हटाइएको अभिव्यक्ति पन्थीले दिएका छन्।

भिजिट भिसामा हुने मानव तस्करी रोक्न भनेर प्रहरी प्रधान कार्यालयले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा मानव बेचबिखन तथा अनुसन्धान ब्युरोको टोली खटाएको थियो। तर २०८० असोजमै मानव बेचबिखन ब्युरोको टोलीलाई विमानस्थलबाट हटाइएको थियो। प्रहरीले पुनः ब्युरोको टोलीलाई विमानस्थलमा पठाएको भए पनि अध्यागमनका कर्मचारीहरूले विरोध गरेपछि फिर्ता गरिएको थियो।

बाँकी पृष्ठ २

## कांग्रेस दुई धारमा

**नागरिक संवाददाता**

*काठमाडौं, जेठ ११*

केपी शर्मा ओलीको नेतृत्वमा सरकार गठन भएदेखि नै पक्ष र विपक्षमा विभाजित नेपाली कांग्रेसभित्रको आन्तरिक विवाद थप बढ्दै गएको छ। ओली नेतृत्वको सरकारका गृहमन्त्रीसमेत रहेका पार्टी केन्द्रीय सदस्य रमेश लेखकका विषयमा पनि कांग्रेसभित्र मे मतभेद देखिएको छ।

कांग्रेसका नेताहरूले सरकारप्रति एकपछि अर्को प्रश्न गरिरहेका बेला प्रधानमन्त्री ओलीको कार्यशैलीलाई लिएर पनि गठबन्धनभित्र अविश्वास बढ्दै गएको छ। यति नै बेला पार्टी केन्द्रीय सदस्यसमेत रहेका गृहमन्त्री लेखकमाथि भिजिट भिसा सेटिङ प्रकरणमा नाम जोडिएको छ। त्यसले गठबन्धनभित्र पनि थप आशंका जगाएको छ भने कांग्रेसकै नेताहरू पनि लेखकको राजीनामाको पक्षमा देखिएपछि पार्टीभित्रको आन्तरिक विवाद छताछुल्ल भएको छ।

सभापति शेरबहादुर देउवासहित ओली नेतृत्वको वर्तमान सरकारले निरन्तरता पाउनुपर्ने पक्षमा रहेका नेताहरू गृहमन्त्री लेखकले राजीनामा गर्नुनपर्ने पक्षमा उभिएका छन्। तर वर्तमान सरकारप्रति असन्तुष्टि जनाउँदै आएको संस्थापनइतर समूहका नेताहरू भने लेखकमाथि प्रश्न उठिसकेको जनाउँदै राजीनामा नै दिनुपर्ने पक्षमा देखिएका छन्। शनिबार विराटनगर पुगेका नेता कोइरालाले नैतिकताका आधारमा राजीनामा दिनुपर्ने तर्क गरे। 'नैतिकताको हिसाबले म क्लिन छु, मैले राजीनामा गरें, छानबिन समिति बनाउनुस् भने भइहाल्यो नि,' कोइरालाले सञ्चारकर्मीसँग भने, 'राजनीतिमा नैतिकता भन्ने पनि हुन्छ र त्यसले मोरल स्टाटस देखिन्छ।'

त्यसैको भोलिपल्ट विराटनगर पुगेका कांग्रेस पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलाले कर्मचारीले गरेको गलत क्रियाकलापलाई आधार बनाएर मन्त्रीको राजीनामा माग्ने कार्यले गलत नजिर बस्ने दाबी गरे।

बाँकी पृष्ठ २

### निजामती ऐन मस्यौदा

## नायब सुब्बामा नयाँ भर्ना नखुलाउन प्रस्ताव




**भुवन शर्मा**

*काठमाडौं, जेठ ११*

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिबाट पास भएको संघीय निजामती सेवा ऐनको मस्यौदामा नायबसुब्बा पदमा नयाँ भर्नाका लागि लोकसेवा आयोगबाट विज्ञापन नखुलाउन प्रस्ताव गरिएको छ। मस्यौदामा खरिदार (रापत्रअनंकित द्वितीय श्रेणी तथा चौथो तह), शाखा अधिकृत (राजपत्रांकित तृतीय श्रेणी तथा छैटौं, सातौं र आठौं तह) र उपसचिव (राजपत्रांकित द्वितीय श्रेणी तथा नवौं र दसौं तह) मा मात्र आयोगले नयाँ भर्नाका लागि विज्ञापन आह्वान गर्ने व्यवस्था प्रस्ताव गरिएको छ।

समितिका सभापति रामहरि खतिवडाले समितिले पास गरेको मस्यौदामा नायबसुब्बा पदमा नयाँ भर्ना नलिने व्यवस्था राखिएको बताए। 'खरिदारबाट नायबसुब्बामा बढुवा हुने व्यवस्था त छ तर नायबसुब्बामै नयाँ भर्ना लिने व्यवस्था ऐनको मस्यौदामा छैन,' उनले भने। मस्यौदामा निजामती सेवामा १५ तहको व्यवस्था गरिएको छ। मस्यौदाअनुसार यो सेवाको सबैभन्दा माथिल्लो पद मुख्यसचिव १५औं तहको हुने छ। त्यस्तै सचिव पद १४औं तहको हुनेछ। सहसचिव (राजपत्रांकित प्रथम श्रेणी) ११औं र १२ औं तहका हुनेछन्।

मस्यौदामा अतिरिक्त सचिवको पनि व्यवस्था गरिएको छ। अतिरिक्त सचिव पद १३औं तहको हुनेछ। अतिरिक्त सचिवको दरबन्दी सिर्जना गरिए पनि कार्यकाल तोकिएको छैन। मुख्यसचिवको कार्यकाल दुई र सचिवको कार्यकाल चार वर्ष राखिएको छ। विद्यमान संघीय निजामती सेवा ऐनमा मुख्यसचिवको कार्यकाल तीन वर्ष र सचिवको कार्यकाल पाँच वर्ष तोकिएको छ। यसैगरी निजामती सेवाको पहिलो, दोस्रो र तेसो तहमा श्रेणीविहीन कर्मचारी पर्नेछन्। कार्यालय सहयोगी, सवारीचालकलगायत यो तहमा पर्नेछन्।

**'कुलिङ पिरियडको व्यवस्था हट्दैन'**

मस्यौदामा राखिएको कुलिङ पिरियडको व्यवस्था हटाउन सरकारका मुख्यसचिवसहित केही सचिवले चर्को दौडधुप सुरु गरेका छन्। राज्य व्यवस्था तथा सुशासन समितिका सभापति खतिवडा भने कुलिङ पिरियडको व्यवस्था नहट्ने बताउँछन्। समितिले पास गरेको मस्यौदामा मूलभूत विषय फेरबदल नहुने खतिवडाले बताए। 'हामीले बृहत् छलफल गरेर सबैको कानुन बनोस् भन्ने उद्देश्यबाट मस्यौदा पास गरेका हौं,' खतिवडाले भने, 'संसदीय समितिलाई कमजोर बनाउने काम सरकार, सभामुख र राष्ट्रियसभा अध्यक्षबाट हुँदैन भन्नेमा हामी विश्वस्त छौं।' कुलिङ पिरियडको व्यवस्था नेपालमा मात्र नभई बेलायत, क्यानडा, भारतलगायत धेरै देशमा रहेको उनले बताए। समितिले पास गरेको मस्यौदालाई चाँडै संसद्मा लगिने उनले बताए।

बाँकी पृष्ठ २



काठमाडौं र मकवानपुरको सिमाना देउराली भन्ज्याङबाट आइतबार देखिएको मकवानपुरको थाहा नगरपालिका अवस्थित चित्लाङ बजार।
*तस्बिर : सुप्रदिप्त न्यौपाने/नागरिक*

## विद्यार्थीभन्दा शिक्षक बढी

**रूबी रौनियार**

*काठमाडौं, जेठ ११*

**शिक्षा नियमावली २०५९ को नियम ७७ मा व्यवस्था भएअनुसार सामुदायिक विद्यालयमा हिमालमा एक शिक्षक बराबर ४०, पहाडमा ४५ र तराईमा ५० विद्यार्थी हुनुपर्छ।**

सार्वजनिक विद्यालयमा विद्यार्थी भन्दा शिक्षकको संख्या बढी भएको तथ्यांक सार्वजनिक भएको छ। सरकारले शिक्षक दरबन्दी मिलान गर्न नसक्दा सार्वजनिक विद्यालयका शिक्षकहरू कतै धेरै त कतै न्यून रहेको अवस्था देखिएको हो। विशेष गरी हिमाली र पहाडी क्षेत्रमा अनुपातिक हिसाबले विद्यार्थीभन्दा शिक्षक धेरै भए पनि तराईका सबै क्षेत्रमा विद्यार्थी संख्या धेरै र शिक्षक अपुग रहेको तथ्य महालेखापरीक्षकको प्रतिवेदनले उजागर गरेको छ।

यति मात्र होइन, शिक्षक दरबन्दी मिलान गर्न नसक्दा विषयगत शिक्षक पनि आवश्यकताअनुसार विद्यालयहरूमा पुर्‍याउन नसकेको देखिएको छ। यसले राज्यले अपेक्षा गरेजस्तो विद्यालय शिक्षाको सिकाइ उपलब्धि हासिल हुन सकेको छैन भने शिक्षातर्फको सरकारी लगानी पनि खेर गइरहेको अवस्था छ। महालेखापरीक्षकको ६२औं प्रतिवेदनअनुसार विद्यालय र विद्यार्थीको संख्याका आधारमा विद्यालयहरूमा शिक्षक वितरण गर्न नसकिएका कारण कक्षाकोठामा बालबालिकाको सिकाइ स्तरमा नकारात्मक असर परेको छ। यसले गर्दा सिकाइ उपलब्धिमा सामुदायिक विद्यालय पछि परेका छन्।

शिक्षा नियमावली २०५९ को नियम ७७ ले सामुदायिक विद्यालयमा शिक्षक-विद्यार्थी अनुपातको व्यवस्था गरेको छ । जसअनुसार एक शिक्षकबराबर हिमालमा ४०, पहाडमा ४५ र तराईमा ५० विद्यार्थी हुनुपर्छ। प्रतिवेदनमा शिक्षक-विद्यार्थी अनुपातको तथ्यांकअनुसार सात प्रदेशमध्ये कोसी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका सबै क्षेत्रका सामुदायिक विद्यालयमा विद्यार्थी संख्याभन्दा अनपातको हिसाबले शिक्षक संख्या बढी छ। तर मधेस प्रदेशमा भने विद्यार्थी संख्या अनुपातिक हिसाबले शिक्षकको भन्दा बढी छ।

प्रतिवेदनमा उल्लेख गरिएको विवरणअनुसार सातै प्रदेशमा शिक्षक-विद्यार्थी अनुपात हिमाली क्षेत्रमा आधारभूत तहअन्तर्गत कक्षा १-५ मा एक शिक्षकबराबर विद्यार्थी संख्या १२.५६ जना र कक्षा ६-८ मा २०.४२ जना विद्यार्थी छन् । माध्यमिक तहअन्तर्गत कक्षा ९-१० मा एक शिक्षक बराबर १९.६१ विद्यार्थी छन्।

बाँकी पृष्ठ २

# मस्तिष्क मृत व्यक्तिको मिर्गौला-कलेजो एकै व्यक्तिमा प्रत्यारोपण

**कृष्ण किसी**

*भक्तपुर, जेठ ११*

मस्तिष्क मृत व्यक्तिबाट प्राप्त मिर्गौला र कलेजो एकै व्यक्तिमा सफलतापूर्वक प्रत्यारोपण गरिएको छ। नेपालमा यो पहिलो पटक सम्भव भएको हो। सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र दुधपाटी भक्तपुरले मस्तिष्क मृत्यु भएका व्यक्तिबाट प्राप्त मिर्गौला र कलेजो प्रत्यारोपण नेपाली विज्ञहरूबाटै एकै व्यक्तिमा सफलतापूर्वक प्रत्यारोपण गरेर इतिहास रचेको जनाएको छ।

संसारको सबैभन्दा जटिल शल्यक्रियामध्येमा पर्ने उक्त कार्य बिरलै हुने गरेको केन्द्रका कार्यकारी निर्देशक डा. पुकारचन्द्र श्रेष्ठले बताए। प्रत्यारोपण केन्द्रले आइतबार आयोजना गरेको पत्रकार सम्मेलनमा उनले एकै व्यक्तिमा मस्तिष्क मृत व्यक्तिबाट प्राप्त कलेजो र मिर्गौला प्रत्यारोपण नेपाली टोलीबाटै सफल हुनाले चिकित्सा क्षत्रमा ठुलो फड्को भएको दाबी गरे। मिर्गौला र कलेजो एक

### सु-समाचार

४२ वर्षीया महिलामा प्रत्यारोपण गरिएको उनले जानकारी दिए। उनका अनुसार प्रत्यारोपित व्यक्तिले स्वास्थ्य लाभ गरिरहेकी छन् र उनलाई केही दिनमै डिस्चार्ज गरिनेछ।

शल्य चिकित्सक डा. पुकारचन्द्र श्रेष्ठको नेतृत्वमा गरिएको उक्त प्रयारोपणमा कलेजोतर्फ डा. रोशन घिमिरे र डा. प्रवीण महर्जनले सघाएको र मिर्गौलातर्फ डा. दीपेश




श्रेष्ठ, डा. रूपेशकुमार झा, डा. हरिप्रसाद बराल, डा. रोजन अधिकारी, डा. विकास खड्कालगायतले सहयो गरेको पत्रकार सम्मेलनमा जनाइएको छ। साथै एनेस्थेसिया तथा क्रिटिकल केयर विभागबाट डा. आरती राई, डा. निभा श्रेष्ठ, डा. शोभित थापा, डा. रेखा श्रेष्ठलगायतले सहयोग गरेका थिए। यसैगरी नेफ्रोलोजी विभागबाट डा. कल्पनाकुमारी श्रेष्ठ, डा. लुसन सिंह, डा. सुमित आचार्य, डा. सन्तोष सुवेदी, डा. रुबशनाथ योगी र डा. विक्रमवीर बज्राचार्य सहभागी भएको बताइएको छ।

यसैगरी रेडियोलोजी विभागबाट डा. कृष्ण बुढाथोकी, डा. जस्मिन जोशी, डा. हितेश रायमाझी, डा. सुधीर जोशी, डा. जी एलिनले कार्य गरेका थिए। प्याथोलोजी विभागबाट डा. सविना श्रेष्ठ, डा. सुस्मिता घिमिरे, ट्रान्सप्लान्ट कोर्डिनेटर विभागबाट डा. बादल महर्जन, तारा साँध, सरु कोजु, बन्दना खत्रीले समन्वय गरेको सम्मेलनमा जनाइएको छ। नर्सिङ विभागबाट निर्देशक पूजा कोइराला, इन्चार्जहरू अस्मिता कटुवाल, बबिता लवजू, अनिता कार्की, मीना खर्बुजा, एलिशा श्रेष्ठको टिमले सघाएको थियो। फोकल पर्सन गौरव पन्थ तथा रामचन्द्र पौडेलले यसका लागि व्यवस्थापकीय जिम्मेवारी निभाएको पनि जनाइएको छ।

काठमाडौं मेडिकल कलेज सिनामंगल काठमाडौंमा जेठ १ गते मस्तिष्क मृत्यु भएका १८ वर्षीय पुरुषबाट दुई मिर्गौला र एक कलेजो प्राप्त भएको थियो। उक्त अंगदान कार्य सफल गर्न सोही अस्पतालका सञ्चालक सुनिल शर्मा (सांसदसमेत रहेका), सर्जन डा. रोशन घिमिरे, नेफ्रोलोजिस्ट डा. सुरेश महर्जन, एनेस्थेसियोलोजिस्ट डा. विजय केसी, पोष्ट मार्टम विशेषज्ञ डा. आहना श्रेष्ठलगायतबाट सकारात्मक सहयोग प्राप्त भएको केन्द्रले जनाएको छ।

बाँकी पृष्ठ २




ललितपुरमा आइतबारदेखि सुरु भएको विपद् स्वयंसेवक परिचालन आधारभूत तालिमका सहभागी। तालिम सात दिनसम्म चल्नेछ।
तस्विर : दिपेश दर्शनधारी/नागरिक

# मस्तिष्क मृत व्यक्तिको मिर्गौला–कलेजो एकै व्यक्तिमा प्रत्यारोपण

पृष्ठ १ बाट

स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले मस्तिष्क मृत्युपछि हुने अंगदानजस्तो पवित्र कार्यलाई थप प्रोत्साहन प्रदान गर्न अंगदाताको परिवारलाई आर्थिक सहयोग वृद्धि गरी दुई लाख तथा अंगदाता अस्पताललाई ७५ हजार सहयोग गर्ने घोषणा गरेकाले यस्तो कार्यले अब गति लिने विश्वास केन्द्रले गरेको छ। अंग फेल भएका व्यक्तिहरू अंग प्राप्त गर्न समन्वय एकाइमा सम्पर्क राखी प्रतीक्षाको सूचीमा आफ्नो नाम लेखाउन र तीन/तीन महिनामा अद्यावधिक गराउन पत्रकार सम्मेलनमा आग्रह गरिएको छ। आफ्नो मृत्युपछि अंग गर्न चाहने जोसुकैले घरमा बसीबसी अनलाइनमार्फत वा मोबाइल एप्सबाट फाराम भर्न सकिने तथा भौतिक रूपमा केन्द्रमा आई अंगदानसम्बन्धी मन्जुरीनामा दर्ता गर्ने व्यवस्थासमेत मिलाइएको प्रत्यारोपण केन्द्रले जनाएको छ।

देशको सातवटै प्रदेशमा प्रत्यारोपण सेवा विस्तार गर्ने योजना बनाएको केन्द्रले चार वटा प्रदेशमा प्रत्यारोपण सेवा सुरु गरिसकेको जनाइएको छ। प्रत्यारोपण केन्द्रका अनुसार बागमती, गण्डकी, कर्णाली, लुम्बिनी र बाँकी तीनवटा प्रदेशमा पनि निकट भविष्यमा प्रत्यारोपण गर्ने योजना छ। तर प्रत्यारोपण सेवा विस्तारका लागि आवश्यक विशेषज्ञ जनशक्ति उत्पादन गर्न केन्द्रलाई प्रत्यारोपण स्वास्थ्य विज्ञान प्रतिष्ठान बनाउने नेपाल सरकारको घोषणा कार्यान्वयनमा विलम्ब भइरहेको छ भने उपयुक्त जग्गा प्राप्त नहुँदा केन्द्र आफ्नै स्रोतबाट तीन सयदेखि पाँच सय शय्या क्षमताको भवन बनाउने योजना अलपत्र परेको पत्रकार सम्मेलनमा जनाइएको छ।

भवनका लागि केन्द्रले भक्तपुर ईंटा टायल कारखाना रहेको उद्योग मन्त्रालयमातहतको जग्गा लिज डेढ वर्षअघि नै समाप्त भइसकेको, सल्लाघारीमा रहेको नेपाल ट्रस्टको जग्गा तथा चाँगुनारायण नगरपालिका-८ सुडालको जग्गामध्ये कुनै एक ठाउँको जग्गा प्राप्ति गर्न गरेको पहल हालसम्म सफल हुन नसकेको पनि जनाइएको थियो। आफ्नै भवन नभएको, उपलब्ध भवन अत्यन्तै साँघुरो भएको तथा केन्द्र आफैंले तीन सय शय्याको भवन बनाउन सक्षम रहेको हुँदा उपयुक्त जग्गा तत्काल उपलब्ध गराउन प्रत्यारोपण केन्द्रले सरकारसँग जोडदार माग गरेको छ।

मस्तिष्क मृत्युपछि अंगदान र प्रत्यारोपण संसारमै कठिनताका साथ स्थापित हुँदै गएको हुँदा यससम्बन्धी व्यापक जनचेतना अभिवृद्धि गर्न सकिए पश्चिमा मुलुकमा जस्तै नेपालमा पनि ८० प्रतिशतभन्दा बढी प्रत्यारोपण मस्तिष्क मृत्युपश्चात हुने अंगदानबाट हुन सक्ने र देश अंग प्रत्यारोपणमा आत्मनिर्भर हुन सक्ने प्रत्यारोपण केन्द्रले विश्वास गरेको छ।

# नेपालमा पुरुष प्रजनन स्वास्थ्य विशेषज्ञ नहुँदा उपचारमा समस्या

पवित्रा सुनार

*काठमाडौं, जेठ ११*

पुरुष हुन् या महिला, दुवैका लागि प्रजनन स्वास्थ्य अधिकार समान हुन्छ। तर नेपालमा पुरुष प्रजनन तथा यौन स्वास्थ्यसम्बन्धी विशेषज्ञ चिकित्सक एकजना पनि नभएको नेपाल मेडिकल काउन्सिल र जनस्वास्थ्यविद्हरू बताउँछन्।

जनस्वास्थ्यविद् डा. लक्ष्मी तामाङ नेपालमा हालसम्म पुरुष प्रजनन तथा यौन स्वास्थ्यसम्बन्धी एकजना पनि विशेषज्ञ चिकित्सक नभएको बताउँछिन्। र, उनका अनुसार नेपालमा यससम्बन्धी सेवा दिइरहेका कुनै पनि चिकित्सक विशेषज्ञ होइनन्।

नेपाल मेडिकल काउन्सिलका सदस्य कालुसिंह खत्रीले हालै राजधानीमा आयोजित एक कार्यक्रममा काउन्सिलमा अहिलेसम्म पुरुष प्रजनन तथा यौनसम्बन्धी विशेषज्ञ (एन्ड्रोलोजिस्ट) दर्ता नभएको बताए। उनका अनुसार नेपालमा पुरुष प्रजनन तथा यौन रोगसम्बन्धी विशेषज्ञ नभए पनि यो रोगको उपचार भने भइरहेको छ। पुरुष प्रजनन तथा यौनसम्बन्धी विशेषज्ञ नभए पनि यसको उपचार भने अन्य विशेषज्ञ चिकित्सकले गरिरहेको उनले बताए। 'यससम्बन्धी विशेषज्ञ चिकित्सक नभए पनि अन्य चिकित्सकले उपचार गरिरहेका छन, उपचार नै रोक्नु परेको छैन,' उनले भने। तर यससम्बन्धी विज्ञ चिकित्सक भए उपचारमा विशिष्टीकृत सेवा र गुणस्तर कायम हुने खत्री बताउँछन्।

नेपालमा यससम्बन्धी पढाइ पनि नहुने र विशेषज्ञ पनि नभएको तामाङ र खत्री बताउँछन्। 'विकसित राष्ट्रहरूमा हरेक रोग र शरीरका अंगअंगहरूको विज्ञ चिकित्सक हुन्छन्, नेपालमा अझै त्यस्तो भइसकेको छैन,' खत्रीले भने। हरेक अंगको विशेषज्ञ सेवा आफैंमा महंगो पर्ने नेपालजस्तो निम्न आय भएको देशमा चिकित्सक आफैं पनि टिक्न कठिन पर्न जाने हुनाले पुरुष प्रजनन तथा यौन विशेषज्ञ नभएको खत्रीको तर्क छ।

जनस्वास्थ्यविद् तामाङ भने कुल जनसंख्याको ४९ प्रतिशत पुरुषका लागि एउटा पनि विशेषज्ञ चिकित्सक नहुनुले पुरुष नै मर्कामा परेको बताउँछिन्। उनका अनुसार पुरुष प्रजनन विशेषज्ञ चिकित्सक नभएपछि समस्यामा परेका पुरुष कहिले छालारोग विशेषज्ञ त कहिले मूत्र तथा मिर्गौला रोग विशेषज्ञसँग उपचार सेवा लिन विवश छन्। 'पुरुषमा पनि यौन तथा प्रजनन समस्या हुन्छ तर उसले कहिले छारारोग विशेषज्ञको भरमा त कहिले मूत्ररोग विशेषज्ञको भरमा उपचार गराउनुपर्छ,' उनले भनिन्।

तामाङका विचारमा महिलामा जस्तै यौन तथा प्रजनन स्वास्थ्य समस्या पुरुषमा पनि हुन्छ तर पुरुषले मनोसामाजिक सोचका कारण यो समस्या भन्दैनन्। जसका कारण बाँझोपन हुनुको आरोप महिलामाथि लाग्ने गरेको छ। यसबाहेक पुरुषमा हुने यौन दुर्बलता तथा अन्य जटिलताको दोष पनि महिलामाथि थुपारेर सम्बन्धविच्छेदसमेत हुने गरेको देखिन्छ। यस विषयमा छुट्टै अनुसन्धान हुन नसक्नुले पनि समस्याबारे आमजानकारी नभएको हो। तामाङ भन्छिन, 'नेपालमा गत वर्ष ४० हजार जोडीको सम्बन्धविच्छेद हुनुमा आपसी यौन सम्बन्धमा आएको समस्या हुन सक्छ।'

महिलाको यौन तथा प्रजनन अधिकारका लागि नेपालमा पर्याप्त नीतिगत व्यवस्था र कार्यक्रम भए पनि पुरुषको हकमा त्यस्तो कुनै व्यवस्था र कार्यक्रम नहुनुले यो अधिकारका लागि पुरुष प्रताडित भएको तामाङ बताउँछिन्। पुरुषको लागि केही संख्यामा भए पनि पुरुष प्रजनन स्वास्थय विशेषज्ञ चिकित्सक हुनुपर्ने उनको तर्क छ। 'पुरुषको पनि प्रजनन तथा यौन समस्याको उपचार पाउने अधिकार सुरक्षित हुनुपर्छ, उनीहरू समस्यमा छन तर भन्दैनन्,' उनले भनिन्।

# मानव तस्करीको जालोमा मन्त्रालयदेखि एयरलाइन्ससम्म

पृष्ठ १ बाट

अनुसन्धानमा खटिएको प्रहरीले अध्यागमनकै कर्मचारीको मिलेमतोमा भिजिट भिसामा मानव तस्करी भइरहेको फेला पारेपछि पुनः ब्युरोको टोली परिचालन गरिएको तर अध्यागमनकै कर्मचारीले विरोध गरेपछि फिर्ता गरेको प्रहरी प्रधान कार्यालय स्रोतले जनाएको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ओमान हुँदै संयुक्त अरब इमिरेट्स, कुवेत, साउदी अरेबिया, कतार, सिरिया, इराक, बहराइनलगायत मुलुकमा नेपाली महिलालाई गैरकानुनी रूपमा पठाउने गरिएको छ। उनीहरूलाई गैरकानुनी रूपमा पठाउन सहयोग गरेबापत पाउने रकमको हिस्सा अध्यागमन कार्यालयका कर्मचारीले गृहमन्त्रीको सचिवालय, गृहसचिव, गृह प्रशासनलाई छुट्याउने गरेको स्रोतको दाबी छ।

खासगरी भिजिट भिसामा महिलालाई दुवईमा पाठाउने कार्य रोक्न सरकारले कडाइ गरेपछि ट्राभल एजेन्सीहरूले ओमनलाई ट्रान्जिट प्वाइन्ट बनाएर मानव तस्करी गर्दै आएका छन्। यसमा विभिन्न एयरलाइन्स कम्पनीहरूको पनि संलग्नता देखिएको स्रोत बताउँछ। कुवेत एयरवेज र जजिरा एयरवेजबाट गैरकानुनी रूपमा नेपाली महिलालाई विदेश पठाउने गरेको स्रोतले बतायो।

खाडी मुलुकमा नेपाली महिलालाई घरेलु कामदारको रूपमा पठाउन सरकारले सरकारले २०७३ सालदेखि नै रोक लगाए पनि तस्करहरूले मिलेमतोमा विभिन्न माध्यमबाट त्यहाँ पुर्‍याउने गरेका छन्। खासगरी ग्रामीण र विपन्न महिलालाई रोजगारीको प्रलोभनमा विभिन्न मुलुकमा पठाउने गरिएको छ। सरकारले भिजिट भिसामा विदेश जान बनाएको ६बुँदे मापदण्डमै खेलेर विभिन्न ट्राभल एजेन्सीलगायतको मिलेमतोमा महिलालाई खाडीलगायतका मुलुकमा पुर्‍याउने गरेका छन्। सरकारले ६बुँदे मापदण्ड २०८० माघ १० गते देखि लागु गरेको हो। सरकारले भिजिट भिसा र पर्यटन भिसामा विदेश यात्रा गर्दा आवश्यक कागजपत्रको विवरण तोकेको भए पनि नक्कली कागजात बनाएर पठाउने गरिएको छ।

स्रोतका अनुसार भिजिट भिसाको आवरणमा दुवईमा मात्रै कम्तीमा दैनिक २५० महिलाको तस्करी हुन्छ। पहिला भिजिट भिसामा दुवई जाने प्रहरी रिपोर्ट, १२ कक्षा पास गरेको शैक्षिक प्रमाणपत्र, बैंक स्टेटमेन्ट अनिवार्य गरिएको थियो। ६बुँदे मापदण्डमा दुईतर्फी हवाई टिकटलगायत कागजात हुनुपर्ने भनिएको छ। नयाँ मापदण्डमा भिजिट भिसामा विदेश जाँदा अनिवार्य ५०० डलर हुनुपर्ने भनिए पनि एयरलाइन्सका कर्मचारीले मिलेमतोमा त्यति डलर नभए पनि बोर्डिङ पास जारी गर्ने गरेको पाइएको छ। यसरी कति महिलालाई विदेश पठाइयो र ती कहाँ छन् भन्ने तथ्यांक सरकारी निकायसँग छैन। खाडी मुलुकमा २०७३ सालयता घरेलु कामदारका रूपमा तीन लाख नेपाली महिला अवैध रूपमा गएको पाइएको छ।

# नायब सुब्बामा नयाँ भर्ना नखुलाउन प्रस्ताव

पृष्ठ १ बाट

सचिवहरू भने संसद्मा लग्नुअघि नै मस्यौदामा राखिएको कुलिङ पिरियड हटाउन लागिपरेका छन्।

**दलनिकट कर्मचारी संगठन खोल्ने व्यवस्था यथावत्**

निजामती कर्मचारीले ट्रेड युनियनका नाममा राजनीतिक दलनिकट संघसंगठन खोल्न नहुने बहस चले पनि मस्यौदामा त्यो व्यवस्थालाई निरन्तरता दिइएको छ। हाल कार्यान्वयनमा रहेको निजामती सेवा ऐनमा कर्मचारीले दलैपिच्छे ट्रेड युनियन खोल्न सक्ने व्यवस्था छ। (२०६४ सालमा ऐनमा संशोधन गरी यो व्यवस्था राखिएको हो। संघीय निजामती कानुनमा कर्मचारीलाई दलैपिच्छे ट्रेड युनियन खोल्न दिने कि नदिने भन्ने विषयमा समिति र सार्वजनिक मञ्चमा बहस र छलफल भएको थियो। कर्मचारीलाई दलैपिच्छे ट्रेड युनियन खोल्न दिने व्यवस्था एकपट मस्यौदाबाट हटाइएको पनि थियो। तर कर्मचारी संघसंगठनका प्रतिनिधिले दलैपिच्छे ट्रेड युनियन खोल्न पाउने अधिकार कुण्ठित गर्न नहुने भन्दै उक्त व्यवस्था हटाए सशक्त आन्दोलन गर्ने चेतावनी दिएपछि त्यसलाई निरन्तरता दिइएको हो। प्रस्तावित ऐनमा कर्मचारीलाई दलैपिच्छे ट्रेड युनियन खोल्ने व्यवस्थासँगै कर्मचारीको एउटा आधिकारिक ट्रेड युनियन पनि हुने भनिएको छ। अहिलेको कानुनमा पनि कर्मचारीको एउटा आधिकारिक ट्रेड युनियन हुने व्यवस्था छ।

# कांग्रेस दुई धारमा

पृष्ठ १ बाट

'विगतमा मन्त्रीहरूमाथि नै कुरो उठेकाले राजीनामा दिएका उदाहरण रहेको जनाउँदै सिटौलाले सञ्चारकर्मीसँग भने, 'अहिले मन्त्रीमाथि कुरा उठेको होइन। अध्यागमन विभागका कर्मचारीमाथि आरोप लागेको हो। अख्तियारले छानबिन गरिरहेकाले मन्त्रीमाथि आरोप लगाउन केही समय पर्खनुपर्छ, मन्त्रीले राजीनामा दिनुपर्दैन।' शनिबार नै गृहमन्त्री लेखकले आफू त्यस्ता कार्यमा संलग्न नरहेको र कुनै कर्मचारीमाथि अनुसन्धान सुरु हुँदैमा मन्त्रीले राजीनामा गर्दै हिँड्ने कुराले समाधान नदिने तर्क गरेका थिए। आफूमाथि कुनै पनि अभियोग पुष्टि भए गृहमन्त्रीबाट राजीनामा दिने मात्र नभएर राजनीतिबाटै सन्न्यास लिने जनाएका छन्।

उनीहरू दुई जना मात्र होइन, कांग्रेसका अन्य नेताहरू नै उक्त विषयमा पक्ष-विपक्षमा विभाजित छन्। सांसद राजेन्द्र बजगाईंसहितका नेताहरू लेखक मात्र होइन, आफूसँग कुरा नमिलेका अन्य मन्त्रीहरूलाई पनि यही मौकामा हटाउनुपर्ने पक्षमा देखिएका छन्। संस्थापन र इतर समूहका केही नेता भने लेखकसहितका नेताहरूको बचाउमा जुटेका छन्। पार्टीका नेताहरू त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयबाट भिजिट भिसा प्रकरणमा गृहमन्त्रीको पक्ष-विपक्षमा उभिएका बेला सभापति शेरबहादुर देउवाले सोमबार बिहानका लागि पदाधिकारी बैठक बोलाएका छन्। बैठक पार्टीको क्रियाशील सदस्यता नवीकरण र वितरणका साथै नेपाल विद्यार्थी संघ, तरुण दलसहितका भ्रातृ संगठनको महाधिवेशनका विषयमा छलफल गर्न बोलाइएको जनाइएको छ। अनौपचारिक बैठकमा गृहमन्त्री लेखकका विषयमा उठेको प्रश्न र पार्टीभित्रबाट आएका दुईथरी मतका विषयमा पनि छलफल हुने जनाइएको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयबाट भिजिट भिसामा सेटिङ भएको उजुरीका आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गत बुधबार छापा मारेको थियो। अध्यागमनका सहसचिव तीर्थराज भट्टराईसहित महत्त्वपूर्ण कागजात नियन्त्रणमा लिएसँगै गृहमन्त्री लेखकमाथि पनि प्रश्न उठाइँदै आएको छ। हुन त २०८० साउन २५ गते नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले कांग्रेसका सांसद सुनिल शर्माविरुद्ध राजस्व छली, गैरकानुनी सम्पत्ति आर्जनलगायत उजुरीका आधारमा पक्राउ गरेको थियो। शर्मालाई पक्राउ गरेको भन्दै तत्काल रिहा गर्न माग गर्ने कांग्रेस नेताहरूले नै पार्टीका अर्का नेता बालकृष्ण खाण पक्राउ पर्दा भने केन्द्रीय सदस्यबाट पनि निलम्बन गर्नुपर्ने प्रस्ताव बैठकमा गरेका थिए।

# द्वन्द्वपीडितसँग...

'सूचनाले १८ वर्षदेखि न्यायको पर्खाइमा रहेका बलात्कार तथा यौनजन्य हिंसाका पीडितहरूको आत्मसम्मानमा गम्भीर आघात पुग्न गएको र आयोगको असक्षमता तथा पीडितप्रतिको संवेदनशीलता नभएको थप पुष्टि भएको हाम्रो ठहर छ,' विज्ञप्तिमा भनिएको छ।

पीडितहरूसँग कुनै परामर्श नगरिएको र उजुरी दर्ता गर्दा अपनाउनुपर्ने पीडितहरूको सुरक्षा, गोपनीयता, आत्मसम्मानलगायत न्यूनतम संवेदनशीलतासमेत नअपनाइएको भन्दै असन्तुष्टि पोखिएको छ। '...सूचनाले बलात्कार तथा यौनजन्य हिंसाका पीडितहरू पुनः पीडित हुने तथा उनीहरूको सुरक्षा, गोपनीयता, मानसिक स्वास्थ्य र आत्मसम्मानमा समेत गम्भीर चोट पुग्ने भएकाले,' शनिबार जारी विज्ञप्तिमा भनिएको छ, 'यस्तो असंवेशनशील तथा पीडितहरूको आवाजलाई अवमूल्यन गरी जारी गरिएको उजुरी दर्ता गर्नेसम्बन्धी सूचना र आयोगबाट सञ्चालन हुने कुनै पनि प्रक्रियामा संलग्न नहुने कुरा हामी फेरि पनि दोहोर्‍याउन चाहन्छौं।'

सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका अध्यक्ष तथा सदस्यहरूको नियुक्ति सम्बन्धमा सिफारिस प्रक्रिया विश्वसनीय नभएको पनि दोहोर्‍याइएको छ। दुवै आयोगका पदाधिकारीहरूको नियुक्ति गरिएकोप्रति आपत्ति जनाउँदै आयोगका गतिविधिमा सहभागी नहुने चेतावनीसमेत दिइएको छ। 'आयोग गठनका विरुद्धमा पीडितहरूले निरन्तर आवाज उठाउँदाउठाउँदै पीडितहरूलाई न्याय दिने सन्दर्भमा अपनाउनुपर्ने न्यूनतम मापदण्डसमेत नअपनाई सशस्त्र द्वन्द्वका क्रममा जर्बजस्तीकरणी वा गम्भीर यौनजन्य हिंसामा परेका पीडितको छुट उजुरी दर्ताका लागि उजुरी मागसम्बन्धी सार्वजनिक सूचनाप्रति गम्भीर आपत्ति छ,' विज्ञप्तिमा भनिएको छ।

आयोगले 'यसअघि उजुरी माग गरेको अवधिभित्र काबुबाहिरको परिस्थिति परी उजुरी दिन नपाएका पीडितले त्यस्तो उजुरी दिन नसकेको आधार र कारण खोली आयोगका अध्यक्ष तथा सदस्यको नियुक्ति भएको मितिले तीन महिनाभित्र आयोगसमक्ष उजुरी दिन सक्ने' भन्ने कानुनी व्यवस्थाअनुसार आह्वान गरेको बताएको छ। 'काबुबाहिरको परिस्थिति परी उजुरी दिन नपाएको पीडितले जेठ ४ ले तीन महिना अर्थात् आगामी भदौ ३ भित्र आयोगले उजुरी माग गरेको अवधिमा काबुबाहिरको परिस्थिति परी त्यसरी उजुरी दिन नसकेको स्पष्ट आधार र कारणसहित सत्यनिरूपण तथा मेलमिलाप आयोग हाडीगाउँ, काठमाडौंमा रहेको कार्यालयमा उजुरी दिन सकिने...' भनी सूचना प्रकाशित गरिएको छ।

सशस्त्र द्वन्द्वका क्रममा जबर्जस्तीकरणी वा गम्भीर यौनजन्य हिंसामा परेका पीडित वा निजका तर्फबाट यसअघि उजुरी दिन छुट भएको भए भदौ ५ भित्र आयोगको कार्यालयमा वा इमेलमार्फत, सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालय मार्फत उजुरी दिन अन्य घटनालाई जस्तै गरी आह्वान

पृष्ठ १ बाट

गरिएको छ। उजुरीकर्ताको नाम, थर, वतन गोप्य राख्न चाहेकोमा व्यहोरा उल्लेख गर्नुपर्ने पनि भनिएको छ। यसअघि सत्यनिरूपण तथा मेलमिलाप आयोगमा तीन सय १४ वटा यौनजन्य हिंसाका उजुरी दर्ता भएका छन्।

यता आयोगले महान्यायाधीवक्ता कार्यालयमार्फत देशभरका सरकारी वकिल कार्यालयलाई पीडितको गोपनीयता अपनाउन आग्रह गर्दै पत्राचार पनि गरेको छ। '...उजुरकर्ता पीडितको गोपनीयता कायम हुने कुरालाई समेत ध्यान दिई उजुरी संकलन गरी सत्यनिरूपण तथा मेलमिलाप आयोगमा पठाउनुहुन आदेशानुसार अनुरोध छ,' शुक्रबार महान्यायाधिवक्ता कार्यालयमार्फत सबै जिल्ला सरकारी वकिल कार्यालयमा पठाइएको पत्रमा उल्लेख छ।

# विद्यार्थीभन्दा...

यसैगरी पहाडी क्षेत्रमा आधारभूत तहअन्तर्गत कक्षा १-५ मा एक शिक्षकले १०.५७ जना र कक्षा ६-८ मा १७.२२ जना र माध्यमिक तहअन्तर्गत कक्षा ९-१० मा एक शिक्षकले २१.८३ पढाइरहेको अवस्था छ। यसैगरी उपत्यका तथा तराई क्षेत्रमा आधारभूत तहअन्तर्गतको कक्षा १-५ सम्म एक शिक्षकले २२.७२ विद्यार्थीलाई शिक्षण सिकाइ गराइरहेको प्रतिवेदनले देखाउँछ। कक्षा ६-८ मा एक शिक्षकले ३८.६९ जना र माध्यमिक तहको कक्षा ९-१० मा ३५.६४ जनालाई पढाइरहेको देखिएको छ।

कोसी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका सबै क्षेत्रका जुनसुकै तहका विद्यालयमा शिक्षक संख्याको तुलनामा विद्यार्थी संख्या न्यून देखिएको महालेखाको ६२औं प्रतिवेदनमा उल्लेख छ। मधेस प्रदेशमा विद्यार्थी संख्याको अनुपात तोकिएभन्दा बढी देखिएको छ। मधेस प्रदेशमा कक्षा ६-८ मा एक शिक्षकबराबर ८७.२६ जना र माध्यमिक तह कक्षा ९-१० मा ६०.५० जना रहेको पाइएको छ। 'सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्न भौगोलिक अवस्था, जनसंख्या तथा विद्यार्थी संख्याका आधारमा सबै स्थनीय तहमा शिक्षक दरबन्दीको मिलान गरिनुपर्नेमा ६९ स्थानीय तहमा मात्र दरबन्दी मिलान भएको छ,' प्रतिवेदनमा औंल्याइएको छ, 'नियमावलीको व्यवस्थाअनुसार शिक्षक-विद्यार्थी अनुपात कायम हुने गरी शिक्षक व्यवस्थापन गर्न सके मात्र विद्यालय तहको शैक्षिक गुणस्तर र बालबालिकाको शिक्षण सिकाइ स्तरीय बनाउन सकिन्छ।'

प्रतिवेदनमा उल्लेख भएअनुसार देशभरिका पूर्वप्राथमिक, आधारभूत र माध्यमिक गरी कुल ३७ हजार नौ सय विद्यालयमा कुल ८५ लाख ८७ हजार दुई सय ६ विद्यार्थी अध्ययनरत छन् भने तीन लाख २५ हजार तीन सय १० शिक्षक कार्यरत छन्। यीमध्ये सार्वजनिक विद्यालयमा ५६ लाख ३५ हजार तीन सय ४३ र निजी विद्यालयमा २७ लाख ९४ हजार चार सय ४५ विद्यार्थी अध्ययनरत छन्। अघिल्लो वर्ष ८० लाख ६० हजार विद्यार्थी अध्ययनरत रहेको तथ्यांक छ। तथ्यांकअनुसार सार्वजनिकतर्फ कुल विद्यालयको हिस्सा ७७.६० प्रतिशत, विद्यार्थीको हिस्सा ६५.६२ प्रतिशत र शिक्षकको हिस्सा ६५.४० प्रतिशत छ। निजीतर्फ विद्यालयको हिस्सा २० प्रतिशत, विद्यार्थीको हिस्सा ३२.५४ प्रतिशत र शिक्षकको हिस्सा ३४.६० प्रतिशत छ। उक्त प्रतिवेदनअनुसार पूर्वप्राथमिकदेखि माध्यमिक तहसम्म प्रतिविद्यालय विद्यार्थी संख्या सामुदायिकमा दुई सय एक, संस्थागतमा तीन सय ५४ र अन्यमा एक सय १४ रहेको छ।

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि सुधार तथा मालपोत कार्यालय, बाँके**
**नेपालगन्ज, बाँके**

**सूचना टाँस गरी जानकारी पठाई दिने बारे**

मितिः २०८२/०२/११

**श्री जिल्ला प्रशासन कार्यालय, बाँके।**
**श्री जिल्ला समन्वय समितिको कार्यालय, बाँके।**
**श्री नापी कार्यालय, बाँके।**
**श्री खजुरा गा.पा. ७ नं. वडा कार्यालय बाँके।**

जिल्ला बाँके खजुरा गा.पा.वडा नं. ७ बस्ने गुलजार खाँको छोरा ना.प्र.नं. ३०७ जारी मिति २०४३/०८/१६ को खलिल खाँले दिएको निवेदन अनुसार सार्वजनिक सूचनामा उल्लेखित जग्गाधनीको नाममा दर्ता श्रेस्ता कायम रहेको जग्गाको जीर्ण श्रेस्ता कायम तथा नामसारी गरी जग्गा धनी दर्ता प्रमाण पुर्जा उपलब्ध गराउने सम्बन्धिको प्रकाशित हकदावीको ३५ दिने सार्वजनिक सूचना यसै पत्रसाथ संलग्न राखी पठाइएको छ। सो सूचना तहाँको सूचना पाटीमा टाँस गरी यस कार्यालयमा जानकारी पठाईदिनु हुन अनुरोध छ।

**मालपोत अधिकृत**

**Siraha Municipality**
**Office of the Municipal Executive**

**Notice of Letter of Intent**

**26th May 2025**

This is to notify all the concerned bidders that, as per section 27(2) of PPA, we are going to award following contract as per invitation of online bid dated 15th-chaitra-2081 in Rajdhani daily with following details to following bidder selected as substantially responsive lowest evaluated bid. Any bidder who disagrees with the decision can give application for review within seven days starting from the date of publication this notice.

**Contract Identification No and Project Name**
NCB/W/SM/081/082/2, "Siraha Na Pa bhitra ka sadak haru dhalan tatha nala nirman karya"

**Substantially Responsive Successful Bidders in Financial Bid Evaluation**
1. Rajan & Roshan Construction Pvt.Ltd., Sahidnagar-09, Dhanusha

**Chief Administrative Officer**

# नख्खु बाढीमा बाबुछोरी बचाउने चणिकलाललाई डेढ लाख पुरस्कार

काठमाडौं, जेठ ११ (नागरिक)- गत वर्षको असोजमा भएको भारी वर्षाले काठमाडौं उपत्यका नराम्ररी प्रभावित बनेको थियो। सोही क्रममा असोज १२ गते ललितपुरको नख्खु खोलामा आएको बाढीले धेरैको ध्यान खिचेको थियो। नख्खु खोला छेउको बस्तीमा पस्दा एक टिनको टहरामा बस्ने परिवारका चार जना घण्टौंसम्म टहरोको छतमा बसेर उद्धारको याचना गरिरहेका थिए। तर समयमै उद्धार हुन नसक्दा टहरो भत्किएर चारै जना बगेका थिए। बगेका एक जना आफै पौडिएर जोगिएका थिए भने एक बालिका हराएकी थिइन्। दुई जनाको ज्यान भने काभ्रेको तेमाल गाउँपालिका-९ का चणिकलाल तामाङले बचाएका थिए। डरलाग्दो बर्खे भेलमा समेत पसेर उनले बाबुछोरीलाई भने जोगाएका थिए।

चणिकलालले साहस प्रदर्शन गर्दा रौतहट घर भई नख्खुनजिकै टहरामा बसोबास गरिरहेका राजु साह र उनकी ६ वर्षीया छोरी मेघना बाँच्न सफल भएका थिए। यसरी साहस गरेर ज्यान जोगाउने कर्म गरेका चणिकलाललाई बागमती प्रदेश सरकारले एक लाख ५० हजार रुपैयाँ राशिको पुरस्कार दिने भएको छ। जेठ १५ गते गणतन्त्र दिवसको अवसर पारेर प्रदेश सरकारले चणिकलाललाई पुरस्कार दिन लागेको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले जनाएको छ।



सुनकोसी मरिन बहुउद्देश्यीय डाइभर्सन परियोजना। मध्यतराईका पाँच जिल्लामा वर्षैभरि सिँचाइ उपलब्ध गराउने र ३१.७ मेगावाट विद्युत् उत्पादन गर्ने उद्देश्यले स्थापना भएको चार वर्ष बितिसक्दा पनि प्रगति सुस्त छ। *तस्बिर : दिपेश दर्शनधारी/नागरिक*

# 'गिरिबन्धु टि-स्टेटको जग्गा प्लटिङ गर्न नपाउने' आशयको प्रस्ताव दर्ता

**ईश्वरी सुवेदी**
*काठमाडौं, जेठ ११*

सरकारले ल्याएको भूमिसम्बन्धी विधेयकलाई संशोधन गर्न बनेको विधेयकमा सत्तारुढ दल कांग्रेसले चिया बगानका लागि लिइएको जग्गा अन्य प्रयोजनमा लगाउन नपाइनेलगायतका व्यवस्था राख्न संशोधन प्रस्ताव दर्ता गरेको छ। भूमि विधेयक गिरिबन्धु टि स्टेटको हदबन्दीभन्दा बढी जग्गा हदबन्दी छुट लिएर घरघडेरीमा लगाउन बाटो खोल्न ल्याइएको भन्दै आलोचना भइरहेका बेला सत्तारुढ दल कांग्रेसले चिया उद्योगको नामै जोडेर संशोधन प्रस्ताव दर्ता गरेको हो।

भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमा संशोधन राख्दै कांग्रेसका महामन्त्री गगनकुमार थापा, विश्वप्रकास शर्माले छुट्टै र कांग्रेसका दिलेन्द्रप्रसाद बडुसहितका चारजना सांसदले छुट्टै संशोधन प्रस्ताव राख्दै उक्त प्रस्ताव दर्ता गरेका हुन्। संशोधन प्रस्तावमा हदबन्दीको छुट लिँदा व्यावसायिक कृषि उद्योग, प्रतिष्ठान, शिक्षण संस्था, स्वास्थ्य संस्था आदि प्रयोजनका लागि भनी छुट लिएको जग्गा बाँझो राखेर जग्गा व्यवसाय गर्न रोक लगाउनुपर्ने उल्लेख छ। 'सो जग्गामा घरजग्गा व्यवसाय गर्न, घडेरी वा त्यस्ता घडेरीमा घर आवास एकाइ (अपार्टमेन्ट) निर्माण गरी यस दफाबमोजिम बेचबिखन गर्न पाइने छैन', संशोधन प्रस्तावमा उल्लेख छ। संशोधन प्रस्तावमा भनिएको छ, 'घरजग्गा व्यवसायको कम्पनी खडा गरी सो कम्पनीको नामबाट उक्त जग्गामा र जग्गा व्यवसाय गरेको वा त्यस्तो व्यवसाय गर्न स्वीकृति लिएको वा स्वीकृतिका लागि निवेदन दिएको रहेछ भने पहिला कृषि उद्योगलगायत अन्य प्रयोजनका लागि स्वीकृत लिएको भए पनि घडेरीमा बेचबिखन गर्न नपाइने व्यवस्था गरिएको छ।

यसैगरी संशोधन प्रस्तावमा पुनः नक्सांकन गर्दा अभिलेखमा वन र वन क्षेत्र जनिएको जग्गामा हाल वन क्षेत्र नभई खाली रहेछ भने पनि सो जग्गा वन क्षेत्रमै कायम गर्नुपर्ने संशोधन राखिएको छ। संशोधन प्रस्ताव दर्ता गर्ने क्रममा विभिन्न विषयमा कांग्रेसका १४ जनाले संशोधन प्रस्ताव दर्ता गरेका छन् भने विभिन्न दलबाट ५५ संशोधन प्रस्ताव दर्ता भएका छन्।

संशोधन प्रस्तावमा शुक्रबारसम्म समय थियो। संशोधन प्रस्तावपछि विधेयकलाई समितिमा नलगी सदनबाटै पारित गर्ने सरकारको तयारी छ, तर संशोधन प्रस्ताव दर्ता नगर्ने नीति लिएको कांग्रेसले संसदीय दलको बैठक बोलाएर भूमि विधेयकमा संशोधन राख्ने निर्णय गरेको थियो। कांग्रेससहित ५५ जनाले व्यापक रूपमा संशोधन प्रस्ताव दर्ता गरेकाले अब सरकारलाई समितिमा नपठाई सदनबाटै पारित गराउन नैतिक संकट परेको छ। सत्तारुढ दलमा रहेको कांग्रेसको सरकारको प्रस्तावलाई संशोधन गर्न प्रस्ताव गरेपछि सरकारले ल्याएको विधेयक संशोधन नगरी पारित हुने सम्भावना देखिएको छैन। यस संशोधनलाई पार्टीले सहयोग गरेमा विधेयक जस्ताको तस्तै बहुमतले पारित हुन सक्ने छैन।

सरकारले ल्याएको विधेयकमा नापी हुँदाका बखत लगतमा गौचर, हाट, हाटघाट वा बजार उल्लेख भएको जग्गामा तोकेको समयावधिअगावै घर टहरा बनाई आबादसमेत गर्दै आएका रहेछन् भने त्यस्तो जग्गा हाल उपयोगमा छैन भन्ने कुरा स्थानीय तहको कार्यपालिकाको निर्णयसहित लेखिआएमा त्यस्तो जग्गा भूमिहीन, दलित, भूमिहीन सुकुम्वासी वा अव्यवस्थित बसोवासीलाई उपलब्ध गराउन बाधा पर्ने छैन भन्ने व्यवस्था गरिएको थियो।

यसैगरी विधेयकमा नदी किनार, तालतलैयाको किनार, राष्ट्रिय निकुञ्ज, आरक्षण, वन क्षेत्र, सडकको मापदण्डभित्र वा अन्य जोखिमयुक्त स्थानमा बसोवास गरिरहेका भूमिहीन दलित वा भूमिहीन सुकुम्वासीलाई अन्यत्रै बसोवासको व्यवस्था मिलाउनुपर्ने भन्ने व्यवस्था गरेको छ।

सर्वोच्च अदालतले पनि हदबन्दीभित्र परेको नेपालभर रहेका कुनै पनि जग्गा तत्कालीन समयमा जुन प्रयोजनका लागि लिएको हो, त्यो पालना नभएको भए तुरुन्तै सरकारको हुने फैसला गरेको छ। जग्गा सट्टपट्टा गर्ने भनी २०७८ वैशाख १३ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको मन्त्रीपरिषद्ले निर्णय गरेको थियो। उक्त निर्णयले हदबन्दीभित्र रहेको जग्गामा केही शर्त राख्दै अन्य प्रयोजनका लागि दिन सक्ने बाटो खुलाएको थियो। गिरिबन्धुले लिएमध्येको ५१ बिघा जमिनमा अहिले घर-घडेरी बनेका छन्। बाँकी जग्गालाई पनि हदबन्दी छुट गराई घरघडेरीमा बिक्री गर्ने प्रपञ्च रच्न थालिएको आरोप सरकारलाई लाग्दै आएको छ।

# बिपी मेमोरियलमा नयाँ प्रविधिबाट 'मायस्थेनिया ग्राभिस' को शल्यक्रिया

**वसन्त ढुंगाना**
*चितवन, जेठ ११*

चितवनको बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा नेपालमै पहिलोपटक नयाँ प्रविधिको प्रयोगबाट 'मायस्थेनिया ग्राभिस' को शल्यक्रिया गरिएको छ। अस्पतालले जेठ ८ गते दाङकी २२ वर्षीया महिलाको सफल शल्यक्रिया गरिएको आइतबार पत्रकार सम्मेलन गरी जानकारी दिएको हो।

'मायस्थेनिया ग्राभिस' को उपचारका लागि थाइमक्स निकाल्न दुरविन र एनेस्थेसिया दिँदा नेपालमै पहिलोपटक नयाँ प्रविधि प्रयोग गरिएको अस्पतालका वरिष्ठ सर्जन डा. विनय ठाकुरले जानकारी दिए। 'यसअघि 'मायस्थेनिया ग्राभिस' को उपचार गर्दा तीनवटा प्वाल बनाएर शल्यक्रिया गरिन्थ्यो। यसपटक छातीमा एउटा मात्रै सानो चिरा पारेर शल्यक्रिया गरिएको हो', उनले भने। यस्ता बिरामीलाई बेहोस बनाउँदा श्वासप्रश्वास नलीमा पाइप राखेर बेहोस बनाउने गरिएकोमा अहिले नयाँ प्रविधि प्रयोग गरेर हातको नलीबाट औषधि दिएर शल्यक्रिया गरिएको उनले बताए।



यस प्रविधिबाट शल्यक्रिया गर्न डा. ठाकुरको नेतृत्वमा पाँच सदस्यीय चिकित्सक टोली खटिएको थियो। यस प्रविधिको प्रयोगबाट ५५ प्रतिशतसम्म खर्च कम गर्न सकिने डा. ठाकुरको भनाइ छ। उनका अनुसार काठमाडौंमा एक वर्षअघि रोग पहिचान गरी ती महिलाले औषधि सेवन गर्दै आएकी थिइन्। 'भारतमा मजदुरी गरेर जीवन निर्वाह गर्दै आएकी उहाँले रोगले च्याप्दै गएपछि काठमाडौं आई उपचार गर्नुभएछ। त्यहाँ चिकित्सकले आजीवन औषधि सेवन गर्न भनेपछि उहाँलाई झन् कठिन भएछ', डा. ठाकुरले भने, 'पछि क्यान्सर अस्पतालमा जान सुझाव दिएपछि यहाँ आउनुभएछ। हामीले उहाँको नयाँ प्रविधिमार्फत शल्यक्रिया गरेका छौं।'

मायस्थेनिया ग्राभिस भएपछि जीवनभर औषधि सेवन गर्नुपर्ने हुन्छ। त्यसको विकल्पमा शल्यक्रिया गरिएको डा. ठाकुरले बताए। शल्यक्रियापश्चात् बिरामीले सेवन गर्नुपर्ने औषधि शून्यमा झार्न सकिने उनले बताए। 'मायस्थेनिया बिरामी भएकाले मासिक २० हजार रूपैयाँ बराबरको औषधि सेवन गर्नुपर्ने हुन्छ', उनले भने, 'थाइमक्स निकालेपछि पुरानै अवस्थामा फर्काउन सकिन्छ। यो रोगका बिरामीको मांसपेसी कमजोर हुँदै जाने र शरीरमा थकान महसुस हुने उनले बताए। मुटु र दुईवटा फोक्सोको बिचमा हुने थाइमक्सले काम गर्न छाडेपछि मांसपेसी कमजोर बन्दै जान्छ। यसले शरीरमा अनावश्यक तत्व उत्पादन गरेर शरीरलाई शिथिल बनाउने डा. ठाकुले बताए। 'यसले काम गर्न छाडेपछि सुरुमा आँखामा असर देखा पर्छ। अन्तिममा फोक्सोसम्ममा असर पुर्‍याउँछ', उनले भने, 'यसबाट क्यान्सर रोगसमेत लागेर मानिसको ज्यान जान सक्छ।' त्यस्ता बिरामीको थाइमक्स निकाल्दा अन्य अंगमा असर नपर्ने उनको भनाइ छ। शल्यक्रियापछि बिरामी छिटो निको हुने र लामो समय अस्पताल बस्नु नपर्ने डा. ठाकुरले बताए।

नेपालमा २२ वर्षसम्मका युवालाई प्रायः यो रोग देखा पर्ने गर्दछ। विश्वमा प्रतिवर्ष एक लाख व्यक्ति बराबर एकजनामा यो रोग देखिने गरेको तथ्यांक छ। २३ वर्षको अवधिमा क्यान्सर अस्पतालमा दुई सय ४० जनाको उपचार गरिएको उनले जानकारी दिए। त्यसमध्ये ४० जनामा क्यान्सरसमेत देखिएको थियो। नयाँ प्रविधिमार्फत शल्यक्रिया गर्न डा. ठाकुरको नेतृत्वमा एनेस्थेसियाका चिकित्सहरूको टोली खटिएको थियो। यसका लागि डा. ठाकुरले एनेस्थेसियाको टोलीसँगै आफ्नो टोलीलाई एकदिने अभिमुखीकरणसमेत गराएका थिए। यो सफल भएपछि उपचारमा संलग्न चिकित्सक र अस्पताल प्रशासनसमेत उत्साहित देखिएको छ।

अस्पतालका एनेस्थेसियोलोजिस्ट डा. रेश्मी थापाले यो शल्यक्रियामा नन इन्कुवेटर प्रविधि प्रयोग गरिएको बताइन्। उनले भनिन्, 'विगतमा यस्तो शल्यक्रिया गर्दा श्वासप्रश्वास नलीमा पाइप राखेर बेहोस बनाउने गरिन्थ्यो। पाइपमार्फत मसल रिल्याक्सिङ औषधिको प्रयोग गरिन्थ्यो, जसले शरीरका सबै अंगलाई प्यारालाइज गर्दथ्यो।' 'मायस्थेनिया ग्राभिस' का बिरामीलाई यसरी बेहोस बनाउँदा जोखिम बढी हुने डा. थापाको भनाइ छ। उनले भनिन्, 'मसल रिल्याक्सिङको प्रयोग गर्दा शल्यक्रियापछि पनि लामो समयसम्म अंगहरू प्यारालाइज हुने, बिरामीले राम्रोसँग श्वास फेर्न नसक्ने र लामो समय भ्यान्टिलेटरमा राख्नुपर्ने हुन्थ्यो।' आधारभूत (बेसिक) इनेस्थेसिक औषधि प्रयोग गरेर बिरामीलाई बेहोस बनाइएको उनको भनाइ छ।

अस्पतालका कार्यकारी निर्देशक डा. शिवजी पौडेलले चिनियाँ सरकारको सहयोगमा प्राप्त उपकरण प्रयोग गरी यो शल्यक्रिया गरिएको बताइन्। यस्ता उपकरण सर्वसुलभ रूपमा नपाइने भन्दै उनले चीनमा पाइने उपकरण ल्याउन आफूले पहल गरेको बताइन्। अस्पतालले अब यो प्रविधिबाट निरन्तर रूपमा शल्यक्रिया गर्ने अस्पतालका अध्यक्ष डा. विजय न्यौपानेले जानकारी दिए। 'मायस्थेनिया ग्राभिस' को शल्यक्रिया नेपालमै निकै कम हुने शल्यक्रियामा पर्ने बताउँदै अन्य विभागमा पनि यो विधि अवलम्बन गरिने उनले बताए।

# परराष्ट्रमन्त्री राणा स्वदेश फिर्ता

काठमाडौं, जेठ ११ (नागरिक)- परराष्ट्रमन्त्री आरजु राणा देउवा पाँचदिने जापान भ्रमण गरी स्वदेश फर्केकी छन्। गएराति आइपुगेकी मन्त्री राणाले भ्रमण उपलब्धिमूलक रहेको दाबी गरेकी छन्। भ्रमणका क्रममा जापानका विदेशमन्त्रीसहित विभिन्न महत्वपूर्ण भेटवार्ता भएको जानकारी दिँदै नेपाल-जापान सहयोग एवं विभिन्न परियोजनाका बारेमा कुराकानी भएको पनि उनले बताइन्। ज्येष्ठ नागरिकका सम्बन्धमा अन्य देशले अपनाएका नीति, त्यहाँका अवस्था तथा व्यवस्थाका बारेमा पनि जान्ने मौका मिलेको पनि राणाले बताइन्।



परराष्ट्रमन्त्री राणा र जापानका विदेशमन्त्री इवाया ताकेसीबिच जेठ ८ गते टोकियोमा द्विपक्षीय भेटवार्ता गरेकी थिइन्। त्यसक्रममा नेपाल-जापान द्विपक्षीय सम्बन्ध, आपसी हित र साझा चासोका विविध विषयमा कुराकानी भएको राणाले जानकारी दिइन्। जेठ ९ गते जापान इन्टरनेसनल कोअपरेसन एजेन्सी, जाइकाका अध्यक्ष डा. तानाका अकिहिकोसँग पनि उनले भेटवार्ता गरेकी थिइन्।

भेटमा मन्त्री राणाले नेपालको आर्थिक, सामाजिकलगायतका विविध क्षेत्रमा विगत लामो समयदेखि जाइकामार्फत जापान सरकारले पुर्‍याउँदै आएको सहयोगका लागि धन्यवाद दिएकी थिइन्। जापानमा रहँदा मन्त्री राणा टोकियोमा आयोजित ज्येष्ठ नागरिकसम्बन्धी एक अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी भई नेपालको तर्फबाट सम्बोधन गरेकी थिइन्।

# महामारीजन्य विपद् नियन्त्रणको तयारी

काठमाडौं, जेठ ११ (नागरिक)- स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल वर्षा सुरु भएसँगै देखिन सक्ने स्वास्थ्य महामारी नियन्त्रण तयारीमा लागेका छन्। मन्त्रालयमा महामारीजन्य विपद्को तयारीमा सक्रिय विभिन्न विभाग तथा महाशाखा प्रमुखसँग बैठक गर्दै मन्त्री पौडेलले समयमै सजगता अपनाउन र आवश्यक तयारी थालिहाल्न आग्रह गरे।

'वर्षाको सिजन सुरु भइसकेको छ', उनले भने, 'पानी तथा कीटजन्य महामारीबाट जोगिन आआफ्नो तर्फबाट आजै तयारी थाल्नुहोला', मन्त्री पौडेलले भने। विपद् आएपछि मात्र सक्रिय हुने प्रचलन रहेको र त्यो उचित नभएको उनले बताए। त्यसैगरी डेंगी फैलन नदिन अहिल्यैदेखि लामखुट्टे नियन्त्रण अभियानको तयारी अघि बढाउन सुझाए। वर्षामा झाडापखाला, टाइफाइड, ज्वरोलगायतका महामारी वर्षापछि दुषित पानीका कारण फैलने हुनाले सजकताका साथ काम गर्न पौडेलको सुझाव छ। मन्त्रालयले भारतलगायतका देशमा कोभिड देखिएकाले सीमा नाकामा कडाइका लागि पर्याप्त व्यवस्थापन गर्न आवश्यक रहेकाले तीनवटै सरकारसँग समन्वय गर्ने गरी काम अघि बढाइरहेको उनले बताए।

# घुस मागेको आरोपमा कालोमोसो दल्न खोज्दा भागे वडा सचिव

**सन्देश श्रेष्ठ**
*पोखरा, जेठ ११*

पोखरा महानगरपालिका वडा नं ३ का सचिव मोहन ढुंगानामाथि घुस मागेको आरोप लागेको छ। अदालतको आदेशअनुसार छोरीको जन्मदर्ता गर्न र नागरिकताका लागि सिफारिस माग्न वडा कार्यालय पुगेका सेवाग्राही मिरा पुनसँग वडा सचिव ढुंगानाले तीन लाख घुस मागेको आरोप लागेको हो। घुस मागिएकी सेवाग्राही एकल महिला हुन्।

जिल्ला अदालत र उच्च अदालत धाएको ६ वर्षपछि पतिसँग उनको नाता प्रमाणित भएको थियो भने मानाचामल भराउने आदेश आएको थियो। सोही आदेशका आधारमा छोरीको जन्मदर्ता लिन वडा कार्यालय पुगेकी उनलाई वडा सचिवले विभिन्न बहाना बनाएर डेढ महिना झुलाउँदै घुस मागेको आरोप छ। पीडित पुनका अनुसार वडा सचिवले प्रमाण र कागजात पुगेको भए पनि जन्मदर्ता र नागरिकता सिफारिसका लागि तीन लाख मागेका थिए।

आफूसँग त्यत्रो रकम छैन भन्दा डेढ लाख रूपैयाँ दिएमा छोरीको जन्मदर्ता मात्रै भए पनि गराइदिने वचन दिए, तर त्यत्रो रकम पनि आफूसँग नभएपछि आफूले ५० हजार मात्रै दिन सक्ने बताएको तर त्यतिमा वडा सचिवले नमानेको उनको दाबी छ। 'मैले ५० हजार मात्रै दिन सक्छु भनें', उनले भनिन्, 'तर त्यतिले पुग्दैन भन्दै डेढ महिना झुलाइरहे।' 'मैले कागजात नपुगेर पैसा माग्नुभएको हो भनेर सोधें', उनले अगाडि थपिन्, 'मैले कागजात पुगेन भनेको छु र ? कागजात नपुगेको होइन, मिलाउन अलिकति रकम दिनुपर्छ मात्र भनेको हुँ भनेर वडा सचिव ढुंगानाले भन्नुभयो।'

पीडित पुनले वडा सचिव ढुंगानाले आफूसँग घुस माग्नुका साथै मानसिक तनाव पनि दिएको गुनासो गरिन्। वडामा जाँदा मोबाइल लिएर जान नदिने तथा शरीर खानतलासी गर्नेसम्मको हर्कत गरेको उनको आरोप छ। 'वडा सचिवको कार्यकक्षमा जाँदा मोबाइल लिएर जानै नदिने', उनले भनिन्, 'मोबाइल थुतेर बाहिरै राखिदिने अनि शरीर पनि खानतलासी गरेर मात्रै भित्र जान दिने गरे।' घुस मागेको भ्वाइस रेकर्ड गर्छ कि भन्ने शंकाले मोबाइल राख्नेदेखि शरीर खानतलासी गरेको उनको भनाइ छ।

त्यति मात्र होइन वडा सचिवले गोप्य कुरा गर्न भन्दै रेस्टुरेन्टमा समेत भेट्न बोलाएर हजारौंको बिल तिराएको उनले बताइन्। 'पोखराको महेन्द्रपुलस्थित मारवाडी भोजनालयमा साँझ पाँच बजेपछि बोलाए', उनले भनिन्, 'त्यहाँ विनाकारण बार्गेनिङ गर्दै राती नौ बजेसम्म राखे। बसुञ्जेल मन परेका परिकार खाए अनि निस्कने बेलामा एक झोला मिठाइ पनि लगे।' उनले त्यो बसाइमा मिठाईको मात्र तीन हजार एक सयको बिल तिरेको दाबी गरिन्।

वडा सचिव ढुंगानाले घुस मागेको सकारेका छन्। उनले बोलेको एक भिडियोमा आफू प्रलोभनमा परेको स्विकारेका हुन्। आफैंले घुस नमागेको भन्दै उनले अगाडि भनेका छन्, 'सेवाग्राहीले नै पैसा दिन्छु भनेपछि लिन्छु मात्र भनेको हुँ। तर मैले त्यस्तो गर्नु हुँदैनथ्यो।' पीडित पुनले घुस काण्डमा वडाध्यक्ष प्रकाश उदास र वडाका अर्का कर्मचारी विकास पुनको पनि संलग्नता रहेको दाबी गरेकी छन्। उनले भनिन्, 'पछिल्लो समय सबै कुरा विकाससँग गर्नु भन्नुहुन्थ्यो अनि वडाध्यक्षलाई पनि भाग दिनुपर्छ भन्नुहुन्थ्यो।'

यसैबीच आइतबार वडा सचिव ढुंगानालाई जुत्ताका माला र कालोमोसो लगाउने प्रयास भएको थियो। पीडित महिलालाई लिएर पुगेका पुन समाज र नेवा मिसा पुचः नदीपुर र तेर्सापट्टिका महिलाले ढुंगानालाई जुत्ताका माला र कालोमोसो लगाउने प्रयास गरेका हुन्, तर वडा सचिव आफूमाथि दुर्व्यवहार हुने सुइँको पाएपछि भागेको स्थानीय रजनी श्रेष्ठले बताइन्। 'अदालतले दिनू भनेपछि वडाले किन रोक्नुपर्‍यो ?', प्रश्न गर्दै उनले भनिन्, 'महिलाले न्याय पाउनुपर्‍यो। दोषीमाथि कारबाही पनि हुनुपर्‍यो।'

वडाध्यक्ष प्रकाश उदासले घुस काण्डमा आफूलाई मुछ्नु बेकारको कुरा भएको बताए। घुस काण्डमा आफ्नो संलग्नता अस्वीकार गर्दै उनले भने, 'यसबारेमा मलाई केही पनि जानकारी छैन।' उनले आफूमाथि घुस मागेको प्रमाणित गरे जस्तोसुकै कारबाही भोग्न तयार रहेको बताए। वडा सचिव आफैंले घुस मागेको स्वीकारेको देखिएको भन्दै उनले भने, 'यो सत्य हो भने वडा सचिव ढुंगानामाथि कारबाही हुनुपर्छ। मेरो पनि संलग्नता देखियो भने ममाथि कारबाही होस्, तर नाम जोडेर बदनाम मात्रै नगरियोस्।' वडा सदस्य नवीन लामाले घुस काण्डमा जो-जो संलग्न छन्, ती सबैमाथि कारबाही हुनुपर्ने बताए। घुस काण्डले वडा नं ३ का साथै समग्र जनप्रतिनिधिको बेइज्जत गरेको उनको भनाइ थियो।

वडा सचिव भागेपछि पीडित पक्षले दोषीमाथि कारबाही र पीडित महिलालाई न्याय दिन माग गरेका छन्। पीडित महिलाकी छोरी निस्मा पुनको जन्मदर्ता र नागरिकताको सिफारिस गरिदिनुपर्ने पीडित पक्षकी शारदा प्रजुले बताइन्। 'त्यसमा वडाध्यक्ष उदास पनि सहमत भएका छन्। म पनि पीडित महिलाको न्यायका पक्षमा छु', उनले भने, 'नागरिकता सिफारिस र जन्मदर्ता मैले गर्ने होइन, नयाँ वडा सचिव आएपछि मिल्ने रहेछ भने दिनू भन्छु। वडा सचिव आउन ढिलाइ हुने भयो भने महानगरका पञ्जाधिकारीले हेरेर पनि दिन सक्छन्, त्यसका लागि म पहल गर्छु।'


**मिथिला नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ढल्केवर, धनुषा,
मधेश प्रदेश, नेपाल

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मितिः २०८२/०२/१२ गते

मिथिला नगरपालिकाद्वारा उल्लेखित कार्यको लागि दोस्रो पटक सूचना प्रकाशित मिति २०८२।०१।१४ गते नागरिक राष्ट्रिय दैनिक पत्रिका तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टलमा प्रकाशित बोलपत्र आब्हानको सूचना बमोजिम प्राप्त हुन आएका प्रस्तावदाताहरुबाट तपशिल बमोजिमको प्रस्तावदाताको बोलपत्र स्वीकृतीका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम बोलपत्र स्वीकृत गर्न आशयको सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | बोलपत्र नं. | कामको विवरण | छनौट भएको प्रस्तावदाताको नाम र ठेगाना | कबोल रकम रु. (मू.अ.कर र पि.एस.सहित) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | MM/SQ/Works/03/2081/82 | Construction of wada no-1 ko adhuro wada karyalay | Nandani Construction, Chireshwornath, Dhanusha | 18,80,079.5 | |

प्रमुख प्रशासकिय अधिकृत



**टोखा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मैजुहिटी काठमाडौं।**

**विद्युतीय बोलपत्र आव्हानको सूचना**

**प्रकाशित मितिः २०८२/०२/१२**

यस कार्यालयको तपशिल बमोजिमको कार्य विद्युतीय बोलपत्र(E–Bid) को माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत प्राप्त ब्यबसायीहरुबाट रितपूर्वक बोलपत्र आव्हान गरिएको छ। वृस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.bolpatra.gov.np/egp वा यस कार्यालयको वेवसाईट www.tokhamun.gov.np मा हेर्नुहुन समेत सूचित गरिन्छ।

| ठेक्का नं. | खरिद सम्बन्धी बिवरण | फाराम दस्तुर (रु.) | जमानत रकम (रु.) | जमानत मान्य अवधि | पेश गर्ने अन्तिम मिति र समय | खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| 32/NCB/TM/G/2081-82 | Procurement of Interactive Smart Board (Flat Panel 75 inch with OPS) | ३,०००/- | १,००,०००/- | १२० दिन | असार ११,२०८२ मध्यान्ह १२ बजे | असार ११, २०८२ दिनको १ बजे |

प्रमुख प्रशासकीय अधिकृत

गरिबी र मोटोपनबीचको सम्बन्ध कृषि नीति र अनुदानबाट पत्ता लगाउन सकिन्छ।
– माइकल पोलन

# अनुदानमा अनियमितता

भनिन्छ, आहाराको चरी आसिकले बाँच्दैन। बाँच्नका निम्ति खानु पर्छ। खाना कृषिकर्मबाटै प्राप्त हुन्छ। हाम्रा शास्त्रले जीवन बनाउने अन्नको महत्ता ठुलो रहेको बताएका छन्। अन्नलाई ब्रह्मा (सृष्टिकर्ता)का रूपमा लिइएको छ। मानिस जतिसुकै प्रभावशाली भए पनि नखाई हुँदैन। त्यसैले कृषि पेसा सबैभन्दा उन्नत मात्र हैन, अत्यावश्यकसमेत छ। यही कारण जतिसुकै सम्पन्न मुलुकले पनि यसलाई प्राथमिकतामा राख्दै आएका छन्।

यही प्राथमिकतामा राखेकै कारण कृषि पेसामा आबद्ध किसानलाई प्रायः राज्यले अनुदान दिने गरेका छन्। यसरी अनुदान दिँदा तिनको लागत खर्चमा सघाउ पुग्छ। यसबाट तिनको पेसाबाट पछि हट्ने अवस्था सिर्जना हुन्छ। अमेरिकादेखि हाम्रै छिमेकी भारतसम्मका सरकारले कृषकको मनोबल बढाउन, घाटाबाट जोगाउन र मनोबल उच्च राख्न अनुदानको बाटो पहिल्याएका छन्। यही कारण विश्व खाद्य असुरक्षाको जोखिमबाट मुक्त हुँदै आएको छ यद्यपि केही मुलुक भने अपवादका रूपमा भोकमरी सामना गरिरहेका छन्।

नेपाल पनि कृषि क्षेत्रमा अनुदान दिने मुलुकमै पर्छ। मुलुक नै कृषिप्रधान भएकाले यो स्वाभाविक पनि हो। तर पछिल्लो समय अनुदान वास्तविक किसानसम्म नपुग्ने र अनुदान पाउनेले कृषि नगर्ने वातावरण सिर्जना हुँदै गएको छ। जसका कारण एकातर्फ राज्यबाट कृषिका नाममा अनुदान गएको गयै हुने तर जसका लागि दिइएको हो उसले भने पत्तै नपाउने अवस्था देखिइरहेको छ। यसरी हेर्दा किसान र अनुदानबिच कुनै तादात्म्य छैन।

> सरकारी कर्मचारीहरू खेतीयोग्य जमिन बाँझो हुने क्रम बढेकाले उत्पादन बढ्न नसकेको बताउँछन्। तर एउटा कारण यो भए पनि अर्को मुख्य कारणचाहिँ अनुदानको दुरूपयोग हो।

बितेका पाँच वर्षमा सरकारले १२ अर्ब रुपियाँ कृषिका लागि अनुदान दिएको तथ्यांक सार्वजनिक भएको छ। यसरी अनुदान दिइएपछि त्यसको परिणाम सार्थक देखिनुपर्ने हो तर विडम्बना नै भन्नुपर्छ, उत्पादन बढ्न सकेको छैन। उत्पादनमा अनुदानको भूमिका नदेखिएको तथ्यांकले पुष्टि गरेको छ। यसबाटै प्रष्ट हुन्छ अनुदान सही ठाउँमा परेको छैन। जहाँ अनुदान परेको छ त्यहाँ किसान थिएनन्। परिणाम- कृषि अनुदानमाथि अनियमितता भयो। जसले परिणाम ल्याउने कुरै भएन।

महालेखा परीक्षकको ६२औँ प्रतिवेदनअनुसार विगत पाँच वर्षमा कृषिमा दिइएको अनुदान र उत्पादन तुलना गर्दा खाद्यान्न उत्पादन वृद्धिमा गरिएको लगानीमाथि प्रश्न उठेको छ। एकातिर हरेक वर्ष उत्पादन बढाउने लक्ष्यसाथ अनुदान वृद्धि गर्दै लगिने अर्कोतिर परिणाम भने एकाध प्रतिशतले पनि नबढ्ने भएपछि यस्तो अनुदानमाथि शंका उब्जनु स्वाभाविक हुन्छ। उदाहरणका लागि आर्थिक वर्ष २०८०/८१ मा कृषि क्षेत्रको वृद्धि दर ५.८ प्रतिशत पुर्‍याउने लक्ष्य सरकारको थियो जबकि प्रगति भने ३.०५ प्रतिशत मात्र हुन सक्यो। यसबाट पनि लक्ष्य र प्रगतिबिच रहेको खाडल बुझ्न सहज हुन्छ।

सरकारी कर्मचारीहरू खेतीयोग्य जमिन बाँझो हुने क्रम बढेकाले उत्पादन बढ्न नसकेको बताउँछन्। तर एउटा कारण यो भए पनि अर्को मुख्य कारणचाहिँ अनुदानको दुरूपयोग हो। नेपालमा धेरैखाले किसान छन्। एकथरी पूर्वकिसान छन् जो कुनैबेला किसानी गरेकै आधारमा अहिले विभिन्न नियुक्तिमार्फत त्यसैको पेन्सन खाएर बसेका छन् तर खेती गर्दैनन्। अर्कोथरी यस्ता कस्मेटिक किसान छन् जो कौसीको गमलामा एकाध भन्टा र फर्सी फलाएको तस्बिर फेसबुकमा राखे छन् र आफू निकै ठूलो परिश्रमी किसान भएको दाबी गर्छन्। अर्कोथरी टिकटक किसान छन् जो अर्काको उत्पादनमाथि बसेर नाच्छन् र आफैँलाई वास्तविक किसान दाबी गर्छन्। अनि एकथरी चाहिँ अनुदान किसान छन् जो अनुदान पाइने दुला दुला पत्ता लाउँछन् र फुत्काइ छाड्छन्। तिनका खेतीपाती, गाईवस्तु र फलफूल कागजमा मात्र उत्पादन हुन्छन्।

खासमा अनुदान यस्तैले पाउने भएपछि वास्तविक किसान हिस्स पर्नु स्वाभाविक हो। वास्तविक उत्पादक शक्तिसम्म अनुदान/सहयोग नपुगेपछि त्यसले उत्पादन बढोस् पनि कसरी ? यो कुरा अनुदान उपलब्ध गराउने कर्मचारीलाई पनि राम्रोसँग थाहा छ। तर मुलुकको अन्य क्षेत्रमा झैँ यस क्षेत्रमा पनि सेटिङको जरा निकै मौलाएका कारण यो तोड्न हम्मे छ। त्यसैले अनुदानअनुसारको प्रतिफल खोज्ने हो भने यसको सदुपयोग हुनुपर्छ। कृषिका लागि दिइने अनुदान वास्तविक किसान पहिचान गरेर मात्र दिनुपर्छ। अनुदाने किसान र उसलाई अनुदान दिलाउनकै लागि खडा गरिएको सेटिङ भत्काउनुपर्छ र यसका मतियारहरूलाई कारबाहीको दायरामा ल्याउनै पर्छ। तब मात्र अनुदान वास्तवमै लक्ष्य चुम्न सक्षम हुनेछ।



फा.डा. अगस्टिन थोमस एस.जे.



देवेन्द्र पौडेल

# पोप फ्रान्सिसले छरेको सुवास

**पोप हुनुको अर्थ उनले धार्मिक उत्तरदायित्वमा सीमित गरेनन् बरु पीडितका घाउमा मलम बनेर अनि जीवनयात्रामा अल्मलिएकाहरूका मित्र बनेर आफ्नो भूमिका निर्वाह गरिरहे।**



एउटा सादगीपूर्ण जीवनशैली, सामाजिक न्यायप्रतिको अटुट निष्ठा अनि सेवा र आत्मीयताका माध्यमबाट सुगन्ध छर्ने अभियन्ताको पर्याय हुन् पोप फ्रान्सिस। उनले एकपटक भनेका थिए- 'गोठालामा भेडाको महक हुनुपर्छ।' वास्तवमा उनले राखेको यस धारणामा परबाट जारी गरिने कुनै हैकम वा शक्ति नभई नजिकको करुणा, सम्बन्ध र साझा अनुभव झल्कन्छ। कवि लेखनाथ पौडेलको उपकारी गुणी व्यक्ति निहुरन्छ निरन्तर,फलेको वृक्षको हाँगो नझुकेको कहाँ छ र भन्ने कविता ,जस्तै महान् व्यक्तिहरूको सरलता र लचकता साँच्चै नै अनुकरणीय हुने गर्छ। पोप फ्रान्सिस पनि यस्तै फलेका वृक्ष जस्तै थिए।

पोप फ्रान्सिसको जीवनयात्रा यही सरल व्यवहार र असल मित्रताबाट सुरु भएको थियो। उनको यो विचार केवल क्याथोलिक चर्च र धर्मगुरुहरूका लागि मात्र होइन, नेतृत्व के हो र कस्तो हुनुपर्छ भन्ने विषयमा पनि केन्द्रित छ र यस विषयमा उनले हरहमेसा हामी सबैलाई सोच्न आह्वान गरेका छन्। उनमा कहिल्यै पनि शक्तिको उन्माद रहेन र कहिल्यै उनले आफूलाई सत्ताको उचाइबाट हेरेनन्। सधैँ जनताको नजरबाट हेरे। पोप हुनुको अर्थ उनले धार्मिक उत्तरदायित्वमा सीमित गरेनन् बरु पीडितका घाउमा मलम बनेर अनि जीवनयात्रामा अल्मलिएकाहरूका मित्र बनेर आफ्नो भूमिका निर्वाह गरिरहे।

नेता जनतासँग यति धेरै नजिक हुन्छन् भन्ने एउटा गज्जबको उदाहरण बनेका पोप फ्रान्सिस साँच्चै नै जनताका दुःख सङ्घर्षसँग निकै निकट थिए। महक वा वासना व्यक्तिगत र नजिकबाट महसुस गरिने कुरा हो। यो त नजिक रहेर, नजिकबाट अँगालेर र निकट उठबसबाट थाहा पाइने कुरा हो। यही निकटताबाट व्यक्तिले अरूसँग भिज्न र आफूलाई परिवर्तन गराउन सक्छ अनि अरूका दुःख, पीडा र भोगाइको हिस्सेदार बन्न सक्छ। पोप फ्रान्सिसले पनि जीवनभरि यिनै र यस्तै उदाहरणीय काम गरेका छन्। उनले क्याथोलिक मात्र होइन, सबै धर्म, जाति र सम्प्रदायका दुःखी, पीडित, बेसहारा र भुइँमान्छेहरूसँग सधैँ निकट रहे र उनीहरूका जीवनका वासना र रङहरूलाई आफ्नै दुःख र भोगाइका रूपमा लिएर अनुभूति गरे।

**सेवक नेतृत्वका व्यक्तित्व**

पोप फ्रान्सिसमा कुनै पनि किसिमको दम्भ र अहंकार थिएन। उनको नेतृत्वलाई अहिले पनि धेरैले सेवक नेतृत्व भन्ने गर्छन्। अझ सूक्ष्मरूपमा उनले नेतृत्वलाई गोठालो नेतृत्व पनि भन्ने गरिन्छ। उनले नेतृत्वलाई कहिल्यै आदेशका रूपमा लिएनन् बरू साथी भएर हिँड्ने र साथी बनेर सुनिरहने तथा सिकिरहने व्यावहारिकतामा आधारित नेतृत्वलाई पछ्याइरहे।

पोप बनेको क्षणदेखि नै फ्रान्सिसले नयाँ बाटो रोजका थिए। उनले विलासितालाई त्यागे र सादा पहिरनलाई गहना बनाए अनि सामान्य कार चढे र आलिसान बङ्गला नरोजी सामान्य घरको बसाइमा रमाए। दुःखी बिरामीहरूको साथमा रहे र शरणार्थीहरूसँग समय बिताए। उनले भव्यता खोजेनन्, सधैँ विनम्रता रोजे। हातमा शक्तिको राजदण्ड घुमाएनन् बरु मटुभरि करुणा बोकेर बाँचे। उनी वास्तवमा जनताका बीचबाट उठेका एउटा सच्चा आत्मिक अगुवाका रूपमा चिनिन्छन्। साँच्चै उनका सन्देश चर्को स्वरबाट नभई स्पर्शबाट महसुस गरिने किसिमका थिए। बोलीमा सान्त्वना, अनुहारमा आत्मीयता र सम्बन्धमा रहेको निकटताले उनी धेरैका आँखाका नानीमा राखे पनि नबिझाउने प्रबुद्ध व्यक्तित्व बन्न पुगेका हुन्।

उनी नयाँ भूगोल खोज्ने कोलम्बस जस्तै नेतृत्वको नयाँ आयाम र परिभाषा खोज्ने व्यक्तित्व हुन्। उनी मञ्चबाट आदेश दिने नेतृत्व कहिल्यै भएनन्। सडकमा भेट हुने जो कोहीले पनि महसुस गर्न सक्ने, जन-जनको आवाजलाई सुन्न सक्ने र साथ दिने धर्मगुरुका रूपमा आफूलाई सिद्ध सावित गरेका थिए। त्यसैले भन्ने गरिन्छ, पोप फ्रान्सिस एउटा नाम मात्र थिएनन्, उनी एउटा स्पर्सकर्ता र अनुभूति हुन्। उनले गरिबी निवारण र जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि पनि मञ्चबाट नभई साझा चिन्ताको थलोबाट नेतृत्व प्रदान गरेका थिए।

साँचो शक्ति सेवाबाट आउँछ र प्रभाव करुणाबाट जन्मन्छ भन्ने मान्यतालाई पोप फ्रान्सिसले संसारलाई सम्झाए। अन्धो आज्ञा पालन गर्ने दासत्व प्रवृत्तिलाई अस्वीकृत गर्दै सँगसँगै पाइला चाल्न र हिँड्न प्रेरित गरिरहे। त्यसैले उनका यिनै आदर्श विचारले मानिसमा रहेको अविश्वास र शङ्का हट्दै गए र धेरै मानिस उनीप्रति आकर्षित बन्दै गएका पाइन्छ। यिनै गुणले गर्दा संसारलाई नजिकबाट नियाल्ने, नजिकका नेता र आफूलाई भेट्ने जति सबैका निम्ति वास्तविक नेतृत्वका रूपमा स्थापित भए।

*सुगन्ध जो रहिरहन्छ*
*उड्दैन फूलको रङ्ग सुक्दैन महको रस*
*छ जीवन तिमीभित्र बन जीवन्त मानिस*

> साँचो नेतृत्वले करुणा र नम्रतालाई शक्तिका रूपमा उपयोग गरेको हुन्छ। सत्यको मार्गबाट सबैप्रति गहिरो प्रेम बाँड्दै सुवासमय जीवन बनाउनु उत्कृष्ट नेतृत्वको विशेषता हो।

राष्ट्रकवि माधवप्रसाद घिमिरेको यो काव्यिक मर्म जस्तै पोप फ्रान्सिसको नेतृत्व सुगन्धको अमिट छापबाट जो कोही प्रभावित भएको पाइन्छ। छोटो समयका लागि भए पनि जब कोही असल मान्छे तपाईँ हाम्रो जीवनमा आउँछन् त्यसको गहिरो छाप तपाईँ हामीमा जुग-जुगन्तसम्म रहिरहन्छ।

पोप फ्रान्सिसले आफ्नो सुकर्मका माध्यमबाट सबैलाई आध्यात्मिक र आत्मिक अंकमाल गरेका छन्। उनको यो हार्दिकतामय अङ्गालोमा बाँधिने जति सबैले सहानुभूति, साहस र आत्मयीताको सुगन्ध महसुस गर्दै जान थाले। उनका सुकर्महरूको सुवास चारैतिर फैलिँदै गयो र यसको प्रभाव कतिपय धार्मिक अभियन्ताहरू तथा युवाहरूमा पनि देखिँदै जान थाल्यो। फलस्वरूप धार्मिक नेताहरूले गरिबहरूप्रति सहानुभूति र सादगीपूर्ण विचार राख्न र सोहीअनुसारको व्यवहार प्रदर्शन गर्न थाले भने उनीबाट प्रभावित भई युवाहरूले न्याय र गरिबीका पक्षमा आवाज उठाउन थाले।

**जिम्मेवारीसहितको आँट**

पोप फ्रान्सिस आलोचनासँग डराउने व्यक्तित्व थिएनन्। यद्यपि उनले गरेका कामका विषयले चर्चलाई आलोचित गरेन। सधैँभरि समाधान र उपचारमुखी कर्म गर्ने फ्रान्सिसले आफ्नाबारे गरिएका गुनासा, बहाना र आलोचनाको कुनै प्रवाह गरेनन् किनभने आफूलाई चिन्नुपर्ने र बुझ्नुपर्ने मानिसले चिनेका छन् भन्ने कुरामा उनी निश्चिन्त थिए। सन् २०१५ मा बोलिभियाको भूमिमा उभिएर उनले उपनिवेशवादको खरो विरोध गरे। त्यहाँका उपनिवेशवादीहरूले स्थानीय जनजातिहरूमाथि गरेको दमन, अपमान र घृणाको विरुद्धमा आवाज उठाइरहे।

उनी सन् २०१९ मा रोमानिया पुगे र त्यहाँ पनि उनले चर्चका तर्फबाट भएका गल्तीका लागि क्षमायाचना गरेका थिए। त्यस्तै सन् २०२२ माउनी क्यानडा गए र चर्चद्वारा सञ्चालित आवासीय विद्यालयहरूमा भएका दुष्टतापूर्ण दुर्व्यवहारबारे त्यहाँका आदिवासीका बीच प्रत्यक्ष रूपमा आफ्ना धारणा राखेका थिए। उनले यी क्षणहरूमा गरेका कुरा केवल औपचारिकता पूरा गर्न वा चर्चको छवि जोगाउनका लागि मात्र गरिएका थिएनन्। यी कुरा त सत्य र विनम्रताका साथ गरिएका साहसिक कदम थिए। यस क्रममा भोगेका पीडादायी सत्यहरूलाई स्वीकार गर्दै उनले हामी गल्ती थियौँ भन्ने कुरामा चट्टानी अडान पनि लिएका थिए।

**फैलँदो सुवासको प्रभाव**

सुवास मनको मुस्कान हो। यो आँखाले होइन, हृदयले देख्ने र सुन्ने कुरा हो। मनको पर्खालमा लुकेको शीतल भावना हो। जीवनलाई सुवासमय बनाउन चाहेर पनि सबैले सकेका हुँदैनन्। अझ नेतृत्वमा रहेर सुवास छर्नु सजिलो कुरा होइन। नेतृत्वको शक्ति महसुस गर्न वा कुनै कुराको प्रत्यक्ष अनुभूति गर्नका लागि तपाईँ हामी कोही पनि क्याथोलिक वा धार्मिक हुनुपर्दैन। यो त आपसी सम्बन्ध र हार्दिकतामा निर्भर रहने कुरा हो। यो सम्बन्ध र हार्दिकताले मात्र अरूका पीडा महसुस गर्न सकिन्छ। यसले अरूलाई छुने मात्र होइन, आफैँ अरूको संवेदनाबाट छुइन सक्ने बनाउँछ।

पोप फ्रान्सिस पनि मानिसका नजिक पुगेर उनीहरूका संवेदना सुनिरहने व्यक्तित्व थिए। उनले आफ्ना विचार र कर्मले चर्चलाई मात्रै होइन, विश्वव्यापी संवादको स्वरूप नै बदलिदिएका छन्। उनी बार्दलीमा बसेर अरूलाई आदेश गर्ने नेतृत्व थिएनन्, मानिससँग सधैँ सँगसँगै यात्रा तय गर्दथे।

**हामीले छाड्ने वासना**

साँचो नेतृत्वले करुणा र नम्रतालाई शक्तिका रूपमा उपयोग गरेको हुन्छ। सत्यको मार्गबाट सबैप्रति गहिरो प्रेम बाँड्दै सुवासमय जीवन बनाउनु उत्कृष्ट नेतृत्वको विशेषता हो। हरेक व्यक्ति आफ्ना मूल्य, मान्यता, निर्णय, विचार र उपस्थितिहरूको वासना बोकेर हिँडेको हुन्छ। यो कुरा केवल सेतो वस्त्र लगाएका व्यक्तिको मात्र होइन।

त्यसो भए यहाँ महत्त्वपूर्ण प्रश्न के हो भने हामीले अरूको जीवनमा कस्तो सुगन्ध छोडेका छौँ त ? यसै सन्दर्भमा पोप फ्रान्सिसले अरूको विचार र व्यवहारले हामीलाई प्रभावित बनाए जस्तै हामी पनि अरूलाई प्रभावित बनाउन सक्छौँ र परिवर्तन गर्न सकिन्छ र सम्भव हुन्छ भन्ने कुरा देखाएका छन्। फ्रान्सिसमा रहेको सुगन्ध प्रेम, करुणा र साहसको हो। पोप फ्रान्सिसले भने जस्तै त्यस्तो करुणा र प्रेमको वासना नर्सिङ सेवामा देख्न सकिन्छ। अध्ययनका लागि संघर्ष गरिरहेका विद्यार्थीलाई हरहमेसा साथ दिने शिक्षकमा भेट्न सकिन्छ। एकआपसमा साथ सहयोग, ऐँचोपैँचो र एकताको भाव सुनिश्चित गर्ने छिमेकीमा देख्न सकिन्छ। वास्तवमा यही सुवास हो पोप फ्रान्सिसले बोकेको र अहिले धेरैले ग्रहण गरिसकेको।

# अक्षम्य नीतिगत भ्रष्टाचार

**लोकतान्त्रिक प्रणाली अवलम्बन गरेका मुलुकमा नीतिगत भ्रष्टाचार अक्षम्य हुन्छ। नीतिगत भ्रष्टाचारले व्यक्तिगत, सामाजिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय र मानवीय तहमा प्रतिकूल प्रभाव पार्छ।**



उपेन्द्रबहादुर विक

मन्त्रीपरिषद् र कुनै विशेष प्रकृतिको संस्थालाई विशेष परिस्थितिमा काम गर्न सहज होस् भनेर केही खुकुला एवं प्रावधानसहितको कानुनी व्यवस्था गरिएको हुन्छ। तर त्यस्तो विशेष अधिकार दुरूपयोग गरेर निर्णय गर्ने, कुनै पदाधिकारी वा समूहले फाइदा लिने, राष्ट्रिय सम्पत्ति दुरूपयोग गर्ने वा गराउने काम पनि नीतिगत भ्रष्टाचारको दायरामा पर्छ।

मन्त्रीपरिषद्लाई नियमावली, निर्देशिका, कार्यविधि आदि बनाउन सक्ने अधिकार हुन्छ। तर भइरहेको प्रावधानमा आधिकारिक संशोधन नगरी राष्ट्रको सम्पत्ति नोक्सान वा दुरूपयोग हुने गरी भएका विपरीत निर्णय पनि नीतिगत भ्रष्टाचार मानिन्छ। नेपालमा आर्थिक सहयोगका अनेकौं निर्णय यस किसिमका दुरूपयोगका उदाहरण हुन्। अख्तियार दुरूपयोग अनुसन्धान ऐनमा मन्त्रीपरिषद्ले गरेका नीतिगत निर्णयमा आयोगले अनुसन्धान गर्न नसक्ने प्रावधान राख्नु तर नीतिगत निर्णय के हो भनेर परिभाषा नगर्नु पनि भ्रष्टाचारजन्य कार्य बचाउने एक उल्लेखनीय कानुनी छिद्र हो।

लोकतान्त्रिक शासन व्यवस्थामा कार्यकारी अधिकार प्रयोग गर्ने प्रमुख संयन्त्र मन्त्रीपरिषद् हो। तर यसले गर्ने सबै निर्णय नीतिगत हुँदैनन्। अझ व्यवहारमा एकातर्फ के स्पष्ट हुन्छ भने नीतिगत निर्णयले नै भ्रष्टाचारजन्य कार्य हुन गई सार्वजनिक सम्पत्ति नोक्सान हुन्छ भने अर्कोतर्फ त्यस उपरसमेत आयोगले अनुसन्धान गर्नसक्ने व्यवस्था कायम गर्नु आवश्यक रहेको छ।

कुनै विषयमा गर्नुपर्ने निर्णय नगरेर वा ढिलो निर्णय गरेर हुने भ्रष्टाचारसमेतलाई नीतिगत भ्रष्टाचारका रूपमा लिइन्छ। कतिपय विषयका सम्बन्धमा निर्दिष्ट समयभित्र निर्णय हुनुपर्छ। तर सम्बन्धित तहले निर्णय नगरे वा ढिलो गरेमा त्यसले कुनै व्यक्ति वा अमुक समूहलाई फाइदा पुग्छ र देशलाई घाटा हुन जानसक्ने अवस्था सिर्जना हुन्छ। खासगरी कुनै विपद्को समयमा ठुला आयोजनामा आइपरेका समस्या समाधान गर्ने अवस्थामा र कुनै विषय छानबिनको निष्कर्ष कार्यान्वयनमा लैजाने सम्बन्धमा तत्काल वा निश्चित समयभित्रै निर्णय गर्नुपर्ने अवस्था हुन्छ। यस्ता विषयमा समयमा निर्णय नगरिएका कारण राष्ट्रिय सम्पत्तिमा हानिनोक्सानी हुन्छ।

कुनै व्यक्ति, समूह वा निर्णय गर्ने जिम्मेवार पदाधिकारीले फाइदा लिन्छ। यस्तो अवस्थाको भ्रष्टाचारलाई पनि नीतिगत भ्रष्टाचारका रूपमा लिइन्छ। खासगरी ठुला आयोजनामा काम सकिन लागेका बेला सम्बन्धित निकायले चलखेल गरी काम सकिन नदिने र ढिलाइ हुँदा बढ्ने आयोजनामा खर्च धेरै देखाएर त्यसबाट फाइदा लिनाले ठुलो धनराशि नोक्सान हुने गरेको अवस्था छ। आफ्नो स्वार्थ गाँसिएको विषयमा आफैं संलग्न भई गरिने निर्णयको आधारमा हुने भ्रष्टाचारलाई पनि नीतिगत भ्रष्टाचारका रूपमा लिइन्छ।




आफ्नो स्वार्थ गाँसिएको विषयमा आफैं संलग्न भएर गरिने निर्णय र त्यस्तो निर्णयका आधारमा राष्ट्रिय सम्पत्तिको नोक्सान हुने वा भएमा नीतिगत भ्रष्टाचार मानिन्छ। यसमा मुख्य दुई किसिमले स्वार्थ गाँसिएको विषय प्रवेश हुन्छ। पहिलो, कानुन वा नीति बनाउने संयन्त्रमा रहेर आफ्नो स्वार्थसँग सम्बन्धित विषयको निर्णयमा सहभागी भएर सो पदाधिकारी संलग्न रहेको संस्थालाई लाभ पुग्ने र राष्ट्रलाई नोक्सान हुने। दोस्रो, कुनै संस्थामा नियुक्त पदाधिकारीले सो संस्थाको निर्णय तहमा रही आफूसँग सम्बन्धित विषयको निर्णयमा सहभागी भई आफ्नो व्यापार व्यवसायमा हित हुने तर देशका लागि अहित हुने अवस्था आएमा। संसद्मा पेश भएको शिक्षासम्बन्धी विधेयकका सम्बन्धमा हुने निर्णयमा कुनै शैक्षिक संस्था चलाइरहेको वा त्यस्तो संस्थासँग कुनै न कुनै रूपमा संलग्न सांसद सहभागी भए स्वार्थ गाँसिएको मानिन्छ। बैंक तथा वित्तीय संस्थासम्बन्धी कानुन निर्माणमा बैंकर्स सहभागी हुनु, सहकारीसम्बन्धी विधेयक निर्णयमा सहकारी सञ्चालक आफैं सहभागी हुनु, कुनै व्यापारिक वा औद्योगिक संस्थासँग सम्बन्धित व्यक्ति कुनै सार्वजनिक संस्थाको सञ्चालक समिति सदस्य नियुक्त भई आफू संलग्न संस्थाको हितमा निर्णय गर्छ भने त्यस्तो निर्णय पनि स्वार्थ गाँसिएको विषय मानिन्छ। नेपालमा अधिकांश कानुन र नीति निर्माणमा स्वार्थ गाँसिएका व्यक्तिको प्रत्यक्ष संलग्नता हुने क्रम बढ्दो छ। त्यस्ता कानुन वा नीतिको मस्यौदा तयारीमै स्वार्थ गाँसिएका व्यक्ति सहभागी भएको अवस्था पाइन्छ। नीति वा कानुन बनाउँदा नै भ्रष्टाचारजन्य कार्य हुनसक्ने प्रावधान राख्ने र तिनैका छिद्रमा पसेर गरिने भ्रष्टाचार यस अन्तर्गत पर्छ। नेपालमा यस किसिमको भ्रष्टाचारका अनेकौं उदाहरण छन्।

संविधानमा अनुचित कार्यको अनुसन्धान अख्तियारको अधिकार क्षेत्रबाट हटाइनु नीतिगत भ्रष्टाचारको जिउँदो उदाहरण हो। अनुचित कार्य र भ्रष्टाचारजन्य कार्यको अनुसन्धान एकअर्कामा सम्बन्धित हुन्छन् र यिनीहरू एकअर्काका परिपूरक हुन्। भ्रष्टाचार अनुसन्धान गर्दा अनुचित कार्य गरेको देखिन सक्ने र अनुचित कार्यको अनुसन्धान गर्दा भ्रष्टाचारजन्य कार्य गरेको देखिन सक्ने यथार्थ हामी सामु छर्लङ छ। यसरी अनुचित कार्यसम्बन्धी संवैधानिक प्रावधान हटाउनु र अहिलेसम्म अनुचित कार्यसम्बन्धी विषय हेर्ने कुनै वैकल्पिक व्यवस्था नहुनुले समेत यो नियोजित थियो भन्न सकिने आधार रहेको छ। कानुनले तोकेको तह वा संयन्त्रभन्दा फरक तह वा संयन्त्रले निर्णय गरी गरिने भ्रष्टाचार नीतिगत भ्रष्टाचारअर्न्तगत पर्छ।

राष्ट्रिय सम्पत्ति नोक्सान हुने गरी कानुनले अधिकार दिएकोभन्दा तल्लो वा माथिल्लो तहका पदाधिकारी वा निकायले गर्ने निर्णय, अर्कैको कार्यक्षेत्रको अधिकार मिचेर निर्णय गरिने भ्रष्टाचार यसमा पर्छ। मन्त्रालय वा सोभन्दा तल्लो तहका अधिकार क्षेत्रको विषयमा मन्त्रीपरिषद्मा पुर्‍याई गरिने निर्णय यसको उदाहरण हो। यस्तै एक निकायमा भएको अधिकार अर्को निकायले प्रयोग गरी निर्णय गरेका आधारमा नोक्सान भए पनि नीतिगत भ्रष्टाचार मानिन्छ जस्तै जग्गाको हदबन्दी किटान गर्ने भूमिसुधार कार्यालयको अधिकार मालपोतले प्रयोग गरी हुने भ्रष्टाचार सजिलै बुझ्न सकिन्छ।

लोकतान्त्रिक प्रणाली अवलम्बन गरेका मुलुकमा नीतिगत भ्रष्टाचार अक्षम्य हुन्छ। नीतिगत भ्रष्टाचारले व्यक्तिगत, सामाजिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय र मानवीय तहमा प्रतिकूल प्रभाव पार्छ। नीतिगत भ्रष्टाचार मानवताविरुद्धको अपराध हो। हाम्रो सन्दर्भमा नीतिगत निर्णयका घटनाक्रम र त्यसले सामाजिक जीवन एवं जनमानसमा परेको प्रभावसमेत विश्लेषण गर्दा नीतिगत भ्रष्टाचारबाट न्यायमूलक वितरण प्रणालीमा नकारात्मक असर पर्ने, सरकार र प्रशासनको साख घट्ने, लोकतन्त्र, विधिको शासन, मानव अधिकार, पारदर्शिता, जवाफदेहिता, सदाचार र दक्षता एवं प्रभावकारिता धूमिल हुने, राज्यको व्यय तथा नागरिकको करको प्रभावकारी परिचालन एवं गुणात्मक र सन्तुलित विकासमा बाधा उत्पन्न हुने, समाजमा विकृति र भ्रष्टाचार मौलाउने, सामाजिक विकासमा अवरुद्ध सिर्जना हुने, राज्य स्रोतको दुरूपयोग भई विकासको गति मन्द हुने, लाभ लिने सीमित समूहहरू नागरिकको नजरमा सदावहार गिर्ने हुन्छ। यसका साथै आर्थिक अनुशासन कमजोर हुने, समाजमा 'गिनी-कोअफिसियन्ट बढ्ने, सामाजिक द्वन्द्व र विग्रह बढ्ने, शक्तिसंघर्ष र टकराव बढी नैतिकता, इमानदारी, जवाफदेही र बफादारीजस्ता सूचकहरू एवं आचरणगत पक्षमा प्रतिकूल प्रभाव पर्ने, अन्तर्राष्ट्रियस्तरमा मुलुकको प्रतिष्ठामा आँच आउने, नीतिगत भ्रष्टाचारजनित कार्यले बहुआयामिक विकासका पक्षमा प्रतिकूल प्रभाव पारिरहेको छ।

चाणक्यले भनेका भनेका छन्- 'जुन देशका जनता लोभी हुन्छन्, त्यहाँका शासक भ्रष्ट हुन्छन्।' नागरिक समाजले नीतिगत प्रभावका माध्यमबाट नीतिगत भ्रष्टाचार अन्त्य गर्नु पर्छ। जसले प्रभावकारी कानुन निर्माण र कार्यान्वयनतर्फ महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ।

*- विक सुर्खेतस्थित मध्यपश्चिमाञ्चल विश्वविद्यालयका अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीति विभागका उपप्राध्यापक हुन्।*

# भगवान् राम बसेको भनिएको रामधुनी मन्दिर क्षेत्रमा थारू महिलाको घरवास



थारू समुदायको होमस्टेमा प्रस्तुत गरिने नृत्य देखाउने होमस्टे सञ्चालक समितिका सदस्यहरू। तस्बिर : नागरिक

अमर खड्का
*इटहरी, जेठ ११*

सुनसरी रामधुनी वडा नं ४ मा रहेको रामधुनी मन्दिरमा आउने धार्मिक पर्यटकका निम्ति होमस्टे सञ्चालन गरिएको छ। रामधुनी वडा नं ४ कै स्थानीय संगठित भएर थारू समुदायका महिलाले होमस्टे सञ्चालनमा ल्याएका हुन्।

रामधुनी मन्दिर इतिहास त्रेता युगमा भगवान् राम आएर बसेको स्थानका रूपमा चिनिन्छ। त्यही भएर त्यही एक रात वास बसिने बालसन्तले बताए। रामधुनीमा अस्ना प्रजातिका मुढा निरन्तर जलाइन्छ। त्रेता युगदेखि अहिलेसम्म त्यहाँ आगो ननिभेको विश्वास गरिन्छ।

सुनसरीका इटहरीको खोर्सानेखाप र धरानका केही स्थानमा होमस्टे सञ्चालन प्रभावकारी हुन नसकेको बेला फरक ढंगले चौधरी समुदायका महिला संगठित भएर सातवटा घरमा होमस्टे सञ्चालन गरिएको रामधुनी सामुदायिक होमस्टेकी अध्यक्ष कल्पना चौधरीले बताइन्। उनका अनुसार अहिले सुरुवाती भएकाले दुईवटा धार्मिक समुह आएर बसिसकेको छ।

'अहिले सुरुवात छ। हामीले एकदमै आर्गनिक खानाको व्यवस्था गर्नेछौं', उनले भनिन्, 'होमस्टेमा आउनेका लागि थारू संस्कृतिसमेत देखाइने गरिएको छ।' होमस्टे सञ्चालनसँगै थारू समुदायका खास गरेर तीनवटा पुस्ताको संस्कृतिलाई देखाइने गरिएको छ। किशोर उमेर समुह, युवा र बयस्कसँग ज्येष्ठ नागरिकको अलग-अलग सांस्कृतिक कार्यक्रम देखाइने गरिएको होमस्टेको सांस्कृतिक विभागकी वन्दना चौधरीले बताइन्।

थारू समुदायमा पुरानो सांस्कृतिक नृत्य धुमा नाच रहेको छ। यसलाई समेत अहिले कथात्मक ढंगले होमस्टेमा आउनेलाई देखाउने गरिएको छ। यसै सन्दर्भमा शनिबार राति होमस्टे सञ्चालकलाई अथिति संस्कार टिप्ससम्बन्धी प्रशिक्षण समापनका क्रममा पनि विभिन्न खाले सांस्कृतिक नृत्य प्रस्तुत गरियो। रामधुनी नगरपालिका थारू समुदायको बाहुल्य भएको क्षेत्र हो। होमस्टे सञ्चालनसँगै पुरानो संस्कृति ब्युँत्याएर नयाँ पुस्तामा सकारात्मक सन्देश गएको वडा नं ४ का अध्यक्ष कमल कार्कीले बताए। होमस्टेले रामधुनी मन्दिरको पनि प्रचार-प्रसारमा सहयोग पुग्ने स्थानीय अगुवा डिल्ली कार्कीले बताए। उनका अनुसार होमस्टे पनि सुरुवाती चरणमा प्रचार-प्रसारकै अभावमा रहेकाले विस्तारै गति लिने विश्वास गरे।

भगवान् राम भारतको आयोध्यापुरबाट जनकपुर हुँदै पूर्व आएका बेला वास बसेको स्थान रामधुनी भएको किंवदन्ती छ। रामले बालेको आगो निभ्न नदिईकन बाबा वनखण्डीले त्यसलाई उजागर गरेको पाइन्छ। यसको काठको विगुत प्रसादका रूपमा लगाउने चलन छ। सखुवामा आँप फल्छ भन्ने किंवदन्ती पनि रहेको पाइन्छ।

त्यसो त रामधुनी मन्दिर क्षेत्रमा सञ्चालन भएका होममा धार्मिक क्षेत्र बराह क्षेत्र आउने पर्यटकलाई पनि बस्न पायक नै पर्नेछ। धार्मिक पर्यटकले रामधुनी, बराह क्षेत्र र धरान तीनवटै स्थानमा नाम चलेका धार्मिक स्थल भएकाले एकै दिन घुमेर वास बस्न सक्ने स्थानीय पत्रकार सुनिल चौधरीले बताए।

सुनसरीका स्थानीय तहमध्ये रामधुनी र बराह क्षेत्र नगरपालिकाले बर्सेनि बजेट छुट्याउँदा पर्यटनलाई मुख्य प्राथमिकता राखेर छुट्याउने गरिन्छ। यसले पनि होमस्टे पर्यटन प्रवर्द्धनमा योगदान पुग्ने विश्वास गरिएको छ। होमस्टेमा आएर खानेका लागि एक सय ५० रूपैयाँमै सादा खाना खुवाउने गरिन्छ। माछा-मासु भने मागअनुसार मात्र खुवाइने गरिएको छ। वास बस्न एउटा कोठाको मात्र पाँच सय शुल्क लाग्ने छ।

# पाँच महिनादेखि जंगलमै बसेर मन्दिर बनाउँदै आमा–छोरी

म्याग्दी, जेठ ११ (नागरिक)- अनकन्टार ठाउँ। चारैतिर घना जंगलको बिचमा मन्दिर। नाकै ठोक्किने डरलाग्दो पहाडमा धार्मिक तथा पर्यटकीय गन्तव्य मालिकाधुरीको एउटै थुम्कोमा त्रिदेवीको वास। मालिका, रघुगंगा गाउँपालिकाको सिमानामा अवस्थित मालिकाधुरीमा रघुगंगा गापा- ६ ठाडाखानीकी थममायाँ पाइजा मन्दिर बनाउन जंगलमै वास बसिरहेकी छन्। म्याग्दी जिल्लाकै प्रख्यात धार्मिकस्थल मालिकाधुरीमा बिहानैदेखि अबेरसम्म मन्दिर निर्माणमै व्यस्त हुन्छिन्।

हिउँ कुल्चिँदै मालिकाधुरीमा उक्लिएकी रेशु पाइजाले पनि जंगलमै वास बसेर मन्दिर बनाउन लागेको पाँच महिना पुग्यो। परिवारको एकल लगानीमा स्थानीयलाई नै रोजगारी दिएर आमा-छोरीले मालिका, कालिका, जालपा, शिव मन्दिरको काम अन्तिम चरणमा पुगेको छ। मालिकाधुरीमा दिन-रात नभनी मन्दिर बनाउन खटिएकी थममायाँलाई अमेरिकामा रहेका पति मोतीबहादुर पाइजाले साथ दिएका छन्।



मन्दिर बनाउन अहिलेसम्म २२ लाख खर्च भएको र अब तीन लाख खर्च हुने अनुमान गरिएको थममायाँको भनाइ छ। 'मालिकाधुरीको जंगलमा रात बितेको धेरै भयो, अब हाम्रो परिवारको सपना पूरा हुँदै छ', थममायाँले भनिन्। त्रिदेवीको दर्शनले मनोकांक्षा हुने जनविश्वासका साथ वर्षौंदेखि मालिकाधुरी पुग्ने गरेकोमा अहिले मन्दिर तथा आसपासका क्षेत्रमा भक्तजनलाई सहज हुने गरी काम गरिरहेको बताइन्। मन्दिरनजिकै चट्टानमा गणेशको मन्दिरसमेत मर्मत गरिएको छ। घरायसी काम तथा रासनपानी ल्याउन आमा-छोरी आलोपालो गाउँ जान्छन्। बाह्रैमास चिसो हावा चल्ने मालिकाधुरीले जाडोयाम, मुसलधारे वर्षासहितको चट्याङ, वन्यजन्तुको समेत प्रवाह नगरी आमा-छोरीले मन्दिर बनाउन थालेपछि मन्दिरमा पुग्ने भक्तजनसमेत दंग छन्।

'मन्दिर बनाउँदै गर्दा धेरै भक्तजनले खुसी मान्नुभएको छ। उहाँहरूको मनोकामना पूरा होस् भन्दै प्रार्थना गर्छौं', छोरी रेशु पाइजाले भनिन्। उनले आमा-बुबाको मन्दिर बनाउने योजना बनाएपछि साथ दिएको बताइन्। उनले दैनिकजसो मन्दिरमा भइरहेको काम अमेरिकामा बुबालाई भिडियो र फोटो पठाउँछिन्। मन्दिरसँगै आसपासका क्षेत्रमा आवश्यक पूर्वाधार बनाउन आगामी दिनमा पनि श्रमदान गर्ने बताइन्।

मालिकाधुरीमा नयाँ मन्दिर बनेपछि चिटिक्क देखिएको छ। मन्दिर बनाउन जंगलमा बसेर आमा-छोरीले गरेको काम प्रशंसनीय रहेको रघुगंगा गाउँपालिका- ६ का वडाध्यक्ष मनकुमार शेरपुञ्जाले बताए। 'उहाँहरूको लगानी र मेहनतको जति नै प्रशंसा गरे पनि कमी हुन्छ। धार्मिक क्षेत्रका लागि धेरै गर्नुभएको छ', गाउँपालिकाका प्रवक्तासमेत रहेका शेरपुञ्जाले भने। समुद्री सतहदेखि तीन हजार तीन सय मिटर उचाइमा अवस्थित मालिकाधुरीमा बर्सेनि आउने भक्तजनलाई सडक सञ्जाल, सत्तलसहितको सुविधाले सहज भएको छ।

मालिका श्रीस्वस्थानी व्रतकथासँग सम्बन्धित छ। महादेवले सतीदेवीको मृत शरी बोकेर हिँड्दा उनको माला खसेको ठाउँमा मालिका स्थापना भएको हो। कालिका र जालिकाको बिचमा मालिका मन्दिर छ। एउटा ठूलो शिलालाई कालिका र अर्कोलाई जालिकाका रूपमा पुजिन्छ। मन्दिरबाट आँखामा नै ठोक्किन आउने धौलागिरि, नीलगिरि, अन्नपूर्ण, मनास्लु, माछापुच्छ्रे, गुर्जा, चुरेन, पुथालगायतका दर्जनौं हिमशृंखला त्यहाँ पुग्ने पर्यटकभन्दा होचा देखिन्छन्।

मालिकाधुरी मन्दिर व्यवस्थापन समितिका अध्यक्ष छक्रप्रसाद पाइजाका अनुसार चण्डिपूर्णिमा, जेष्ठ पूर्णिमा, भाइटीकामा पूजाआजा हुन्छ। एकदशक अगाडिसम्म पूजाआजाका लागि पुग्ने भक्तजन ओढार र खुला आकाशमा रात बिताउने गरेकोमा अहिले सत्तल, खानेपानी र शौचालयको सुविधाले सहज भएको छ। कम्तीमा तीनपटक त्यहाँ पुगेर दर्शन गरेमा मनोकामना पूरा हुने भक्तजनको विश्वास रहेको छ।

विगत लामो समयदेखि पूजा गरिँदै आएको भए पनि २०२५ सालमा मात्रै मालिकामा सामान्य मन्दिर बनाइएको थियो। मालिका र रघुगंगा गाउँपालिकाले एकसाथ मालिकाधुरीलाई लक्षित गरी सडक सञ्जाल विस्तार गरिरहेको छ। रघुगंगा गाउँपालिकाको झिँ, पाखापानी, ठाडाखानी, मंगला गाउँपालिकाको कुहुँ, थाइवाङ, हिँदी र मालिका गाउँपालिकाको दरबाङ, उपल्लो दुखु हुँदै पनि मालिका पुग्न सकिन्छ। बेनी-कुहुँ-पूर्णगाउँ, बेनी-दरबाङ, दरबाङ-बिमको बिलबाङ र बेनी-झिँ-पाखापानीको ठाडाखानी हुँदै सडक पुगे पनि सबै क्षेत्रबाट करिब डेढ घन्टाको यात्रा गरेपछि मालिका पुगिन्छ।


## धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको प्रथम पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः २०८२/०२/१२)

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता तथा कर्जा बुझाउने बारे २१(एक्काईस) दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामादिने, जमानत दिनुहुने ब्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ। उल्लेखित ३५(पैंतीस) दिन भित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने ब्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसीलः**

**धितो लिलाम बिक्री हुने मितिः** २०८२ साल असार महिना १६ गते
**सम्बन्धित कार्यालयः** कृषि विकास बैंक लि., शाखा कार्यालय नेताचौक
**लिलाम हुने कार्यालय/स्थानः** कृषि विकास बैंक लि., शाखा कार्यालय विराटनगर

**ग्राहकको विवरण**

**१. ग्राहकको नामः विश्वास फिड ट्रेर्डस,** दर्ता भएको कार्यालयः वाणिज्य कार्यालय विराटनगर,
फर्म दर्ता नं. ३६२६९/०७८/०७९ दर्ता मितिः २०७८/०५/२८, पान नं.६०३६५८४१९

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | गा.पा | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| व्यापार/१६६४३ | फागुलाल बिश्वास | मोरङ | तेतरिया | ८ख | ३४६ | ०-०-१२-० |
| | | | | ७ख | ३६९ | ०-०-१६-० |

प्रोप्राईटरको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| सत्यजित कुमार विश्वास | ग्रामथान-०५ | ५/८३९ | मोरङ/२०६१/०५/०८/ जिल्ला प्रशासन कार्यालय | फागुलाल विश्वास | सुन्दरलाल विश्वास |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरणः

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| फागुलाल विश्वास | ग्रामथान-०५ | ५२०८ | मोरङ/२०३४/०१/१६/ जिल्ला प्रशासन कार्यालय | सुन्दरलाल बिश्वास | बिरनारायण |

**२. ग्राहकको नामः उर्मिला कुमारी विश्वास थारु,** ना.प्र.नं. २३५/८८४, जारी मितिः २०४६/०२/२४,
जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय मोरङ, बाबुको नामः लेघु विश्वासथारु, पति/पत्नीको नामः भागेश्वर गच्छदार

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | गा.पा | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| घरायसी/१५३७८ | उर्मिला कुमारी विश्वास थारु | मोरङ | तेतरिया | ७क | ४२७, ७४७ | ०-५-१०, ०-९-० |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरणः

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| भागेश्वर गच्छदार थारु | ग्रामथान-०५ | १२९०३ | मोरङ/२०५१/०२/३१/ जिल्ला प्रशासन कार्यालय | कालुराम थारु | |

**३. ग्राहकको नामः मञ्जु माझी,** ना.प्र.नं. ०५-०१-६९-१०११३, जारी मितिः २०६९/१२/१२,
जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय मोरङ, बाबुको नामः किशनलाल माझी, पति/पत्नीको नामः कृष्ण सरदार ठाकुर

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| घरायसी/१६५३९ | मञ्जुमाझी | मोरङ | डग्राहा | ४क | ९५४ | ०-५-६-० |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरणः

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| कृष्णसरदार ठाकुर | ग्रामथान-०६ | ०५१०३१/४६१ | मोरङ/२०६८/०५/११/ जिल्ला प्रशासन कार्यालय | दिनेशकुमार सरदार थारु | ठनकु सरदार थारु |

**४. ग्राहकको नामः रतनी थारु,** ना.प्र.नं. ३१११७, जारीमितिः २०३५/०८/१४, जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय मोरङ, बाबुको नामः टुन्कु चौधरी, पति/पत्नीको नामः खड्ग नारायण थारु

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | गा.पा | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| घरायसी/१५२९८ | रतनी थारु र निरे कुमार चौधरी (संयुक्त) | मोरङ | बनिगामा | २घ | १७० | ०-२-० |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरणः

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| निरे कुमार चौधरी | ग्रामथान-०६ | ७२९६९ | मोरङ/२०५९/१२/११/जिल्ला प्रशासन कार्यालय | खड्ग नारायण थारु | गुजाई |

**शर्तहरु**

१) धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ।
२) धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३(तीन) जना व्यक्ति/संस्थाहरुले भाग लिएको हुनु पर्नेछ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी रकम बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन यस बैंकमा जम्मा भएको हुनु पर्नेछ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७(सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ। बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाईने छैन।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदातालेनै व्यहोर्नु पर्नेछ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय, काठमाडौं**

नागरिक आर्थिक

सोमबार १२ जेठ २०८२, Monday 26 May 2025



**बजार**

सुन तोला - १९१,८००

चाँदी तोला - २००५

| विदेशी मुद्रा | खरिद | बिक्री |
|---|---|---|
| अमेरिकी डलर - | १३६.०५ | १३६.६५ |
| युरो - | १५४.५१ | १५५.१९ |
| पाउन्ड स्टर्लिङ - | १८३.६७ | १८४.४८ |

# सडक मर्मत गर्न मात्रै १० अर्ब माग

**भुवन शर्मा**

*काठमाडौं, जेठ ११*

सडक विभागले विभाग मातहतका राष्ट्रिय राजमार्ग तथा सहायक राजमार्गहरूको मर्मत सम्भार गर्न मात्रै आगामी आर्थिक वर्ष २०८२/८३ मा १० अर्ब रूपैयाँ माग गरेको छ।

विभाग मातहतको सम्भार महाशाखाले शुक्रबार काठमाडौंमा अन्तरक्रिया गरी वर्षभरिमा मर्मत सम्भारको लागि १० अर्ब रूपैयाँ माग गरिएको विभागका प्रवक्ता अर्जुन अर्यालले बताए। 'हरेक वर्ष कालोपत्र गर्नुपर्ने सडकको लम्बाइ बढिरहेको छ। यसैगरी सडकको चौडाइ पनि बढ्दै गएको छ। पहिले एक लेनका सडक हुन्थे। अहिले १० लेनसम्मका सडक हुन्छन्, अर्यालले भने, 'त्यसैले आगामी आवमा सडक मर्मतका लागि १० अर्ब रूपैयाँ माग गरेका हौं।' चालु आव २०८१/८२ मा राष्ट्रिय सडक मर्मतका लागि सरकारले ६ अर्ब ३२ करोड रूपैयाँ विभागलाई उपलब्ध गराएको छ। आगामी आवमा चालु वर्षमा छुट्याएको पैसाले नपुग्ने अर्यालले बताए।

विभागले देशभरि ८० वटा राष्ट्रिय राजमार्ग, यसको साथसाथै सहायक मार्ग र सहरी माग हेर्दै आएको छ। विभागले ममर्तका लागि मागेको १० अर्ब रूपैयाँ ती सडकमा खर्च हुने छ। निर्माण भइरहेका सडकमा भने विभागले ममर्त सम्भारमा खर्च गर्ने गर्दैनन्। आगामी आव २०८२/८३ मा विभागको बजेट सिलिङ एक खर्ब सात अर्ब रहेको छ।

यही बजेट मध्येबाट मर्मत सम्भारका लगि विभागले १० अर्ब रूपैयाँ माग गरेको हो। प्रवक्ता अर्जुन अर्यालका अनुसार विभागले माग गरेको १० अर्ब रूपैयाँ सडकबोर्ड मार्फत अर्थ मन्त्रालयसँग माग गरिएको छ। आगामी आवमा सरकारले पाहाडी क्षेत्रमा सडकका नयाँ योजना नल्याउने निर्णय गरेको छ।

विभागले काठमाडौं उपत्यकाको सडकबाट हात झिक्दै चक्रपथभित्रका केही सडक काठमाडौं महानगर र ललितपुर महानगरलाई दिन प्रस्ताव तयार गरेको छ। उपत्यकाको चक्रपथभित्र पर्ने सडक काठमाडौं महानगर र ललितपुर महानगरपालिकाले लिन चाहेमा काठमाडौं र ललितपुर महानगरलाई दिने तयारी गरेको हो।



> सडक विभागले काठमाडौं उपत्यकाको सडकबाट हात झिक्दै चक्रपथभित्रका केही सडक काठमाडौं महानगर र ललितपुर महानगरलाई दिन प्रस्ताव तयार गरेको छ। उपत्यकाको चक्रपथभित्र पर्ने सडक काठमाडौं महानगर र ललितपुर महानगरपालिकाले लिन चाहेमा काठमाडौं र ललितपुर महानगरलाई दिने तयारी गरेको हो।

उक्त प्रस्ताव विभागले तयार गरेको र केही दिनमै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा लग्ने तयारी गरिएको विभागका प्रवक्ता अर्यालले बताए। उनका अनुसार उपत्यकाभित्र पर्ने एक सय ४७ किमि सडक उपत्यकाकै सक्षम स्थानीय तहले लिन चाहेमा ती स्थानीय तहलाई दिने गरी प्रस्ताव विभागले तयार गरेको छ। काठमाडौं सडक डिभिजनले हाल चार सय ७२ किमि सडक हेर्दै आएको छ। पहिलो चरणमा विभागले काठमाडौं र ललितपुर महानगरपालिकालाई हस्तान्तरण गर्ने विभागको तयारी छ। पोहोर साल न्युरोडमा सडक भत्काएको विषयलाई लिएर काठमाडौ सडक डिभिजन र काठमाडौं महानगरपालिकाबीच विवाद उत्पन्न भएको थियो। काठमाडौं उपत्यकामा रहेका सडकको स्तरोन्नति तथा मर्मत-सम्भार गर्ने नाममा हाल ३० भन्दा बढी निकाय छन्। सडकको अवस्थाभने बिजोक छ। जहाँतहीँ खाल्डाखुल्डी छन्, जहाँ यात्रुहरूले दिनदिनै सास्ती भोग्नु परिरहेको छ।

सडक विभाग मातहत काठमाडौं, भक्तपुर र ललितपुरमा छुट्टाछुट्टै सडक डिभिजन कार्यालय रहेका छन्। यसैगरी उपत्यकामा सडक विस्तार तथा विकास गर्ने उद्देश्यबाट सडक विभाग मातहत अर्को छुट्टै कार्यालय पनि खोलिएको छ। काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिकालगायत उपत्यकाका नगरपालिका तथा गाउँपालिकाले उपत्यकाका सडकको मर्मत-सम्भार तथा स्तरोन्नतिको जिम्मेवारी लिएका छन्। उपत्यकामा २१ वटा नगरपालिका तथा गाउँपालिका छन्। यसबाट उपत्यकाका सडक हेर्न २१ वटा स्थानीय सरकार, एउटा प्रदेश सरकार र एउटा केन्द्र सरकार गरी २३ वटा सरकार छन्। ती तीन तहका सरकार मातहत ३० वटाभन्दा बढी कार्यालय कार्यरत छन्।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

## तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८२/०२/१२ गते)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तथा कर्जा नवीकरण गर्ने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**शाखा कार्यालय : वीरगंज, पर्सा**

**१. ऋणीको विवरण**

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय, वीरगंज, पर्सामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति: २०६४/०८/०६ मा दर्ता नं. २५६५९/०६४/६५ (भारत आयात) कायम भई दर्ता भएको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ६ स्थित **एकवा केयर इन्टरनेशनल** **प्रोप्राइटर: सरफराज आलम**

**२. ऋणीको विवरण**

महमुद मिया तेलीको नाति, महमद हफिज मिया तेलीको छोरा, पर्सा जिल्ला, वीरगंज गा.वि.स./उ.म.न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **खुरसिद मिया तेली (ना.प्र.प.नं. ३४१०२२/१४६४, पर्सा)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. महमुद मिया तेलीको नाति, महमद हफिज मिया तेलीको छोरा, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **सरफराज आलम (ना.प्र.प.नं. ३४१०२२/६४९३, पर्सा)**
२. महमुद मिया तेलीको नाति, महमद हफिज मिया तेलीको छोरा, पर्सा जिल्ला, वीरगंज गा.वि.स./उ.म.न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **खुरसिद मिया तेली (ना.प्र.प.नं. ३४१०२२/१४६४, पर्सा)**
३. महमुद मिया तेलीको बुहारी, महमद हफिज मिया तेलीको पत्नी, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **अलिमुन नेसा (ना.प्र.प.नं. १६०३१९६२६ पर्सा)**
४. महमुद मिया तेलीको नाति, महमद हफिज मिया तेलीको छोरा, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **जुबेर आलम (ना.प्र.प.नं. ३४-०१-७२-०८०६१, पर्सा)**

**नोट: माथि उल्लेखित दुबै ऋणीहरुको लागि व्यक्तिगत जमानतकर्ताहरुको विवरण एकै भएको।**

**३. ऋणीको विवरण**

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय बीरगंज,पर्सामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति: २०७२/०९/१६ मा दर्ता नं. ३३४८९/०७२/७३ (भारत आयात) कायम भई दर्ता भएको पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ५ स्थित **केयर प्लस सर्जिकल** **प्रोप्राइटर: बीरभुषण सर्राफ**

**४. ऋणीको विवरण**

नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, बीरगंज, पर्सामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति: २०७४/११/२१ मा दर्ता नं. ३६४००/०७४/७५, भारत आयात कायम भई दर्ता भएको पर्सा जिल्ला, बीरगंज म.न.पा. वडा नं. ४ स्थित **आर आर न्युट्रीशन** **प्रोप्राइटर: हिदय नारायण शर्राफ**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. असर्फी साह सरार्फको नाति, राजेश्वर प्रसाद शर्राफको छोरा, पर्सा जिल्ला, बीरगंज गा.वि.स./उ.म.न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **प्रमोद कुमार सर्राफ (ना.प्र.प.नं. ३४३०२२-१/२७५, पर्सा)**
२. असर्फी साह सरार्फको नाति, राजेश्वर प्रसाद शर्राफको छोरा, पर्सा जिल्ला, बीरगंज गा.वि.स./उ.म.न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **विनोद कुमार शर्राफ (ना.प्र.प.नं. ३४३०२२-१/२७७, पर्सा)**
३. असर्फी साह सरार्फको नाति, राजेश्वर प्रसाद शर्राफको छोरा, पर्सा जिल्ला, बीरगंज उ.म.न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **बीरभुषण सर्राफ (ना.प्र.प.नं. ३४३०२२-१/२७८, पर्सा)**
४. असर्फी साह सरार्फको नाति, राजेश्वर प्रसाद शर्राफको छोरा, पर्सा जिल्ला, वीरगंज गा.वि.स./उ.म.न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **हिदय नारायण शर्राफ (ना.प्र.प.नं. ३४३०२२-१/२७६, पर्सा)**
५. राजेश्वर प्रसाद शर्राफको बुहारी, प्रमोद कुमार सर्राफको पत्नी, पर्सा जिल्ला, बीरगंज गा.वि.स./उ.म.न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **पुनिता देवी सर्राफ (ना.प्र.प.नं. ६७९४, पर्सा)**
६. राजेश्वर प्रसाद शर्राफको बुहारी, हिदय नारायण शर्राफको पत्नी, बारा जिल्ला, सिसहनिया गा.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **उमा कुमारी शर्राफ (ना.प्र.प.नं. ११३७/१४३४, बारा)**
७. राजेश्वर प्रसाद शर्राफको बुहारी, विनोद कुमार शर्राफको पत्नी, पर्सा जिल्ला, बीरगंज गा.वि.स./उ.म.न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **गिता देवी सर्राफ (ना.प्र.प.नं. ६८२०, पर्सा)**
८. राजेश्वर प्रसाद शर्राफको बुहारी, बीरभुषण सर्राफको पत्नी, पर्सा जिल्ला, बीरगंज गा.वि.स./उ.म.न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **शिल्पा देवी सर्राफ (ना.प्र.प.नं. ६८०७, पर्सा)**
९. राजेश्वर प्रसाद शर्राफको नाति, प्रमोद कुमार सर्राफको छोरा, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **प्रशान्त कुमार सर्राफ (ना.प्र.प.नं. ३४-०१-७०-१३१७८, पर्सा)**

**नोट: माथि उल्लेखित ऋणी नं. ३ र ४ को लागि व्यक्तिगत जमानतकर्ताहरुको विवरण एकै भएको।**

**शाखा कार्यालय : भैरहवा, रुपन्देही**

**१. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा रुपन्देहीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७५/०२/१३ मा दर्ता नं. ४२२७७/०७४ कायम भई दर्ता भएको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. १२ स्थित **जि आर हेल्थ एण्ड सर्जिकल सप्लायर्स** **प्रोप्राइटर: राम शँकर कुर्मी (चौधरी)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. सच्चाराम कुर्मीको नाति, गंगाराम कुर्मीको छोरा, रुपन्देही जिल्ला सिलौटिया गा.वि.स. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **राम शँकर कुर्मी (चौधरी) (ना.प्र.प.नं. ८४९०, रुपन्देही)**
२. गंगाराम कुर्मीको बुहारी, राम शँकर कुर्मी (चौधरी) को पत्नी, रुपन्देही जिल्ला, मर्चवारी गा.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **सर्मिला कुर्मी (ना.प्र.प.नं. ३८१०४४/३७२२३, रुपन्देही)**

**२. ऋणीको विवरण**

मोहन लाल विश्वकर्माको नाति, तारा प्रसाद विश्वकर्माको छोरा, रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **नबीन बिश्वकर्मा (ना.प्र.प.नं. ७०७२६, रुपन्देही)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. मधु लालको नाति, मोहन लाल विश्वकर्माको छोरा, रुपन्देही जिल्ला, भैरहवा न.पा. वडा नं. १ स्थायी ठेगाना भएको **तारा प्रसाद विश्वकर्मा (ना.प्र.प.नं. २४२१, रुपन्देही)**
२. मोहन लाल विश्वकर्माको नाति, तारा प्रसाद विश्वकर्माको छोरा, रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **राजकुमार विश्वकर्मा (गैर आवासीय नेपाली ना.प्र.प.नं. ९-३७-०१-८०-०००३६, रुपन्देही)**

## वर्गीकृत विज्ञापन/डिस्प्ले

**भाडामा**

धुम्बाराहीको रिङरोडनिर सिंगल लेडिजलाई कोठा भाडामा: 9841420589

**घरजग्गा बिक्रीमा**

स्वयम्भु भगवानपाउको अत्याधुनिक घर तुरुन्तै बिक्रीमा कृपया दलालले कष्ट नगर्नुहोला ९८०६६५८८००, ९८०३८२२२७२

धुम्बाराहीमा फ्ल्याटसिस्टमको 0-7-3-0 नयाँघर विशालनगरमा 0-6-0-0 जग्गाबिक्रीमा: 9841420589

**होटल बिक्रीमा**

**स्वयम्भु विजेश्वरी हाइवेको चलिरहेको होटल ॐ जग्गा सहित तुरुन्तै सुपथ मूल्यमा बिक्रीमा: ९८०३८२२२७२, ९८०६६५८८००**

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

प्रथम पटक प्रकाशन मिति २०८२।०२।१२

यस सहमति सामुदायिक वन उपभोक्ता समुह बारबर्दिया न.पा. १ को सामुदायिक वन क्षेत्रबाट आ.व. २०८१०८२ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको मसला गोलिया थान १०४५ को ५८२८।२६ घ.फि. जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेको उद्योगहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस समुहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ । पूर्ण व्यहोराको सूचना यस समुहको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री सहमति सामुदायिक वन उपभोक्ता समुह**
बारबर्दिया न.पा. १ जमुनिया, बर्दिया।
मो.नं. ९८४८०९०५६०

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

प्रथम पटक प्रकाशन मिति २०८२।०२।१२

यस श्री शिव शक्ति सामुदायिक वन उपभोक्ता समूह, बढैयाताल गा.पा.-७, बकोटिया, बर्दियाको वनबाट उत्पादन भई यस समूहको घाट्गद्दीमा लट बनाई राखिएको साल जातको ३९३७.९३ घ.फि. काठ र साल जातको दाउरा १४.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम बिक्रि गर्नुपर्ने भएको ले यो सूचना प्रकाशित गरिएको छ। काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत ईच्छुक उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१औं दिन (२०८२।०३।०१गते) कार्यालय समय भित्र खरिद गरी २२औं दिन (२०८२।०३।०२ गते) दिउँसो १२:०० बजे भित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री शिव शक्ति सामुदायिक वन उपभोक्ता समुह बढैयाताल गा.पा.वडा नं.७ बकोटिया,बर्दिया**

**बीमालेख हराएको सूचना**

यस **आई.एम.ई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**बाट जारी गरिएको बीमालेख नं.५१४००१११९ को **श्री कविता गिरी**को नाममा रहेको बीमालेख बीमितले **कुशे ०४, जाजरकोट**बाट हराएको हुँदा पाउनु हुने माहनुभावले नजिकको प्रहरी कार्यालय वा यस कम्पनीको नजिकैको शाखा कार्यालयमा बुझाउनु हुन अनुरोध गरिन्छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र नभेटिएमा वा दावी नआएमा नियमानुसार प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सुचित गरिन्छ।

**स्कुटर हरायो**

२०८२।०१।१८ गते दिउसो ०२:०० बजेको समय बिचमा का.जि.का.म.न.पा. वडा न.३२ त्रि सट्ठी पार्टी प्यालेस नजिकबाट मेरो निम्न व्यहोरा भएको स्कुटर हराएको हुँदा फेला पार्नुहुने महानुभावले तलको सर्म्पक नं. वा नजिकको प्रहरी कार्यालयमा जानकारी गराई सहयोग गरिदिनु हुन अनुरोध गर्दछु।

**सवारी साधनको विवरण:**
स्कुटर नाम: **Dio Led D1X A3**
स्कुटर नं: **बा.प्र. ०२-०५२प ५६०६**
स्कुटर रंग: **Candy Jazzy Blue**
इन्जिन नं.: **JF39ED1095351**
च्यासिस नं.: **ME4JF39JJRD072395**
स्कुटरधनीको नाम: **स्याकार हायर पर्चेज प्रा.लि.**
ऋणीको नाम: **साजन बस्नेत**
फोन : ९८४६६६४९३५

मौद्रिक समीक्षा

# सेयर धितो कर्जाको जोखिम भार घट्यो

**नागरिक संवाददाता**

*काठमाडौं, जेठ ११*

नेपाल राष्ट्र बैंकका नवनियुक्त गर्भनर डा. विश्वनाथ पौडेलले सेयर लगानीकर्तालाई खुसी पार्ने गरी मौद्रिक नीतिको समीक्षा गरेका छन्। नेपाल राष्ट्र बैंकले आइतबार चालु आवको तेस्रो मौद्रिक समीक्षामार्फत सेयर धितो कर्जाको जोखिम भार घटाएको छ।

सेयर लगानीकर्ताको माग अनुरूप राष्ट्र बैंकले बजारको विश्लेषण गर्दै सेयर धितो कर्जाको जोखिम भार १२५ प्रतिशतबाट घटाइ १०० प्रतिशत कायम गरेको छ। यसले नवनियुक्त गर्भनर पौडेलले सेयर बजारलाई मौद्रिक नीति समीक्षामार्फत खुकुलो नीति लिएको संकेत गर्छ। ५० लाख रूपैयाँसम्मको सेयर धितो कर्जा भने यसअघि नै जोखिम भार घटाएर १०० प्रतिशत बनाइएको थियो।

राष्ट्र बैंकले समीक्षामार्फत आन्तरिक आर्थिक तथा वित्तीय स्थिति र परिदृश्यका आधारमा मौद्रिक नीतिको कार्यदिशालाई सजगतापूर्वक सन्तुलित राखेको छ। नीतिगत दरलाई विद्यमान ५.० प्रतिशत, तल्लो सीमाको रूपमा रहेको निक्षेप संकलन दरलाई ३.० प्रतिशत र ब्याजदर करिडोर अन्तर्गतको माथिल्लो सीमाको रूपमा रहेको बैंक दरलाई ६.५ प्रतिशतमा यथावत् राखेको छ। त्यसैगरी विद्यमान अनिवार्य नगद मौज्दात र वैधानिक तरलतासम्बन्धी अनुपातलाई यथावत् राखेको छ। वित्तीय प्रणालीको विद्यमान तरलताको अवस्था र पछिल्लो समय राष्ट्र बैंकले खुला बजार कारोबार उपकरणहरूमा गरेको सुधारलाई मध्यनजर गरी बैंक तथा वित्तीय संस्थाहरूले दैनिक ९० प्रतिशत न्यूनतम अनिवार्य नगद मौजदात कायम राख्नुपर्ने व्यवस्था गरेको छ। त्यसैगरी लगानी वातावरण सुधार गर्ने उद्देश्यले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा भएको पछिल्लो संशोधनका व्यवस्थाहरूलाई समावेश गरी नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली जारी गर्ने भएको छ। बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को संशोधनबमोजिम चेक अनादरसम्बन्धी बेहोरा प्रमाणित गर्ने कार्यविधि तर्जुमा गरी जारी गर्ने राष्ट्र बैंकले जनाएको छ।

**कनकाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जामुनबारी, झापा**

## अन्लाइन शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०१/२४
दोस्रो पटक प्रकाशित मिति २०८२/०२/११

यस नगरपालिकाको तपशिल बमोजिमको खरिद कार्य गर्नका लागि दोस्रोपटक शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ। बिस्तृत सूचना, सर्तहरु तथा शिलबन्दी दरभाउपत्र फारम वेबसाइट www.bolpatra.gov.np/egp मा राखिएको छ । शिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति २०८२/०२/२७ मध्यान्ह १२ बजे भित्र तथा शिलबन्दी दरभाउपत्र खुल्ने मिति २०८२/०२/२७ दिउँसो १२:३० बजे।

| सि.नं. | शिलबन्दी दरभाउपत्रको बिबरण | बिडबन्ड रकम | फारम दस्तुर |
|---|---|---|---|
| १ | Supply and Delivery of Required Materials for Bhetwal Gaun Ghagra Khola Truss Bridge (Kanakai/SQ/Goods/8/2081-82) | रु ५०,०००।- | रु १,००० |

## बाराको जितपुरमा कजारियाको नयाँ सोरूम



काठमाडौं, जेठ ११ (नागरिक)- अत्याधुनिक सोरुम उद्घाटन गरेको छ। हिमाल ट्रेडिङद्वारा सञ्चालित यस सोरुमले उच्च गुणस्तरका टायलको बढ्दो मागलाई पूरा गर्ने लक्ष्य राखेको छ। पूर्वमन्त्री कृष्णकुमार श्रेष्ठको उपस्थिति रहेको थियो। साथै कजारिया रमेश टायल्स लिमिटेडका सेल्स प्रतिनिधिहरूको उपस्थितिले कार्यक्रमलाई थप गौरवमय बनायो। यस अवसरलाई विशेष बनाउन, प्रमुख अतिथिले रिबन काटेर यस महत्त्वपूर्ण विस्तारको शुभारम्भ गरे। समारोहलाई सम्बोधन गर्दै पूर्वमन्त्री कृष्णकुमार श्रेष्ठले नयाँ सोरुमको उद्घाटनप्रति आफ्नो उत्साह व्यक्त गरे।

उनले भने, 'जीतपुरमा कजारियाको यस नयाँ सोरुमको उद्घाटन क्षेत्रीय विकासतर्फको एक महत्त्वपूर्ण कदम हो। यस रणनीतिक विस्तारले स्थानीय व्यापारिक अवसरहरू बढाउनुका साथै हाम्रा आर्किटेक्ट, निर्माण व्यवसायी र घरधनीलाई अब उत्कृष्ट गुणस्तरका विश्वस्तरीय टायलहरू आफ्नै सहरमा सहज रूपमा उपलब्ध गराउनेछ।'

बारा जिल्लाको जितपुरमा रहेको यो नयाँ सोरुमले प्रिमियम टायलको विस्तृत संग्रह प्रदान गर्दछ, जसले ग्राहकलाई सजिलो पहुँच र सुविधा सुनिश्चित गर्दछ। यसको विस्तारसँगै कजारिया उच्च गुणस्तर र डिजायनका नयाँ मापदण्डहरू सेट गर्ने आफ्नो मिसनलाई निरन्तर अघि बढाउँदै नेपालका निर्माण सामग्रीको क्षेत्रमा आफ्नो नेतृत्वलाई बलियो बनाउँदै छ।

## नेप्से परिसूचक ८.५७ अंकले घट्यो




काठमाडौं, जेठ ११ (रासस)- यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ८.५७ अंकले घटेको छ। ०.३१ प्रतिशतको गिरावटपछि नेप्से परिसूचक २६७९.९८ को बिन्दुमा कायम भएको हो।

आइतबार तीन सय १४ कम्पनीको एक करोड ८५ लाख पाँच हजार सात सय ७१ कित्ता सेयर ७० हजार ६ सय १० पटक खरिदबिक्री हुँदा सात अर्ब ६० करोड ९५ लाख ४२ हजार दुई सय १२ को कारोबार भएको छ। आज लघुवित्त समूह २.३२ र व्यापार समूह ०.१३ प्रतिशतले बढेको छ ने अरू सबै समूहको उपसूचक घटेको छ।

बैंकिङ ०.६६, विकास बैंक १.४६, वित्त ०.९९, होटल तथा पर्यटन १.७५ र जलविद्युत् ०.३६ प्रतिशतले घटेको छ। त्यस्तै लगानी समूह एक .शून्य तीन, जीवन बिमा ०.३३, उत्पादन तथा प्रशोधन ०.शून्य तीन, म्युचुअल फण्ड दुई .९६, निर्जीवन बिमा ०.१० र अन्य समूह ०.४५ प्रतिशतले घटेको छ।

आइतबारको कारोबारमा ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा बढी सिन्धु विकास बैंक लिमिटेडको सेयर मूल्य ८.२८ प्रतिशतले घटेको छ। कारोबार रकमका आधारमा आइतबार सबैभन्दा बढी राधी विद्युत् कम्पनी लिमिटेडको ७१ करोड ४९ लाख २८ हजार बराबरको कारोबार भएको छ। कारोबार भएका सेयर संख्याका आधारमा प्रभु सेलेक्ट फन्डको १४ लाख ९० हजार ६ सय ४९ कित्ता सेयर किनबेच भएको छ।

## सुदूरपश्चिम प्रदेशसभाको बर्खे अधिवेशन सुरु



नागरिक संवाददाता

*धनगढी, जेठ ११*

सुदूरपश्चिम प्रदेशसभाको छैटौं अधिवेशन (बर्खे अधिवेशन) प्रदेशसभा भवन धनगढीमा सुरु भएको छ। अधिवेशन अन्तर्गतको आइतबारको दोस्रो बैठकमा आर्थिक मामिलामन्त्री बहादुरसिंह थापाले प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेटसँग सम्बन्धित विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतालाई (कर प्रस्तावबाहेक) सभासमक्ष प्रस्तुत गरेका छन्। बैठकमा प्रदेशसभाको विधायन तथा प्रदेश मामिला समितिमा दफावार छलफल भई संशोधनसहित तयार पारिएको सुदूरपश्चिम स्थानीय सेवाको गठन, सञ्चालन तथा सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको प्रतिवेदन समितिका सभापति दिवानसिंह विष्टले पेस गरे।

यसअघि छैटौं अधिवेशनको पहिलो बैठकमा नेपाली कांग्रेसका विक्रमसिंह धामी, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का खगराज भट्ट, नेकपा (एमाले) का राजेन्द्रसिंह रावल, नेकपा (एकीकृत समाजवादी) पार्टीका नरेशकुमार शाही र नागरिक उन्मुक्ति पार्टीका घनश्याम चौधरीले अधिवेशनको सफलताका लागि शुभकामना दिएका थिए। उनीहरूले प्रदेशको विकास र समृद्धिका लागि सत्ता प्रतिपक्षी एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिए। बैठकको प्रारम्भमा सभामुख भीमबहादुर भण्डारीले अधिवेशन आह्वानसम्बन्धी प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त पत्रको बेहोरा वाचन गर्दै छैटौं अधिवेशन उपलब्धिमूलक होस् भनी शुभेच्छा व्यक्त गरे।

अनावश्यक नियुक्ति खारेज गर्नुपर्नेलगायतका माग राखेर प्रदेशसभाको अघिल्लो अधिवेशनअन्तर्गतका बैठक प्रतिपक्षी दलका सदस्यहरूले अवरुद्ध गर्दै आएका थिए। निरन्तरको अवरोधबीच उक्त अधिवेशन अन्त्य गरिएको थियो।

छैटौं अधिवेशन सुरु गर्नुअघि मुख्यमन्त्री कमलबहादुर शाहको अध्यक्षतामा बसेको सर्वदलीय बैठकमा प्रतिपक्षीले उठाउँदै आएका समसामयिक विषयलाई प्रस्तावका रूपमा सदनमा लैजान सर्वपक्षीय समिति गठन गर्ने दलहरूबीच सहमति भएपछि सदनको अवरोध खुलेको हो। प्रतिपक्षी दलले तत्कालीन उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री लक्ष्मणकिशोर चौधरीको विवादास्पद अडियो (श्रव्य सामग्री) प्रकरणबारे छानबिन हुनुपर्ने माग उठाउँदै आएका छन्। उक्त घटनापछि तत्कालीन मन्त्री चौधरीले गत वर्ष चैतमा पदबाट राजीनामा दिएका थिए।

## सिटिजन्स बैंक र लोमस डिजिटल प्रालिबीच समझदारी

काठमाडौं, जेठ ११ (नागरिक)- सिटिजन्स बैंक र काठमाडौंस्थित लोमस डिजिटलबीच सिटिजन्स बैंकका ग्राहकलाई विशेष छुट दिने समझदारी पत्रमा हस्ताक्षर भएको छ।

समझदारी पत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक, प्रिभिलेज कार्डबाहक र मोबाइल बैंकिङ ग्राहकलाई विरपुल प्रोडक्ट्स र किचन एड प्रोडक्ट्समा आकर्षक छुट पाउनेछन्। यस्तो सहकार्यले बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ।

बैंकले डिजिटल बैंकिङको प्रयोग बढाउन र ग्राहकलाई डिजिटल माध्यमबाट भुक्तानीका लागि प्रोत्साह गर्न समय समयमा ग्राहकमैत्री सुविधा सञ्चालनमा गर्दै आएको छ।


THE BANKER BANK OF THE YEAR 2024

Citizens Bank

BANK OF THE YEAR 2024

# उन्नभ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

चन्द्रागिरि नगरपालिका ७, काठमाडौं, नेपाल

फोन नं.: ०१४३१५३१०, इमेल: unnabh.np@gmail.com

## कर्जाको रकम चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

सूचना प्रकाशित मिति: २०८२/०१/१२

उपरोक्त सम्बन्धमा यस सहकारी संस्थाबाट तपसिल बमोजिमका ऋणि सदस्यहरुले विभिन्न मितिहरुमा कर्जा लिनु भई कर्जा लेनदेन तमसुखमा सम्झौता भए बमोजिम समयमा सावाँ, व्याज तथा हर्जाना रकम तिर्न बुझाउन संस्थाबाट पटक पटक मौखिक तथा लिखित तार ताकेता गर्दा समेत तिर्न बुझाउन नआउनु भई कर्जा लिदा गरेको शर्त कबुलियतको उलघंन गरेको र उक्त कर्जाको रकम तिर्न बुझाउन बेवास्ता गरि ऋण दायित्व फर्छयौट गर्ने तर्फ कुनै तदरुकता नदेखाएको हुनाले यो ३५ (पैतिस) दिने सार्वजनकि सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र बुझाउन बाँकी रहेको सम्पूर्ण सावाँ, व्याज तथा हर्जाना लगायतका रकम एकमुष्ट चुक्ता फर्छयौत गर्ने गराउनको लागि सम्बन्धित ऋणि, धितोवाला, जमानीकर्ता एव उल्लेखित ऋणसंग सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम संस्थालाई चुक्ता भुक्तान नभएमा ऋणि/धितोवालाले संस्थामा लेखिदिएको धितो र कथमकदाचित उक्त धितोबाट असुल उपर हुन नसकेमा वा आंशिक रकम असुल उपर भई कर्जाको रकम बाँकी रहन गएमा ऋणि तथा जमानत दिने व्यक्तिको आफ्नै वा एकासंगोल परिवारको नाँउमा नेपाल राज्यभर भएको अन्य चलअचल सम्पति समेतबाट सहकारी ऐन, नियामवली, संस्थाको विनियम, निति तथा प्रचलित कानुन बमोजिम लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरि संस्थाको लेना रकम असुल उपर गरिलिने तथा ऋणि र धितो/जमानीकर्तालाई कालो सूचीमा समावेश गर्ने प्रकृया अगाडि बढाउने व्यहोरा ऋणि, धितोवाला, जामानीकर्ता तथा सम्बद्ध सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपशिल

| ऋणिको तिन पुस्ते विवरण | फोटो | धितोवाला/जमानीकर्ताको तिन पुस्ते विवरण | फोटो |
|---|---|---|---|
| नाम : सिर्जना अधिकारी (स.नं. MR-०१-११०)<br>ठेगाना : चन्द्रागिरि ७, काठमाडौं<br>बुबाको नाम : ठाकुर प्रसाद अधिकारी<br>वाजेको नाम : लोकनाथ अधिकारी |  | नाम : नरेश श्रेष्ठ<br>ठेगाना : चन्द्रागिरि ७, काठमाडौ<br>बुबाको नाम : रामलाल श्रेष्ठ<br>बाजेको नाम : नन्दलाल श्रेष्ठ |  |
| नाम : प्रकाश खड्का क्षेत्री (स.न. MR-०१-६)<br>ठेगान : चन्द्रागिरि ७, काठमाडौं<br>बुवाको नाम : धन बहादुर खड्का<br>बाजेको नाम : फत्ते सिहं खड्का |  | नाम : भगवती खड्का क्षेत्री'<br>ठेगाना : चन्द्रागिरि ७, काठमाडौ<br>बुवाको नाम : राम भक्त खत्री<br>पतिको नाम : प्रकाश खड्का क्षेत्री |  |
| नाम : बुद्धी बहादुर मिजार (स.नं. MR-०१-१४८)<br>ठेगाना : चन्द्रागिरि ७, काठमाडौ<br>बुबाको नाम : नानी बहादुर मिजार<br>बाजेको नाम : शक्त बहादुर मिजार |  | नाम : सुस्मिता मिजार<br>ठेगाना : चन्द्रागिरि ७, काठमाडौ<br>बुबाको नाम : बुद्धी बहादुर मिजार<br>बाजेको नाम : नानी बहादुर मिजार |  |
| नाम : शंकर तामाङ्ग (स.नं. MR-०१-२३६)<br>ठेगाना : चन्द्रागिरि ७, काठमाडौ<br>बुवाको नाम : सानु कान्छा तामाङ्ग<br>बाजेको नाम : कृष्ण बाहदुर तामाङ्ग |  | नाम : सुस्मा तामाङ्ग<br>ठेगाना : चन्द्रागिरि ७, काठमाडौं<br>बुवाको नाम : बाबुराम लामा<br>पतिको नाम : शंकर तामाङ्ग |  |
| नाम : अनिल रम्तेल (स.न. MR-०१-२९३)<br>ठेगाना : चन्द्रागिरि ६, काठमाडौं<br>बुबाको नाम : रामचन्द्र रम्तेल<br>बाजेको नाम : भक्त मिजार |  | नाम : रमा दुधराज रम्तेल<br>ठेगाना : चन्द्रागिरि ७, काठमाडौं<br>बुबाको नाम : रामे सुनार<br>पतिको नाम : अनिल रम्तेल |  |
| नाम : ठाकुर प्रसाद अधिकारी (स.नं. MR-०१-२८३)<br>ठेगाना : चन्द्रागिरि ७, काठमाडौं<br>बुबाको नाम : लोकनाथ अधिकारी<br>बाजेको नाम : प्रमानन्द अधिकारी. |  | नाम : सरोज अधिकारी<br>ठेगाना : चन्द्रागिरि ७, काठमाडौं<br>बुबाको नाम : ठाकुर प्रसाद अधिकारी<br>बाजेको नाम : लोकनाथ अधिकारी |  |

# सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड को

## सूची दर्ता सम्बन्धि सूचना

प्रकाशित मिति: २०८२/०२/१२

यस कम्पनीको लागि आ.ब. २०८२/०८३ मा आवश्यक पर्ने तपसिलका वस्तु, सामान तथा सेवाहरु आपूर्ति तथा उपलब्ध गराउने प्रयोजनको लागि सामान तथा सेवा प्रदायकको सूची सूचीकृत गरिने भएको हुँदा सम्बन्धित विषयको कारोबार गर्न इजाजत प्राप्त रजिष्ट्रर्ड फर्म तथा कम्पनीहरुले निम्न लिखित कागजातहरु संलग्न गरी प्रवाह गर्ने सेवाको किसिम एवं दररेट खुलाई यहि मिति २०८२ जेष्ठ मसान्तभित्र यस कम्पनीको सुरक्षण भवन, नक्साल, काठमाण्डौं स्थित केन्द्रिय कार्यालयको प्रशासन शाखामा आवेदन गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**सूचीदर्ता गर्नुपर्ने वस्तु तथा सेवाहरुः**

१. स्टेशनरी (मसलन्द) सामान आपूर्ति।
२. छपाई एंव प्रिन्टिङ कार्य।
३. अफिस फर्निचर (मेटल फर्निचर आपूर्ति समेत)।
४. खानेपानी आपूर्ति सेवा।
५. कुरियर सेवा आन्तरिक र बाह्य।
६. कम्प्युटर, प्रिन्टर, ल्याप्टप, स्क्यानर, नेटवर्क स्विच, राउटर, फ्याक्स मेसिन, फोटोकपी मेसिन, यु.पि.एस्, ब्याट्रि आपूर्ति तथा सोको पार्टपुर्जा आपूर्ति तथा मेसिनरी मर्मत संम्भार।
७. AC, लिफ्ट, तथा जेनेरेटर आपूर्ति तथा मर्मत सम्भार सम्बन्धि कार्य।
८. हाजिरी मेशिन (Bio-Metric/ Face Reader)
९. विद्युतीकरण, विद्युतीय सामाग्री तथा उपकरणहरु आपूर्ति तथा मर्मत सम्भार सम्बन्धि कार्य।
१०. हवाई सेवा टिकट।
११. भवनको मर्मत तथा सम्भार कार्यहरु।
१२. आन्तरिक तथा बाह्य सजावटका कार्यहरु।
१३. Data base तथा Software सम्बन्धि कार्य।
१४. पुराना मोटरसाइकलहरु खरिद तथा बिक्री कार्य गर्ने।
१५. सर-सफाई सेवा
१६. व्यापार प्रबर्द्धन, विज्ञापन तथा विज्ञापन एजेन्सी सम्बन्धी सेवा।
१७. सुरक्षा गार्ड सम्बन्धी सेवा।
१८. होर्डिङ बोर्ड, ग्लो-साईनबोर्ड, पोस्टर, स्टिकर, डिजाइन तथा विज्ञापन प्रचार सामाग्री आपूर्ति र मर्मत सम्भार कार्य।
१९. प्रमोशनल गिफ्ट सामाग्री आपूर्ति।
२०. ट्याग तथा ट्याग मेसिन।
२१. Civil and Interior Consultancy सम्बन्धि कार्य।
२२. बीमा सेवा (सामुहिक दुर्घटना बीमा, सामुहिक स्वास्थ्य बीमा, मोटर बीमा, मार्गस्थ तथा नगद बीमा र स्थिर सम्पत्ति बीमा)।
२३. प्रिन्टर र फ्याक्सको इन्क कार्टेज, टोनर सप्लाई तथा रिफिलिङ्ग।
२४. बिज्ञापन, प्रचार तथा प्रशारण सेवा सम्बन्धि (पत्र पत्रिका, अनलाईन पत्रिका, टेलिभिजन, रेडियो)
२५. Fire Extinguisher आपूर्ति, रिफिलिङ्ग र मर्मत सम्भार कार्य।
२६. श्रमिक आपूर्तिकर्ता सम्बन्धि कार्य।
२७. प्लम्बिङ्ग सम्बन्धी कार्य।
२८. फूल बगैंचा रेखदेख गर्ने माली सम्बन्धी कार्य।
२९. CCTV सम्बन्धी कार्य।
३०. यूनिफर्म आपूर्ति र सिलाई सम्बन्धि कार्य।
३१. अन्य विविध सामान आपूर्ति तथा सेवाहरु।
३२. बीमा सम्बन्धि सर्भेयरको कार्य गर्ने।

**पेश गर्नुपर्ने कागजातहरुः**

१. फर्म वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपी।
२. VAT/PAN प्रमाणपत्रको प्रतिलिपी।
३. वार्षिक रुपमा कर चुक्ता गरेको प्रमाणपत्र वा कर विवरण दाखिला गरेको प्रमाणपत्रको प्रतिलिपी।
४. आधिकारिक डिलर एवं वितरक भएमा सो पुष्टि गर्ने प्रमाणपत्रको प्रतिलिपी।

**पुनश्चः**

- माथि उल्लेखित वस्तु तथा सेवा सम्बन्धि कार्य पुरा वा आंशिक गराउने वा नगराउने सम्पूर्ण अधिकार कम्पनीमा निहित रहनेछ।
- सुची दर्ताको लागि आवेदन पेश गर्नु हुने सम्पूर्ण फर्म तथा कम्पनीहरुलाई सुचीकृत गर्न कम्पनी बाध्य हुने छैन।
- आपूर्ति गर्नु पर्ने सामान तथा वस्तुहरुको सूची कम्पनीको प्रशासन विभागमा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ।
- यस सम्बन्धमा कुनै जानकारी आवश्यक भएमा कम्पनीको कार्यालय समय भित्र फोन नं ०१-४५१२३६७ मा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ।

सलिको SALICO
सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड
SAGARMATHA LUMBINI INSURANCE COMPANY LIMITED

**Sagarmatha Lumbini Insurance Co. Ltd.**
"SURAKSHAN" Bhawan, Bhagawati Marga
P.O.Box.12211, Naxal, Kathmandu, Nepal.
Phone: 01-4512367

# लक्ष्मी सन्‌राइज बैंक लिमिटेडमा धितो रहेको सम्पत्ति लिलाम बिक्रीको ७ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/०२/१२

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्नु भएको ऋण कर्जाको शर्त-सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने बक्यौता रकम (साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि) चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेताका अतिरिक्त विभिन्न मितिमा विभिन्न राष्ट्रिय दैनिकमा ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने तथा धितो लिलाम बिक्रीको १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगर्नु नगराउनु भएको हुँदा धितो लिलाम बिक्रीको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः कर्जाको सुरक्षण स्वरुप बैंकसमक्ष धितो रहेको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति/सवारी साधन/इक्यूपमेण्ट जहाँ जे जस्तो अवस्थामा रहे भएकोछ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति मध्ये कुन सम्पत्ति के, कति मूल्यमा खरिद गरिलिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाडौं स्थित कर्जा असुली विभाग/सम्बन्धित शाखा कार्यालयमा शिलबन्दी बोलपत्र दाखिल गर्नुहुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८२/०२/१९ गते (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) मा बैंकको सम्बन्धित शाखा कार्यालयमा दिनको ठीक ११:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणबश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै सो सम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणी, जमानतकर्ता तथा निजहरुको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत बक्यौता रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

**ऋणी तथा जमानतकर्ताको विवरण**

**शाखा कार्यालय : चैनपुर, बझाङ्ग**

ऋणीको नाम : प्रदेश सरकार सुदुरपश्चिम प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय चैनपुर, बझाङ्गमा दर्ता नं. २७१२/०७७/७८, मिति २०७७/०९/०१ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय धनगढी, पान नं. ६१४५८५३७७ भएको बझाङ्ग जिल्ला, जयपृथ्वी न.पा. वडा नं. १०, स्थित **अमिसा इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक सप्लायर्स**।

**प्रोप्राइटर तथा व्यक्तिगत जमानतकर्ता :** सवली सिंहको नाति, विर बहादुर सिंहको छोरा, बझाङ्ग जिल्ला, सुवेडा गा.वि.स. वडा नं. ७ भई हाल जयपृथ्वी न.पा. वडा नं. १० वस्ने **सुरेन्द्र बहादुर सिंह** (ना.प्र.नं. ३१३८६, जि.प.का. बझाङ्ग, जारी मिति २०६३/०५/०४)।

**व्यक्तिगत तथा धितो जमानतकर्ता : *** सुर्ज सिंहको नाति, सबली सिंहको छोरा, कैलाली जिल्ला, धनगढी न.पा. वडा नं. २ भई हाल धनगढी उ.म.न.पा. वडा नं. २ बस्ने **विर बहादुर सिंह** (ना.प्र.नं. २२ ९२, जि.प.का. बझाङ्ग, जारी मिति २०४६/०९/१७)।

**व्यक्तिगत जमानतकर्ताहरु : ***

**क.** बिर बहादुर सिंहको बुहारी, सुरेन्द्र बहादुर सिंहको पत्नी, कन्चनपुर जिल्ला, परासन गा.वि.स. वडा नं. १ भई हाल बझाङ्ग जिल्ला, जयपृथ्वी न.पा. वडा नं. १० बस्ने **विजया तामाङ** (ना.प्र.नं. १७०४९१, जि.प.का. कन्चनपुर, जारी मिति २०६२/०८/१३)।

**ख.** सवली सिंहको बुहारी, विर बहादुर सिंहको पत्नी, बझाङ्ग जिल्ला, सुवेडा गा.वि.स. वडा नं. ७ भई हाल जयपृथ्वी न.पा. वडा नं. १० बस्ने **पानमती देवी सिंह** (ना.प्र.नं. १६१७, जि.प.का. बझाङ्ग, जारी मिति २०४४/१२/०१)।

**ग.** सवली सिंहको नाति, बिर बहादुर सिंहको छोरा, बझाङ्ग जिल्ला, जयपृथ्वी गा.वि.स. वडा नं. ६ भई हाल जयपृथ्वी न.पा. वडा नं. १० बस्ने **जितेन्द्र बहादुर सिंह** (ना.प्र.नं. २८५२२, जि.प.का. बझाङ्ग, जारी मिति २०६२/०६/०५)

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

**१. धितो जमानतकर्ता विर बहादुर सिंह**को नाममा मालपोत कार्यालय बेलौरी, कन्चनपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेका कन्चनपुर जिल्ला, बाइसी विचवा गा.वि.स./न.पा. वडा नं. ५ स्थित कित्ता नं. १६७६ र ७१७ को क्षेत्रफल क्रमशः ४२३० र ५०४० व.मी. भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।

**शाखा कार्यालय : अमरसिंह, पोखरा, कास्की**

**ऋणीको नाम :** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग वणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, कास्कीमा दर्ता नं. १०३६५/०७२/७३ मिति २०७२/०६/१३ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय पोखरा पान नं. ३०१४५३८०२ भएको कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १४ स्थित **विराज इन्टरप्राजेज**।

**प्रोप्राइटर तथा धितो जमानतकर्ताको नाम :** कृष्ण प्रसाद श्रेष्ठको बुहारी, विष्णु प्रसाद श्रेष्ठको पत्नी, नवलपरासी जिल्ला, प्रगतीनगर न.पा./गा.पा. वडा नं. ३ भइ हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १४ बस्ने **रिमा श्रेष्ठ** (ना.प्र.नं. ३२२७६ कास्की, जि.प्र.का. नवलपरासी, जारी मिति २०५२/०२/०३)।

**व्यक्तिगत जमानतकर्ता : *** हिमाल प्रसाद श्रेष्ठको नाति, कृष्ण प्रसाद श्रेष्ठको छोरा, नवलपरासी जिल्ला प्रगतीनगर न.पा./गा.पा. वडा नं. ३ भइ हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १४ बस्ने **विष्णु प्रसाद श्रेष्ठ** (ना.प्र.नं. ७-२३५२, जि.प्र.का. नवलपरासी, जारी मिति २०४४/१२/०४)।

**लिलामी हुने सम्पत्तिको विवरण :**

**१. प्रोप्राइटर तथा धितो जमानतकर्ता रिमा श्रेष्ठ**को नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लगतमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला, भोटेपोखरी गा.वि.स./न.पा. वडा नं. ४ स्थित कित्ता नं. २०६६ को क्षेत्रफल ०-११-३-० रोपनी जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. बैंकको नाममा हाईपोथिकेशन अर्न्तगत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।

**ऋणी तथा जमानतकर्ताको विवरण**

**शाखा कार्यालय : भैरहवा, रूपन्देही**

**१. ऋणीको नाम :** तेग बहादुर मल्लको नाति, छत्रपति मल्लको छोरा, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा./गा.पा. वडा नं. ३ बस्ने **अजित मल्ल** (ना.प्र.नं. ३७२/२६११, जि.प्र.का. रुपन्देही, जारी मिति २०५१/१०/१२)।

**व्यक्तिगत जमानतकर्ताहरु : ***

**क.** छत्रपति मल्लको बुहारी, अजित मल्लको पत्नी, काठमाडौ जिल्ला, काठमाडौं म.न.पा. वडा नं. ९ भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा./गा.पा. वडा नं. ३ बस्ने **प्रतिस्ठा चालिसे** (ना.प्र.नं. २०५५/८०१०, जि.प्र.का. काठमाडौं, जारी मिति २०५८/०३/११)।

**ख.** तेग बहादुर मल्लको बुहारी, छत्रपति मल्लको पत्नी, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा./गा.पा. वडा नं. ३ बस्ने **कोमल मल्ल** (ना.प्र.नं. ३११३७, जि.प्र.का. रुपन्देही, जारी मिति २०३५/१२/१९)।

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण : ऋणी तथा धितो जमानतकर्ता अजित मल्ल**को नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला, भैरहवा न.पा./गा.पा. वडा नं. १, नक्सा सिट नं. १ ख स्थित कित्ता नं. ५३२ र ५३४ को क्षेत्रफल क्रमशः ०-०-१०$^{१/४}$ र ०-३-९$^{३/४}$ (वि.क.धु.) तथा रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा./गा.पा. वडा नं. ३, नक्सा सिट नं. १०४०२७७१० स्थित कित्ता नं. २१९ को क्षेत्रफल १६२.७५ ब.मि. भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**२. ऋणीको नाम :** साझेदारी ऐन, २०२० बमोजिम वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय भैरहवामा दर्ता नं. ४२८/०७२, मिति २०७२/१०/०८ मा रजिष्टर्ड दर्ता भएको आन्तरिक राजश्व कार्यालय भैरहवा, पान नं. ६०३८५०६०४ भएको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६ स्थित **आर.के. सप्लायर्स**।

**साझेदार तथा व्यक्तिगत जमानतकर्ताहरुः**

**क.** रामसमुझ यादवको नाति, चन्द्र वली यादवको छोरा, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ३ बस्ने **रुपेन्द्र यादव** (ना.प्र.नं. ३७१०२३/३९८७३, जि.प्र.का. रुपन्देही, जारी मिति २०६६/०७/२०)।

**ख.** चन्द्रीका यादवको बुहारी, प्रदीप कुमार यादवको पत्नी, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ८ बस्ने **ममता यादव** (ना.प्र.नं. १९८५, जि.प्र.का. रुपन्देही, जारी मिति २०५१/०४/२४)।

**व्यक्तिगत तथा धितो जमानतकर्ता : *** रामसमुझ यादवको नाति, चन्द्रीका यादवको छोरा, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ३ बस्ने **प्रदीप कुमार यादव** (ना.प्र.नं. १/७११, जि.प्र.का. रुपन्देही, जारी मिति २०४४/११/३०)।

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण : धितो जमानतकर्ता प्रदिप कुमार यादव**को नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा./ गा.पा. वडा नं. ३ स्थित कि.नं. ४३ को क्षेत्रफल २२६७.५८ (व.मि.) भएको घर/जग्गा र सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

*** तेश्रोपक्ष जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो।**

**नोट :** ऋणी बाहेकका व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्तालाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो।

**पुनश्च :** बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, हात्तिसार, काठमाडौं स्थित कर्जा असुली विभाग/सम्बन्धित शाखा कार्यालयबाट प्राप्त गर्न सकिनेछ। साथै बोलपत्र फारममा उल्लेखित शर्तबन्देजहरु समेत यसै सूचनाको अभिन्न अंङ्गको रुपमा रहनेछ।

**अन्य जानकारीको लागि यस बैंकको प्रधान कार्यालय हात्तिसार स्थित कर्जा असूली विभाग वा सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राख्न सकिने छ।**

लक्ष्मी सन्‌राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

# जितसँगै टुंगियो चेन्नईको आइपिएल यात्रा

अहमदाबाद, जेठ ११ (एएफपी)- ओपनर डेभन कनवे र डेवाल्ड ब्रेभिसको अर्धशतक प्रेरणामा पुछारको टोली चेन्नई सुपर किङ्सले आइतबार गुजरात टाइटन्समाथि ८३ रनको फराकिलो जित निकाल्दै यस सिजनको इन्डियन प्रिमियर लिग (आइपिएल) को यात्रा टुङ्ग्याएको छ।

> विश्वकै सबैभन्दा ठूलो क्रिकेट स्टेडियममा पहिले ब्याटिङ गर्दै चेन्नईले पाँच विकेटको क्षतिमा २३० रनको विशाल योगफल खडा गरेको थियो। बलिङमा पनि राम्रो साथ पाएपछि चेन्नईले गुजरातलाई १८.३ ओभरमा १४७ रनको योगफलमा नै अलआउट गऱ्यो।



न्युजिल्यान्डका कनवेले ५२ र दक्षिण अफ्रिकाका ब्रेभिसले २३ बलमा ५७ रन प्रहार गरेको खेलमा चेन्नईले प्लेअफमा पुगिसकेको गुजरातमाथि रबाफिलो जितसहित यस सिजनको यात्रा टुङ्ग्याएको हो। विश्वकै सबैभन्दा ठूलो क्रिकेट स्टेडियममा पहिले ब्याटिङ गर्दै चेन्नईले पाँच विकेटको क्षतिमा २३० रनको विशाल योगफल खडा गरेको थियो। बलिङमा पनि राम्रो साथ पाएपछि चेन्नईले गुजरातलाई १८.३ ओभरमा १४७ रनको योगफलमा नै अलआउट गऱ्यो। यससँगै कुल १४ खेलबाट चार जित निकाल्दै चेन्नई यस सिजनको सुखद अन्त्य गर्न सफल भयो। चेन्नईको खराब प्रदर्शनपछि भेट्रान क्रिकेटर महेन्द्रसिंह धोनीको आगामी करियरबारे पनि ठूलो बहस भइरहेको छ।

नियमित कप्तान ऋतुराज गाइकवाड चोटका कारण बाहिरिएपछि धोनीले टोलीको नेतृत्व गरेका थिए। तर, ४३ वर्षे धोनीले चेन्नईलाई सुखद नतिजा भने दिलाउन सकेनन्। भारतीय क्रिकेट टोलीका पूर्वकप्तान धोनी आगामी जुलाईमा नै ४४ वर्षका हुँदै छन्। जसले यस सिजन व्यक्तिगत प्रदर्शन पनि राम्रो गर्न सकेनन्। उनले कुल १९६ रन बटुले। तर, स्टम्पपछाडि भने उनको भूमिका उत्कृष्ट रह्यो। केही खेलमा धोनीले स्टम्पमा रहेर निर्णायक प्रदर्शन पनि गरे। 'शरीरलाई सधैं फिट राख्नुपर्छ,' धोनीले भने, 'सधैं आफ्नो उत्कृष्ट प्रदर्शन पनि गर्नुपर्छ। यदि क्रिकेटरले राम्रो प्रदर्शन गर्न सकेनन् भने २२ वर्षकै उमेरमा पनि रिटायर्ड हुनुपर्छ। अब राँची जान्छु, बाइक राइड्सबाट आनन्द लिनेछु।'

उनले अब क्रिकेटमा फर्कने या नफर्कनेबारे भने केही प्रतिक्रिया दिएनन्। 'अहिले नै सबै सकियो भन्दिनँ। अब फर्कन्छु पनि भन्न सक्दिनँ। मसँग अझै सुखद समय बाँकी छन्,' धोनीले भनेका छन्। यस सिजन गुजरात, पन्जाब किङ्स, रोयल बैंङ्लोर र मुम्बई इन्डियन्स शीर्ष चार स्थानमा छन्। यी टोली शीर्ष दुईभित्र रहेर आगामी जुन ३ मा हुने उपाधि भिडन्त तय गर्ने प्रतिस्पर्धामा छन्। गुजरातले १८ अंकसहित लिगको यात्रा पूरा गऱ्यो। पन्जाब र बैङ्लोरले समान १७ अंक तथा पाँच पटकको विजेता मुम्बईको भने १६ अंक छ। तर, मुम्बईले एक खेल खेल्न पनि बाँकी छ। भारतीय टेस्ट क्रिकेट टोलीको कप्तानमा चयन भएको भोलिपल्ट नै गुजरातको नेतृत्वमा मैदान उत्रिएका शुभमन गिलले भने सफलता दिलाउन सकेनन्। गिल सबैको नजरमा रहे पनि उनको व्यक्तिगत प्रदर्शन सुखद भएन। उनी ९ बलमा १३ रन जोडेर आउट हुन पुगे। त्यसपछि लगातार विकेट पतन भएपछि लक्ष्य पछ्याउने क्रममा गुजरात खेलमा पकड जमाउन असफल भयो।

कप्तान गिलले यो हार स्वीकार गर्न कठिनाइ भएको प्रतिक्रियासमेत दिए। इङ्ल्यान्डका हार्ड हिटर जस बटलर १३ र वेस्ट इन्डिजका शेरफान रुथरफोर्ड शून्यमा नै आउट भए। यसपछि गुजरात ३९-३ को अवस्थामा पुग्यो। त्यसपछि समालिने प्रयास गऱ्यो। तर, सफलता पाउन भने सकेन।

# सुरेशलाई एसियन कुस्तीमा कांस्य



काठमाडौं, जेठ ११ (नागरिक)- नेपालका सुरेश चुनाराले युडब्लुडब्लु एसियन बेल्ट कुस्ती एलिस च्याम्पियनसिपमा कांस्य पदक जितेका छन्।

भारतको नयाँ दिल्लीमा भएको च्याम्पियनसिपमा सिनियर ८० केजीमाथि सुरेशले कांस्य पदक जितेका हुन्। तालकटोरा इन्डोर स्टेडियममा सम्पन्न पुरुष ८० केजी फ्रिस्टाइलको सेमिफाइनलमा सुरेश भारतीय खेलाडीसँग पराजित भएका हुन्। यस तौलसमूहमा किर्गिस्तानका एइबोलोत अमानोभले स्वर्ण जिते। उनले फाइनलमा भारतका कुभेनी पुरोलाई हराएका हुन्। यस च्याम्पियनसिपमा नेपालबाट सुरेशसहित तीन पुरुष खेलाडीले चुनौती प्रस्तुत गरेका थिए। तीमध्ये सुरेश मात्र पदक जित्न सफल भए। अन्य दुई खेलाडी सुजित यादव र रामकिशोर यादव भने पदकविहीन रहे।

पछिल्लो समय सुस्ताएको कुस्तीलाई उकास्ने सबालमा यो सफलताले राष्ट्रिय टोलीका अन्य खेलाडीमा समेत उत्साह थपिएको नेपाल कुस्ती संघका अध्यक्ष प्रकाशकुमार कुसारीले बताए। उनले यो नेपाली कुस्तीको इतिहासमा ऐतिहासिक उपलब्धिसमेत भएको बताए। यस प्रदर्शनले नेपाली कुस्तीलाई धेरै प्रेरणा मिलेको टोलीका प्रशिक्षक मुमताज अली इद्रिसीले बताए। तीनै खेलाडी राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले सञ्चालन गरेको मिसन-२०२६ अन्तर्गत राष्ट्रिय टोली तयारीको विशेष प्रशिक्षणमा रहेका खेलाडी हुन्।

# बक्सिङ टोलीलाई स्वागत

काठमाडौं, जेठ ११ (नागरिक)- नेपाल बक्सिङ महासंघले एएसबिसी युथ तथा यु-२२ बक्सिङ प्रतियोगितामा पदक जित्न सफल खेलाडीसहितको बक्सिङ टोलीलाई आइतबार स्वागत गरेको छ।

बक्सिङ महासंघका अध्यक्ष राम अवाले, वरिष्ठ उपाध्यक्ष अर्जुनबहादुर केसी, महासचिव मानबहादुर भण्डारीलगायतले टोलीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरेका हुन्।

श्रीलंकाको कोलम्बोमा मे १२ देखि २४ तारिखसम्म भएको प्रतियोगितामा नेपालले ४ कांस्य पदक जितेको थियो। पुरुष ५१ केजीमा अर्पिल राना र ६० केजीमा सिंहवीर लिम्बू तथा महिला ८० केजीमाथि त्रिशा जबेगु र ६० केजीमा नारिका राईले कांस्य जितेको महासचिव भण्डारीले जानकारी दिए।

# भ्याली पब्लिक सेमिफाइनलमा

काठमाडौं, जेठ ११ (नागरिक)- भ्याली पब्लिक आइतबार नवौं स्किब्स कप अन्तरविद्यालय थ्री बाई थ्री बास्केटबल प्रतियोगिताको सिनियर गर्ल्सतर्फ सेमिफाइनलमा प्रवेश गरेको छ।

वसुन्धरास्थित आयोजक स्किब्सको कोर्टमा भ्याली पब्लिकले इडेन ब्रिज एकेडेमी (इबीए) लाई १५-१० ले पराजित गरेको हो। बाँकी ३ क्वार्टरफाइनल हुन बाँकी छ। त्यसमा नवीन ज्योतिले चेल्सी वर्ल्ड स्कुल, त्रिज्योतिले हिमरश्मि र निम्सले ज्ञान निकेतनविरुद्ध खेल्नेछन्। जुनियर ब्वाइजमा स्किब्सले नवीनज्योतिलाई ९-८ को साँघुरो अन्तरले हराउँदै क्वार्टरफाइनलमा स्थान पक्का गऱ्यो।

अन्य प्रिक्वार्टरफाइनल ओडिसी इन्टरनेसनल एकेडेमी र युनिक नेपाल, एन्जल्स हार्ट र पिपुल्स एकेडेमी, नेपाल पुलिस स्कुल र पारामाउन्ट एकेडेमी, ज्ञान निकेतन र वसुन्धरा नेसनल एकेडेमी (बिएनए), सेब र गेट्वे एकेडेमी, हिमरश्मि र गोल्डेनपिक तथा लालीगुराँस नेसनल एकेडेमी र अपी स्कुलबीच हुनेछ। सिनियर ब्वाइजको प्रिक्वार्टरफाइनलमा टिआइए र स्काइलार्क, न्युटन र बिएनए, प्राञ्जली र विल्सन एकेडेमी, हिमरश्मि र पृथ्वी, ग्रिनल्यान्ड र सेब, स्किब्स र नेपाल पुलिस, ज्ञान निकेतन र अपी तथा एन्जल्स हार्ट र रिलायन्स भिड्नेछन्। प्रतियोगिता सोमबार सम्पन्न हुनेछ।

# राष्ट्रपति रनिङ सिल्ड जेठ अन्तिममा

काठमाडौं, जेठ ११ (नागरिक)- राष्ट्रपति रनिङ सिल्ड खेलकुदको १५औं संस्करण जेठको अन्तिम साता काठमाडौंमा हुने भएको छ।

राष्ट्रिय टोली निर्माणका लागि मेरुदण्ड मानिएको राष्ट्रपति रनिङ सिल्ड खेलकुद आगामी जेठको २८ देखि ३० गतेसम्म काठमाडौंमा हुन लागेको हो। राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कार्यकारी समितिको निर्णयअनुसार ६ खेल विधाको प्रतिस्पर्धा हुने केन्द्रीय राष्ट्रपति रनिङ सिल्ड खेलकुदको आयोजाका लागि तयारी सुरु भएको छ।

राष्ट्रपति रनिङ सिल्डको उद्घाटन राष्ट्रपतिबाट हुने भएकाले निमन्त्रणका लागि युवा तथा खेलकुद मन्त्रालयलाई अनुरोध गर्न व्यवस्थापन समितिको बैठकले निर्णय गरेको छ। समितिको आइतबार बसेको बैठकले प्रतियोगिता उद्घाटन र सञ्चालन सम्बन्धमा सम्बन्धित खेल संघ र मुख्य प्रशिक्षकहरूलाई जिम्मेवारी दिइएको छ।

रनिङ सिल्डमा एथलेटिक्स, भलिबल, कबड्डी, कराते, तेक्वान्दो र उसुका प्रतियोगिता हुनेछन्। खेल प्रतिभाको खोजीको मुख्य आधार रहेको राष्ट्रपति रनिङ सिल्डलाई भव्य रूपमा आयोजना गर्न परिषद्का सदस्यसचिव टंकलाल घिसिङले व्यवस्थापन समितिलाई निर्देशन दिए।



पालिका, जिल्ला हुँदै प्रदेशको टिमबाट खेलाडीहरू केन्द्र तहको राष्ट्रपति रनिङ सिल्डमा सहभागी हुने व्यवस्थापन समितिका सचिव मीनकुमार शर्माले जानकारी दिए। प्रत्येक प्रदेशबाट ४९ छात्रा/४९ छात्र गरी ९८ समेत सात प्रदेशबाट छ सय ८६ जना खेलाडी र १७ जना अफिसियल सहभागी हुनेछन्। सातवटै प्रदेशबाट सहभागिता रहने अपेक्षा गरिएको सचिव शर्माले जानकारी दिए। एथलेटिक्स र उसु दशरथ रंगशाला, कराते र तेक्वान्दो सातदोबाटो र कबड्डी लैनचौरस्थित राष्ट्रिय टेबल टेनिस प्रशिक्षण केन्द्रमा सञ्चालन हुनेछन्।






# भारतका रोहित र करणलाई स्वर्ण

काठमाडौं, जेठ ११ (नागरिक)- भारतका रोहित मुडगिल र करण पवारले दशौं धनबहादुर स्मृति अन्तर्राष्ट्रिय कराते च्याम्पियनसिपमा कातातर्फ स्वर्ण पदक जितेका छन्।

सातदोबाटोस्थित कराते प्रशिक्षण केन्द्रमा भएको च्याम्पियनसिपमा भारतका खेलाडीद्वय रोहितले जुनियरतर्फ पुरुष एकल कातामा र करणले सिनियर एकल कातामा स्वर्ण पदक जितेका हुन्। रोहितले फाइनलमा नेपालका सिजन लामालाई हराए। यस विधामा नेपालकै सौरभ बुढामगर तेस्रो भए। करणले पनि फाइनलमा नेपालकै भूमीन्द्र श्रेष्ठलाई हराए। यस विधामा नेपालकै उत्तम रोकामगर तेस्रो भए। कुमुतेतर्फ पुरुष २० केजी तौलसमूहमा आयोजकका आदर्श भूलले फाइनलमा नेपालकै स्वर्णिम विष्टलाई हराउँदै स्वर्ण पदक जिते। यसै तौलमा दीपसन कठायत तेस्रो भए। पुरुष २५ केजीमाथि सुजल विष्टले स्वर्ण जिते। उनले फाइनलमा नेपालकै उज्वल बुढाथोकीलाई हराए। यस तौलमा भारतका शिभान्स सिंह तेस्रो भए। उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले उद्घाटन गरेका थिए।


सार्वजनिक सेवा प्रसारण नेपाल
नेपाल टेलिभिजन
सिंहदरवार

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति २०८२/०२/१२)

सार्वजनिक सेवा प्रसारण संस्था नेपाल टेलिभिजनको सिंहदरवार स्थित केन्द्रीय कार्यालय भवनहरु तथा भवन परिसरको सरसफाईको लागि आवश्यक जनशक्ति संस्थासंग सेवा करारगरी खरिद गर्ने सम्बन्धमा मिति २०८१/१२/२१ गतेको गोरखापत्र दैनिकमा प्रकाशित सूचना बमोजिम बोलपत्र पेश गर्ने सम्पूर्ण बोलपत्रदाताहरुको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनको लागि यो बोलपत्र स्वीकृतिको आशयको सूचना प्रकाशन गरिएको छ।

| बोलपत्र नं. | स्वीकृत बोलपत्रदाताको नाम ,ठेगाना | बार्षिक कबोल रकम रु |
|---|---|---|
| NTV 081/82-02 | सगरमाथा मल्टी सर्भिस प्रा.लि., काठमाण्डौं | ३२,२६,८२४।९३ |

धरान उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धरान, सुनसरी, कोशी प्रदेश, नेपाल

## आर्थिक प्रस्ताव खोलिने बारे सूचना

प्रकाशित मितिः २०८२।०२।१२ गते

यस कार्यालयद्वारा मिति २०८१।१२।१८ गते प्रथम पटक प्रकाशित तपसिल बमोजिमको ठेक्काका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना बमोजिम तोकिएको अवधिभित्र दर्ता हुन आएका प्राविधिक प्रस्ताव खोली मूल्याङ्कन समितिद्वारा मूल्याङ्कन पश्चात तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावलीको नियम ३१ङ(५) अनुसार आर्थिक प्रस्ताव यही मिति २०८२।०२।१९ गते सोमवार दिनको ११:०० बजे यस कार्यालयमा खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको ट।

तपसिल

| S.N. | Contract ID | Description of Work | Responsive Bidders |
|---|---|---|---|
| 1. | 19/DHARAN/ WORKS/ NCB/081/82 | Bishnupaduka marga Asphalt concrete road construction work, Dharan-20 | a) Amar-Tara JV, Bhojpur<br>b) Dil/Kamala Shanti JV, Bhojpur<br>c) Lingthep and Co Construction, Dharan-16<br>d) Pratik-D.S. JV, Dharan-6<br>e) Sagarmatha-Dipadil-Bijen (SC/DC/BNSPL) JV, Bharoul-5<br>f) Aarsha-Aarshrika JV, Biratnagar-4<br>g) Arisha/Siddhakali JV, Itahari-5 |

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

## धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति: २०८२/०२/१२

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय कोल्हवी, बाराबाट तपसिलमा उल्लेखित तपाई ऋणीले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले मिति वि.सं. २०८१/०१/३१ मा आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्ता गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सुचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, कोल्हवी, बारामा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

### तपसिल

**१. कर्जा शिर्षक : सिटिजन्स अधिविकर्ष कर्जा र माग कर्जा**

**ऋणीको नाम र ठेगाना**

**ऋणीको नाम : गुरुकृपा सप्लायर्स**
रजिष्टर्ड ठेगाना : बारागढी गा.पा.- ५, बारा
रजिष्ट्रेसन नं. : १०३३२/०७७/०७८ (नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, घरेलु तथा साना उद्योग कार्यालय, कलैया, बारा)
पान नं. : ६१४९७२४१२

| फर्मको प्रोप्राईटरको नाम र ठेगाना | जमानीकर्ताहरुको नाम र ठेगाना |
|---|---|
| **नाम : सुजित कुमार रौनीयार**<br>बाबु : श्याम सुन्दर साह रौनीयार<br>बाजे : गोपाल साह रौनीयार<br>ठेगाना : मसिहानी गा.वि.स. वडा नं. ४, पर्सा<br>हाल : जगरनाथपुर न.पा. वडा नं. ५, पर्सा<br>ना.प्र.नं. : ३४-०१-७३-१०३२९<br>जारी मिति : वि.स. २०७३/०९/२८<br>जि.प्र.का. : पर्सा | **१. नाम : आनन्द कुमार रौनीयार**<br>बाबु : श्याम सुन्दर साह रौनीयार<br>बाजे : गोपाल साह रौनीयार<br>ठेगाना : मसिहानी गा.वि.स. वडा नं. ४, पर्सा<br>हाल : जगरनाथपुर न.पा. वडा नं. ५, पर्सा<br>ना.प्र.नं. : ३४१०५२/५४४<br>जारी मिति : वि.स. २०६८/११/१६<br>जि.प्र.का. : पर्सा |
| **२. नाम : अजय कुमारी देवी**<br>बाबु : प्रेम लाल साह<br>ससुरा : गोपाल साह रौनीयार<br>पति : श्याम सुन्दर साह रौनीयार<br>ठेगाना : मसिहानी गा.वि.स. वडा नं. ४, पर्सा<br>हाल : जगरनाथपुर न.पा. वडा नं. ५, पर्सा<br>ना.प्र.नं. : ६१०९२०१५<br>जारी मिति : वि.स. २०५१/०५/१५<br>जि.प्र.का. : पर्सा | **३. नाम : सुमन कुमारी साह**<br>बाबु : लक्ष्मी साह<br>ससुरा : श्याम सुन्दर साह रौनीयार<br>पति : आनन्द कुमार रौनीयार<br>ठेगाना : जगरनाथपुर न.पा. वडा नं. ५, पर्सा<br>हाल : जगरनाथपुर न.पा. वडा नं. ५, पर्सा<br>ना.प्र.नं. : ०५-०१-६९-०३५२०<br>जारी मिति : वि.स. २०६९/०३/३१<br>जि.प्र.का. : पर्सा |

**धितो राखिएको सम्पत्ति विवरण**

**धितो सुरक्षण धनीको नाम : अजय कुमारी देवी**

| सि.नं | जिल्ला | न.पा./गा.वि.स. | वडा नं./ नक्सा सिट | कि.नं. | क्षेत्रफल (वि.क.धु) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | बारा | उमजन | ३ | ७४९ | ०-०-१८ | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत। |
| २. | | | २ | १३८ | ०-८-५ | |
| ३. | | | ३ | ३३१ | ०-४-१५ | |

माथि उल्लेखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत कम्पनीले उठाउन बाँकी सम्पूर्ण रकम कलम (Entire Receivables) सहित।

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैकले भुक्तानी माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ।
४. लिलाम बिक्री भएको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुन: लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ को दफा ५७ को उपदफा ७ का अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको अचल सम्पत्ति दा.खा रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालय वा शाखा कार्यालय कोल्हवी, बारामा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

**लिलाम खोलिने मिति :- २०८२/०२/२७, मंगलबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय, कोल्हवी, बारा।**

Citizens Bank

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८

THE BANKER
BANK OF THE YEAR 2024
NEPAL


नेपाल रिपब्लिक मिडियाद्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ५३६५१००, फ्याक्स : ५३५२२६२, इमेल : nagarik@nagariknews.com, अध्यक्ष : विनोदराज ज्ञवाली, सञ्चालक : शोभा ज्ञवाली, प्रधान सम्पादक : गुणराज लुइँटेल